कात्तिक – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


वर्ष ३२, अङ्क १३ | २०८० कात्तिक १-१५ | पूर्णाङ्क ७५१





प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरिशंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री रोदिप सुनाम
शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री पुष्पा पराजुली

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सिनियर कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री सुमन राजथला
बुकबाइन्डर श्री मदन तिमिल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | २६ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ४ | २२ |
| **जम्मा** | **५८** |

| | |
|---|---|
| इजलास नं. ६ | ८ |
| **जम्मा** | **८** |

**कूल जम्मा ५८ + ८ = ६६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, कात्तिक – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ४** |
| १. | भ्रष्टाचार (झुट्टा एवं नक्कली हवाई टिकटहरू पेस गरी भुक्तानी लिएको) | ईश्वरी तिवारी वि. नेपाल सरकार | १ |
| २. | उत्प्रेषण / परमादेशसमेत | डा. रवि प्रकाश शर्मासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं, सुमनबाबु मरहट्टासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | १ |
| ३. | उत्प्रेषण | अवधविहारी साह सोनारसमेत वि. नेपाल बैंक लि. काठमाडौं | २ |
| ४. | चोरी | खगेन्द्रकुमार राना क्षेत्री वि. नेपाल सरकार | ३ |
| **इजलास नं.१** | | | **४ - २६** |
| ५. | उत्प्रेषणयुक्त परमादेश | राम अशिष यादव वि. राष्ट्रिय किताबखाना (निजामती), ललितपुरसमेत | ४ |
| ६. | अंश चलन | सकुन्तलादेवी शर्मासमेत वि. सुमित्रादेवी पौडेलसमेत | ५ |
| ७. | उत्प्रेषण परमादेश | संजिव राय वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ६ |
| ८. | उत्प्रेषण | गोविन्दकुमार मल्लिक वि. उच्च अदालत जनकपुरसमेत | ७ |
| ९. | परमादेश | तिर्थराज भट्टराई वि. जितेन्द्र साह | ८ |
| १०. | उत्प्रेषणसमेत | जयराम लामिछाने वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | ८ |
| ११. | जग्गा खिचोला मेटाई चलन चलाइपाउँ | ममता के.सी. (आचार्य) वि. धनमाया तामाङसमेत | ९ |
| १२. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम ५० घोराही S वि. रूपन्देही जिल्ला अदालत, भैरहवासमेत | १० |
| १३. | निषेधाज्ञायुक्त परमादेश | काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर हाल काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं वि. श्रीकृष्ण मानन्धरसमेत | १० |

| | | | |
|---|---|---|---|
| १४. | उत्प्रेषणसमेत | डा. राजकुमार सुवेदी वि. उच्च अदालत पाटनसमेत | ११ |
| १५. | कर्तव्य ज्यान | बिमल खत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. सूर्यबहादुर खत्रीसमेत | १२ |
| १६. | बन्दी प्रत्यक्षीकरण | रामकुमार हरिजन वि. कपिलवस्तु जिल्ला अदालत, तौलिहवासमेत | १३ |
| १७. | उत्प्रेषणयुक्त परमादेश | अकली भर वि. चन्दन यादवसमेत | १४ |
| १८. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम **NN** वि. जिल्ला प्रहरी कार्यालय, सुर्खेतसमेत | १४ |
| १९. | राजीनामा दर्ता बदर अपुताली हक कायम | मीनादेवी यादव वि. मुनिराम अहिरसमेत | १५ |
| २०. | गैंडालाई गोली हानी मारी खाग बिक्री व्यवसाय गरेको | मुकुन्द बिडारी वि. नेपाल सरकार | १६ |
| २१. | ठगी र विद्युतीय कारोबार | दिपकप्रसाद शर्मा वि. नेपाल सरकार, प्रकाश राना थारू वि. नेपाल सरकार | १७ |
| २२. | मानव बेचबिखन तथा ओसारपसार | रमेश दर्जी वि. नेपाल सरकार | १८ |
| २३. | उत्प्रेषण / परमादेशसमेत | कमला पोडे वि. सदस्य सचिव, डा.खेमबहादुर कार्की, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, काठमाडौंसमेत | १९ |

| | | | |
|---|---|---|---|
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवजंग शाही | २० |
| २५. | बन्दी प्रत्यक्षीकरण | समिर थेवे वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत | २१ |
| २६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. बेचु मियाँसमेत | २२ |
| २७. | उत्प्रेषणसमेत | उज्वलबहादुर थापा वि. निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय, काठमाडौंसमेत | २२ |
| २८. | परमादेश | रमेश पौड्यालसमेत वि. माननीय सानुकुमार श्रेष्ठ, सभामुख प्रदेश सभा ३, मकवानपुरसमेत | २३ |
| २९. | उत्प्रेषण | अविनाश मिश्र वि. उच्च अदालत जनकपुरसमेत | २४ |
| ३०. | हक कायम नामसारी दर्तासमेत | पूर्णमुनी शाक्य वि. रविमान शाक्यसमेत | २५ |
| **इजलास नं. २** | | | २६ – ३२ |
| ३१. | उत्प्रेषण | इन्द्र बहादुर तिमिल्सिनासमेत वि. अम्बिका तिमिल्सिना भन्ने खिनमाया तिमिल्सिनासमेत | २६ |
| ३२. | उत्प्रेषणसमेत | हिरालाल भुसाल वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | २७ |
| ३३. | उत्प्रेषणसमेत | राजकुमार नापित वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | २८ |

| | | | |
|---|---|---|---|
| ३४. | उत्प्रेषणसमेत | नारायण गिरी वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | २९ |
| ३५. | अंश चलन | पुष्परतत्न धाख्वा शाक्य वि. रोमरत्न शाक्य (धाख्वा), रोमरत्न शाक्य (धाख्वा) वि. यज्ञरत्न धाख्वासमेत | २९ |
| ३६. | उत्प्रेषणसमेत | सानोकाजी पछाई वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ३१ |
| **इजलास नं. ४** | | | ३८ – ५३ |
| ३७. | उत्प्रेषण | अर्जुनबहादुर थापा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत | ३२ |
| ३८. | उत्प्रेषणसमेत | बुद्धिराज तामाङ वि. सडक बोर्ड नेपाल, अरिनिको भवन, काठमाडौंसमेत | ३३ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | प्रतिक्षा सुवेदी वि. पर्सा जिल्ला अदालतसमेत | ३३ |
| ४०. | उत्प्रेषण | उत्तम कुमार गुप्तासमेत वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास, बाँकेसमेत | ३४ |
| ४१. | अंश चलन | सुरज मानन्धरसमेत वि. झोछे बस्ने साहुभाई भन्ने यज्ञबहादुर मानन्धरसमेत | ३५ |
| ४२. | उत्प्रेषणसमेत | अरूण कुमार झा वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, नेपालसमेत | ३६ |
| ४३. | उत्प्रेषणसमेत | मिनादेवी अहिरसमेत वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास बाँके | ३७ |
| ४४. | उत्प्रेषण परमादेशसमेत | छत्रपति प्याकुरेलसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री परिषद्को कार्यालय, काठमाडौंसमेत | ३८ |
| ४५. | लेनदेन | सुर्यनाथ बनरैत वि. वनारसी बनरैत | ३९ |
| ४६. | उत्प्रेषणयुक्त परमादेश | मुन्ना एण्ड आचार्य कन्ट्रक्सन कम्पनी प्रा.लि. वि. दुग्ध विकास बोर्डको कार्यालय, ललितपुरसमेत | ३९ |
| ४७. | उत्प्रेषणयुक्त परमादेश | लेखनाथ खनाल वि. रूद्रनाथ खनालसमेत | ४१ |
| ४८. | उत्प्रेषणसमेत | विशाल भारती वि. नेपाल सरकार, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय, बढुवा समितिको सचिवालय, नक्साल, काठमाडौंसमेत | ४२ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | रमेशप्रसाद तिमल्सिना वि. उच्च अदालत पाटनसमेत | ४३ |

| | | | |
|---|---|---|---|
| ५०. | उत्प्रेषण | लुम्बिनी सामुदायिक टेलिभिजन, रूपन्देही वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंसमेत | ४३ |
| ५१. | बैंकिङ कसुर | नेपाल सरकार वि. कन्हैयाकुमार सोनार | ४४ |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुषण भन्ने सुनिल कुमार मण्डल, नेपाल सरकार वि. राजुप्रसाद महतो खुलवट, राजुप्रसाद महतो खुलवट वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रमोद महतो खुलवट भन्ने प्रमोदप्रसाद चौहान, नेपाल सरकार वि. बनारसी महतो खुलवटसमेत | ४५ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | कविता लुइँटेल वि. जिल्ला प्रहरी कार्यालय, बर्दिया, गुलरीयासमेत | ४८ |
| ५४. | उत्प्रेषण | रमेश शाक्य वि. त्रि.वि. कार्यकारी परिषद्, कीर्तिपुर, काठमाडौंसमेत | ४९ |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. खोडस गिरी | ४९ |
| ५६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामजी विश्वकर्मा | ५० |
| ५७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. महजिद मियाँ हजाम | ५१ |
| ५८. | उत्प्रेषणसमेत | अनिषकुमार यादव वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत | ५२ |
| **इजलास नं.६** | | | **५३ – ४०** |
| ५९. | बहुविवाह | रामप्रसाद न्यौपाने वि. नेपाल सरकार | ५३ |
| ६०. | अंशदर्ता | इनरदेव मण्डलसमेत वि. रामदेव मण्डलसमेत | ५४ |
| ६१. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. चण्डेश्वर गैह्रे | ५५ |
| ६२. | करारको दायित्व पूरा गर्न लगाइपाऊँ | घनश्याम थापा वि. कपिलमणि चौरेल, कपिलमणि चौरेल वि. नेपाल सरकार | ५६ |
| ६३. | बन्दी प्रत्यक्षीकरण | चेतना कार्की वि. क्षेत्रीय कारागार कार्यालय झुम्का, सुनसरीसमेत | ५६ |
| ६४. | उत्प्रेषण / परमादेशसमेत | मंगल रोक्का वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत | ५७ |
| ६५. | उत्प्रेषण / परमादेशसमेत | सुरेन्द्रकुमार महतो वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत | ५८ |
| ६६. | कर्तव्य ज्यान | बलराम राना वि. नेपाल सरकार | ५९ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७३-CR-०१७८, भ्रष्टाचार (झुट्टा एवं नक्कली हवाई टिकटहरू पेस गरी भुक्तानी लिएको), ईश्वरी तिवारी वि. नेपाल सरकार*

भ्रष्टाचार जस्ता गम्भीर मुद्दामा अधिकारप्राप्त अधिकारीले अनुसन्धानको क्रममा निजउपर परेको उजुरीहरू प्रतिवादीलाई देखाइ तपाइँ विरूद्ध यस्ता यस्ता उजुरीहरू छन् त्यस्ता उजुरीहरूको सम्बन्धमा तपाइँको धारणा के छ भनी सोधनी गर्नु अनुसन्धान अधिकारीको न्यूनतम कर्तव्य हो । उजुरीको क्रममा उल्लेख नभएका अन्य कार्यहरू अनुसन्धानको क्रममा पाइएमा ततिम्बा बयान गरी त्यस्ता उजुरीको सम्बन्धमा पुनः प्रश्न गर्ने र त्यसको जवाफ लिने प्रक्रिया न्युनतम समझको विषय हुने ।

प्रतिवादीलाई सुनुवाइको मौका नदिइएको र बेरूजु रकम असुलउपर भइसकेको देखिँदा पुनरावेदक प्रतिवादी ईश्वरी तिवारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१)(ङ) को कसुर गरेको भनी मान्न मिलेन । तसर्थ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम प्रतिवादीलाई ३ महिना कैद र रू.१,९०,९०५।– (एक लाख नब्बे हजार नौ सय पाँच रूपैयाँ) जरिवाना गरी विशेष अदालतबाट मिति २०७३।२।६ मा भएको फैसला उल्टी भई पुनरावेदक प्रतिवादी इश्वरी तिवारीले आरोपपत्रबाट सफाइ पाउने ।

इजलास अधिकृत : चिन्तामणी शर्मा / डिल्लीराम प्रसाई (शा.अ.)

इति संवत् २०७९ साल जेष्ठ २४ गते रोज ३ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७८-**WO**-००५६, ०७८-**WO**-०४१७, उत्प्रेषण / परमादेशसमेत, डा. रवि प्रकाश शर्मासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं, सुमनबाबु मरहट्टासमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत*

निजामती कर्मचारी अस्पताल विकास समिति गठन (आदेश), २०६४ बमोजिम स्थापित सङ्गठित संस्थाको रूपमा रहे भएको र सो विकास समितिले जारी गरेको तत्काल प्रचलित निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवाका सर्त र सुविधा) विनियमावली, २०७० कानून व्यवस्थासम्बन्धी ऐन, २०१० को दफा २ को खण्ड (ड) बमोजिम कानून भएको एवम् सो विनियमावलीको व्यवस्थाहरू परिपालना गर्नु गराउनु निजामती कर्मचारी अस्पतालको काम कर्तव्य अधिकार देखिन्छ । सो विनियमावलीले बन्दोबस्त गरेका सेवा सर्त सुविधाको उपभोग गर्न पाउने वैधानिक अधिकार निवेदकहरूमा रहेको देखिन्छ । साथै सर्वोच्च अदालतबाट माथि उल्लिखित कर्मचारीहरूको सेवा विधिशास्त्र सम्बद्ध विभिन्न व्याख्याहरूबाट पनि पूर्ववत कानूनले प्रदान गरेका सुविधा एम् अवसरहरू पछिल्ला कानूनले निषेध र निस्क्रिय गर्न नसक्ने अवस्थाको देखिन आउँछ । यस्तो स्थितिमा प्रचलित कानूनी व्यवस्थाबमोजिम योग्यता पूरा भएका करारमा नियुक्त निवेदकहरूले तत्काल प्रचलित कानूनी रोह रितबाट खाली रहेका स्थायी पदमा प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट स्थायी नियुक्त हुन सक्ने नै देखिन आउँछ । निवेदकहरूले रिट निवेदनमा विपक्षीहरूको यो यस मितिको यो यस निर्णय भनी यकिन उल्लेख गरी बदर गर्न उत्प्रेषणको माग गरेको नदेखिने ।

तसर्थ तत्काल प्रचलित निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवाका सर्त र सुविधा) विनियमावली, २०७० बमोजिम लोक सेवा आयोगको परामर्श लिनुपर्ने भएमा सोसमेत लिई चार वर्ष सेवा अवधि पुगेका चिकित्सक एवम् कर्मचारीहरूमध्ये प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट स्थायी दरबन्दीका पदमा स्थायी नियुक्ति गर्नु गराउनु भनी

विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल जेष्ठ ३१ गते रोज ३ शुभम् ।

**३**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७५-**WO-**०३४३, उत्प्रेषण, अवधविहारी साह सोनारसमेत वि. नेपाल बैंक लि. काठमाडौं, ०७७-**WO-**०२९१, उत्प्रेषण, अवधविहारी साह सोनारसमेत वि. नेपाल बैंक लि. काठमाडौं*

बैंकले सकार गरी लिएको सम्पत्ति फिर्ता गर्न ऋणी, सुरक्षणधनी तथा निजहरूले नै खोजेका जग्गा खरिद गर्न तेस्रो व्यक्तिहरूसमेत मिली संयुक्त रूपमा निवेदन गरेकोमा पटक पटकको छलफलपश्चात् मिति २०७३/०८/२४ गते बसेको ने.बैं.लि. सञ्चालक समितिको बैठकले निर्णय भएको मितिले ३ महिना भित्र रू. ८ करोड ५० लाख जम्मा गरेमा चरणबद्ध रूपमा सम्पत्ति फिर्ता तथा फुकुवा गर्ने निर्णय गरेको र सो अनुसार ऋणी, साबिकका सुरक्षण धनी तथा जग्गा खरिद गर्नेका बिचमा भएको आन्तरिक सहमतिबमोजिम बैंकमा रकम जम्मा गरेकोमा ४४ कित्ता जग्गाहरू फुकुवा फिर्तासमेत गरिसकेको भन्ने रिट निवेदन र विपक्षी बैंकको लिखित जवाफसमेतबाट देखिन्छ । ऋणीको श्रीमती सीता सर्राफले मिति २०७३।१२।१३ सम्म २,१२,००,०००।– (दुई करोड बाह्र लाख रूपैयाँ) जम्मा गरिसकेकोमा बाँकी रकम बुझाउन समय लाग्ने भई एक महिनाको समय माग गरी बुझाउन बाँकी रकमको हकमा बैंकको नियमानुसार लाग्ने ब्याज तिर्न मन्जुर रहेको भन्ने देखिन्छ । तर पनि प्रतिवद्धताबमोजिमको रकम निवेदकले दिए तिरेको भन्ने नदेखिने ।

बैंकले आफूले प्रवाह गरेको ऋण असुलउपर गर्ने सन्दर्भमा धितो लिलामसम्बन्धी प्रचलित कानूनको परिधिभित्र रही धितो लिलाम बिक्री गर्न सक्ने नै हुन्छ । ऋण कर्जा उपभोग गर्ने फर्म कम्पनीहरूले निर्धारित समयभित्र साँवा ब्याजलगायत नतिरेको कारणबाट विपक्षी बैंकले लिलामलगायतको कारबाही आरम्भ गरी मिति २०६२।११।९ मा धितो सुरक्षणमा रहेको जग्गाहरू गैरबैङ्किङ सम्पत्तिको रूपमा सकार गरिएको भन्ने रिट निवेदनमा नै उल्लेख भएको देखिँदा उक्त विवादित कि.नं का जग्गाहरू बैंकको नाममा गइसकेको भन्ने देखिन्छ । यसरी बैंकको नाममा गइसकेको जग्गाहरूमा रिट निवेदकको प्रत्यक्ष अधिकारसमेत रहने हुँदैन । यति हुँदाहुँदै पनि धितो सुरक्षणमा रही लिलाम भएका जग्गाहरू बैंकले सकार गरी लिइसकेको अवस्थामा बिपक्षीमध्येका रमेश कुमार सर्राफले उल्लिखित सम्पत्तिको सम्बन्धमा विभिन्न मितिमा निर्णयबमोजिमको बाँकी सम्पत्तिको रकम र निर्णयपश्चातको ब्याजसमेत बुझाउने गरी बैंकमा निवेदन पेस गरेको देखिन्छ । बैंकसँग रकम र सोको ब्याजसमेत तिर्न बुझाउन निवेदन गर्ने, बैंकसँग रकम तिर्नका लागि समय माग गरिरहने र रकम फरफारक नगरे भने नगर्ने गरी बैंकले सकार गरेको उक्त जग्गा लामो समयदेखि गैर बैंकिङ सम्पत्तिका रूपमा रहेको देखिन्छ । बैंकमा जम्मा हुने निक्षेप स्वभावतः सर्वसाधारणको निक्षेप भएकोले कुनै लिमिटेड बैंकको ह्रासोन्मुखता समग्र लाखौं निक्षेपकर्ताको हकहितसँग अन्तरसम्बन्धित रहन्छ । प्रस्तुत मुद्दामा निवेदकलाई निजकै निवेदन एवम् प्रतिबद्धताबमोजिम बैंक ऋण तिर्न बुझाउन विपक्षी बैंकले अवसर प्रदान गर्दा पनि निवेदकले नै प्रतिबद्धताबमोजिम ऋण फरफारक नगरेको कारणले गर्दा बैंकले लिलामी सूचना निकालेको देखिन आउँछ । यसरी २०५३ सालमा ऋण लिएको र २०६३ सालमा नै निवेदकले राखेको जग्गाहरू गैरबैङ्किङ्ग भई ऋण असुली न्यायाधिकरणले फैसलासमेत गरिसकेको अवस्थामा निवेदकलाई प्रचुर मात्रामा अवसर प्रदान गर्दा गर्दै पनि निवेदककै कारणले गर्दा ऋण भुक्तानी हुन सकेको स्थिति देखिने ।

तसर्थ, निवेदकहरूका स्व.पिता सिंहासन प्रसाद सोनारको नाममा रहेका वीरगन्ज महानगरपालिका वडा नं. १९, कि.नं. ५७ र वीरगन्ज महानगरपालिका छपकैयाअन्तर्गत कि.नं. १३ का

जग्गाहरूसमेत समावेश गरी विपक्षी बैंकले लिलामको सूचना प्रकाशन गरेको हुँदा प्रत्यर्थीबाट भएको टिप्पणी आदेश, निर्णय पत्र, पत्राचारलगायतका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने निवेदकहरूको मागअनुसारको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नम्रता गैरे

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७९ साल वैशाख १९ गते रोज २ शुभम् ।

**४**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-**CR**-१२१५, चोरी, खगेन्द्रकुमार राना क्षेत्री वि. नेपाल सरकार*

कुनै विशेष प्रकृतिको मुद्दाको कारबाही र किनारा गर्न विशिष्टीकृत अदालत स्थापना गर्न सकिने कुरामा द्विविधा छैन । हाम्रो संविधानको धारा १२८ ले पनि यस प्रकारको विशिष्टिकृत अदालत वा न्यायिक निकायको स्थापनाको सम्भावनालाई अस्वीकार गरेको देखिँदैन । सोहीअनुरूप सैनिक ऐन, २०६३ को दफा ११९ मा उल्लेख भएबमोजिमको विषयका मुद्दाको कारबाही र किनारा गर्ने प्रयोजनका लागि सोही दफा ११९(१) बमोजिम सैनिक विशेष अदालत गठन हुने व्यवस्था भएको पनि देखिन्छ । तर कुनै विषयमा मुद्दाको कारबाही र किनारा गर्ने क्षेत्राधिकार विशिष्टीकृत अदालत वा सामान्य अदालतमध्ये कुन अदालतलाई रहेको छ भन्ने प्रश्न उठेमा वा सोसम्बन्धी कानूनी व्यवस्थामा द्विविधा उत्पन्न भएमा भने त्यस्तो क्षेत्राधिकार सामान्य अदालतलाई रहेको मानी व्याख्या गरिने मान्यता विकसित भएको पाइन्छ । किनभने सामान्य अदालतहरू सामान्यतया सबै मुद्दाको कारबाही र किनारा गर्ने प्रयोजनका लागि स्थापना भएको मानिन्छ र सामान्य अदालतहरू हुँदा हुँदै पनि कुनै विशिष्टीकृत अदालत स्थापना गरिनु भनेको त्यस्तो विशिष्टीकृत अदालत कुनै खास विशेष प्रयोजनका लागि स्थापना भएको मानिन्छ । जब विशिष्टीकृत अदालत कुनै खास विशेष प्रयोजनका लागि मात्र स्थापना भएको मानिन्छ भने त्यस्तो अदालत स्थापनाको प्रयोजन देखिने क्षेत्राधिकारका सम्बन्धमा पनि कानूनले नै स्पष्ट व्यवस्था गरेको देखिनु पर्छ । क्षेत्राधिकारसम्बन्धी कानून स्पष्ट नभएको द्विविधाको स्थिति छ भने सामान्य अदालतको क्षेत्राधिकारको पक्षमा अनुमान गरिने मान्यता रहेको छ । यस अदालतबाट यसअघिका मुद्दामा फैसला गर्दा पनि यही मान्यतालाई आत्मसात गरिएको छ (ने.का.प. २०७५ नि.नं.१०११५; ने.का.प. २०७७ नि. नं. १०६०४) । यो सैद्धान्तिक मान्यताका हिसाबले मात्र होइन, यस सम्बन्धमा भएका कानूनी व्यवस्थाहरूको अध्ययन गर्दा पनि यही मान्यता अनुरूपको व्यवस्था भएको देखिन्छ । जस्तो मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४८(२) लाई हेर्ने हो भने कुनै मुद्दा अदालत र अर्धन्यायिक निकायको अधिकारक्षेत्रअन्तर्गत पर्ने रहेछ भने त्यस्तो मुद्दाको कारबाही र किनारा अदालतबाट गर्नुपर्ने व्यवस्था भएको पाइन्छ । न्याय प्रशासन ऐन, २०७३ को दफा ७(१) मा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो जिल्लाभित्रको जुनसुकै प्रकृतिको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुने व्यवस्था भएको पाइन्छ । सैनिक ऐन, २०६३ कै दफा ६९ मा पनि यस ऐनअन्तर्गतका कसुरहरूका सम्बन्धमा सैनिक अदालत वा अन्य अदालतमध्ये कुन अदालतमा मुद्दा चलाउने भन्ने विषयमा विवाद उत्पन्न भएमा अन्य अदालतमा मुद्दा चलाउनुपर्ने छ भन्ने उल्लेख भएको देखिन्छ । यसैले दफा ६६ मा भएको व्यवस्थालाई द्विविधाजनक मान्दाको अवस्थामा पनि प्रस्तुत चोरी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार क्षेत्र सैनिक अदालतलाई नरही सामान्य अदालतलाई नै रहेको मान्नुपर्ने देखिन आउँछ । यो सैद्धान्तिक मान्यता र कानूनी व्यवस्थाको रोहमा विचार गर्दा प्रस्तुत मुद्दा सैनिक विशेष अदालतको क्षेत्राधिकारभित्र पर्ने देखिने ।

प्रस्तुत मुद्दाको कारबाही र किनारा गर्ने अधिकार क्षेत्र सैनिक विशेष अदालतलाई

रहेको नदेखिँदा प्रतिवादीले प्रस्तुत अभियोग माग दाबीबमोजिमको कसुर गरेको ठहराएको सैनिक विशेष अदालतको मिति २०७३।८।२३ को फैसला उल्टी भई अभियोग पत्र खारेज हुने।

इजलास अधिकृतः नम्रता गैरे

कम्प्युटर : विकेश गुरागाई

इति संवत २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

**इजलास नं. १**

**५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७७-**WO**-०५८२, उत्प्रेषणयुक्त परमादेश, राम अशिष यादव वि. राष्ट्रिय किताबखाना (निजामती), ललितपुरसमेत*

कानूनबमोजिम निवेदकको नागरिकताको जन्ममितिको आधारमा निजको अनिवार्य अवकाश मिति २०७५।१२।२७ कायम भएकोले निज निवेदकले मिति २०७५।१२।२७ गतेदेखि मिति २०७७।०७।२३ गतेसम्म लिएखाएको तलब भत्तालगायतका सुविधाहरूबापतको रकम सरकारी कोषमा दाखिला गर्नुपर्ने भन्ने राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन ललितपुरको मिति २०७७।०९।१४ को निर्णयले निवेदकले वैधानिक रूपमा आफ्नो पदमा बहाल रही सेवा सर्तसम्बन्धी कानूनबमोजिम काम गरेबापत प्राप्त गरेको तलब भत्तालगायतको सुविधालाई निवेदकको उक्त अवधिको पद वहाली गैरकानूनी रहेको भनी दाबी लिन र सो पदबहाली बदर गराउन सकेको नदेखिएकोले निवेदकलाई प्रतिकूल असर पुऱ्याउन सक्ने गरी राष्ट्रिय किताबखानाले निर्णय गर्न मिल्ने देखिँदैन। निवेदकको अनिवार्य अवकाशको मिति २०७५।१२।२७ भन्ने देखिएको सन्दर्भमा सोही मितिको आधारमा निजामती किताबखानाको कार्यसञ्चालन दिग्दर्शन, २०७२ को दफा ४ को खण्ड (ट) को (१) बमोजिम निवेदकको अनिवार्य अवकाशको सूचना तथा जानकारी वेबसाइटमा राख्नुपर्ने, सरोकारवाला निकाय/कार्यालय तथा अनिवार्य अवकाश हुने कर्मचारीलाई पठाउनुपर्नेमा सोको दुई वर्षपछाडि मिति २०७७।०३।१२ मा च.नं.९४४५ बाट जानकारी सूचना पठाएको देखिएकोले राष्ट्रिय किताबखाना (निजामती) को मिति २०७७।०९।१४ को निर्णयमा निवेदकलाई समयमै जानकारी दिई सुनुवाइको मौका दिएको भन्ने नदेखिने।

विपक्षी निजामती किताबखानाले निवेदकले पेस गरेको सिटरोल र सम्बद्ध प्रमाणहरूको विश्लेषण गरी निजको उमेरको आधारमा निजामती सेवा ऐन र नियमावलीअनुरूप निवृत्त हुने अवधि किटान गरी अवधि पुग्नुभन्दा अगावै जानकारी गराउनुपर्नेमा समयमा निवेदकलाई सेवा निवृत्त हुने जानकारी नदिई निजामती सेवा नियमावली, २०५० को नियम १२९क को उपनियम (४) र (५) मा भएको कानूनी व्यवस्था पालना हुनुपर्छ भन्नु विपक्षी निजामती किताबखानाको लागि शोभनीय कार्य होइन। त्यसैले विपक्षी निजामती किताबखानाको कमजोरी वा भुलको परिणाम निवेदकले बेहोर्नुपर्छ भन्न कानून र न्यायको मान्य सिद्धान्तको विपरीत हुने" भन्ने सिद्धान्त स्थापित भएको देखिएकोले प्रस्तुत रिट निवेदनमा निवेदकले अधिक अवधि कार्य गरी लिएखाएको तलब भत्तालागायतका सुविधाबापतको रकम सरकारी कोषमा दाखिला गरेपछि मात्र निवेदकको निवृत्तिभरण अधिकारपत्र (पेन्सनपट्टा) जारी हुने गरी भएको राष्ट्रिय किताबखाना (निजामती)को मिति २०७७।०९।१४ को निर्णय सो हदसम्म प्रचलित कानून, प्रतिपादित सिद्धान्त तथा सुनुवाइको मौका दिनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त विपरीत देखिएकोले कायम रहन नसकी बदर गर्नुपर्ने अवस्था देखिने।

निवेदक राम अशिष यादवले मिति २०७५।१२।२७गतेदेखिहाल(मिति२०७७।०७।२३) सम्म पदमा बहाल रही काम गरेबापत उपभोग गरेको तलब, भत्ता, बिमा थप, चाडपर्व खर्च, पोसाक भत्ता, कर्मचारी सञ्चयकोष थप, महङ्गी भत्ता, स्थानीय विशेष भत्ता लगायतका सुविधाहरूसमेतको हुन आउने

जम्मा रकम निवेदकबाट नगदै सरकारी कोषमा बैंक दाखिला गराउने हदसम्म उक्त किताबखानाको मिति २०७७।०९।१४ को निर्णय प्रचलित सेवासर्तसम्बन्धी कानून, प्रतिपादित सिद्धान्त तथा सुनुवाइको मौका दिनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त विपरीत रहेको देखिएकोले सो हदसम्म उक्त निर्णय र सोआधारमा भएको पत्राचारलगायतका कामकारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।निवेदकले उक्त अधिक अवधिको काम गरेबापतको निजले प्राप्त गरिसकेको कानूनबमोजिमको तलब, भत्तालगायतका सम्पूर्ण आर्थिक सुविधाहरू निवेदकबाट सरकारी कोषमा बैंक दाखिला गराइरहन परेन। निज निवेदकको निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

इति संवत् २०७८ पौष २० गते रोज ३ शुभम्।

## ६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७६-CI-००५९, अंश चलन, सकुन्तलादेवी शर्मासमेत वि. सुमित्रादेवी पौडेलसमेत*

पुनरावेदिका सकुन्तलादेवी शर्माले आफ्नो नाममा नक्सा पास गरी घर निर्माण सम्पन्न भएको अवस्थामा बन्डा लाग्ने ठहऱ्याएको फैसला मिलेको छैन भनी जिकिर लिएतर्फ विचार गर्दा सगोलको सम्पत्तिमा नक्सा पास गरी घर बनाउँदा अन्य अंशियार पनि उपस्थित भई सबैको अंशियारको नाम समावेश गरी नक्सा पास गरी भवन निर्माण सम्पन्न प्रतिवेदन लिनुपर्छ भन्ने जिकिर कानूनसङ्गत देखिँदैन । सगोलमा रहँदाको सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म जुन अंशियारको नाममा भए पनि सगोलकै हुन्छ । यस सम्बन्धमा पुनरावेदक (वादी) सन्तमाया महर्जनसमेत विरूद्ध प्रत्यर्थी (प्रतिवादी) रामचन्द्र महर्जनसमेत भएको अंश चलन मुद्दामा यस अदालतको पूर्ण इजलासबाट "कसैको नाममा जग्गा रहनु वा त्यस्तो जग्गामा नक्सा पास गरी घर बनाउने क्रियाले अंशबन्डा भइसकेको वा सो घरजग्गा जसको नाममा छ, निजको एकलौटी हकभोगको वा निजको स्वआर्जनको भन्ने तथ्यलाई पुष्टि नगर्ने, घर व्यवहार सञ्चालनमा अवलम्बन गरिएका प्रक्रिया, सोसम्बन्धी सहमति वा समझदारीका कुराले अंश हकलाई प्रभावित पार्ने वा कसैलाई अंशहकबाट बञ्चित तुल्याउने वा अंशहकलाई सङ्कुचन गर्ने भन्ने नहुने, सगोलमा रहँदा राजीनामा लिखतबाट एउटा अंशियारको नाउँमा हासिल गरिएको जग्गामा पटक पटक गरी निर्माण गरिएको घरसमेतलाई दर्तावाला अंशियारको निजी आर्जनको भनी त्यसबाट अर्को अंशियारले अंश नपाउने गर्नु कानूनी र न्यायोचित नहुने" भनी ने.का.प.२०६७, अङ्क १, नि.नं.८२९३मा व्याख्या भएको पाइन्छ। सर्वोच्च अदालतबाट प्रतिपादित उक्त कानूनी सिद्धान्त समेतका आधारमा कि.नं. २८६ को जग्गा र सो जग्गामा पुनरावेदक सकुन्तलादेवी शर्माले आफ्नो नाममा नक्सा पास गरी घर निर्माण सम्पन्न गरेको र निर्माण सम्पन्न प्रमाण लिएकै आधारमा सो घर जग्गासमेत निजी आर्जनको भन्न मिल्ने अवस्था नदेखिने।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।१।२० मा भएको फैसला केही उल्टी भई लेखनाथ शर्मा पौडेल, तुलसीनाथ पौडेल र श्यामकृष्ण पौडेलसमेत तीन जनाको नाउँमा संयुक्त दर्तामा रहेका पर्वत जिल्ला, साबिक कटुवा चौपारी गा.वि.स. वडा नं.९ का कि.नं.१४४, १४८, १५६, १६१, १६२, १६४, १७२, १८१, १८७, २४०, २५०, ४०० र ४०९ समेतका १३ कित्ता जग्गाबाट चार भागको दुई भाग बन्डा लगाउने गरी गरेको फैसला नमिलेकोले सो हदसम्म उल्टी भई तीन भागको एकभाग लेखनाथ पौडेलको भागबाट चार भागको दुई भाग अंश वादीहरूले पाउने ठहर्छ र सोबाहेक सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै हुँदा प्रतिवादीको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन भनी उच्च अदालत पाटनबाट मिति २०७६।२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । काठमाडौं महानगरपालिका वडा नं.४ कि.नं.२८६ को

जग्गा र सोमा बनेको घर तथा सेन्चुरी कमर्सियल बैंक लिमिटेडको १३ कित्ता, कृषि विकास बैंक लिमिटेडको ५५ कित्ता, एन.आई.सी. एसिया बैंक लिमिटेडको ४८१ कित्ता र नेपाल बंगलादेश बैंक लिमिटेडको ४८० कित्ता सेयर निजी ठहऱ्याईपाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत (उपसचिव): राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ आषाढ १२ गते रोज १ शुभम्।

**७**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७७-**WO**-०३७६, उत्प्रेषण परमादेश, संजिव राय वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

वृत्ति विकास भन्ने कुरा सेवारत राष्ट्र सेवकको अधिकार पनि हो । कानूनबमोजिम बाहेक अन्य अवस्थामा यदि वृत्ति विकासमा रोक लगाइन्छ अथवा वृत्ति विकासबाट कसैलाई गैरकानूनी तवरले वञ्चित गरिन्छ भने त्यस अवस्थामा गैरकानूनी तवरले आफूलाई मर्का पर्ने गरी गरिएको निर्णयउपर प्रभावित राष्ट्रसेवकले उपचारको सहारा लिन सक्ने।

पदपूर्तिकै सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १३(१) मा "कुनै राजपत्राङ्कित पद नयाँ सिर्जना भएमा वा कुनै तरिकाबाट रिक्त भएमा सात दिनभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले त्यस्तो पदसँग सम्बन्धित विवरण सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने छ । त्यस्तो जानकारी प्राप्त भएपछि सामान्य प्रशासन मन्त्रालयले निजामती किताबखाना र आफूसँग रहेको अभिलेखसँग भिडाई प्रत्येक दुई महिनामा आवश्यक विवरणसहित लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरी पठाउनुपर्ने छ ।" यसैगरी सोही नियमको उपनियम (४) मा "ऐनको दफा ७क. को उपदफा (३) बमोजिम आर्थिक वर्षभित्र रिक्त हुने पद माग गर्दा पद रिक्त हुने आधार र कारण स्पष्टरूपमा उल्लेख गरी पठाउनुपर्ने छ । गलत विवरण राखी पदपूर्तिको लागि माग गर्ने अधिकारीलाई विभागीय सजाय गरिने छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखियो।

सेवा सञ्चालन गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले मिति २०७७।५।११ मा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जम्मा रिक्त पद-२ को लागि स्पष्टरूपमा पुष्ट्याइँसहित नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१२।२७ को निर्णयानुसार यस मन्त्रालयमा सिर्जना भएको ५ वटा दरबन्दीमध्ये पदपूर्ति हुन बाँकी २ वटा भनी माग आकृति फाराम भरी पठाएको देखिन्छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको लिखित जवाफमा दरबन्दी संख्या ६ र दरबन्दी तेरिजमा ५ वटा मात्र दरबन्दी रहेको देखिएको भनी मिति २०७७।५।१० को सचिव स्तरीय निर्णय अनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा दरबन्दी तेरिज संशोधनका लागि पत्राचार भएकोसमेत देखियो। सेवा सञ्चालन गर्ने मन्त्रालय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले पद रिक्त हुने पुष्ट्याइँका आधारसहित माग आकृति फाराम समयमै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रिक्त रहेका पदको पदपूर्तिको लागि लेखी पठाएको र यस अदालतको मिति २०७७।९।२९ को आदेशबमोजिम सोधिएको माग आकृति फाराममा दुई (२) पद रिक्त रहेको भनी पठाएको सामान्य प्रशासन मन्त्रालय बढुवा समितिको लिखित जवाफमा एक (१) पद यसभन्दा अगाडिको आ.व.को बाँकी रही पदपूर्ति हुने क्रममा रहेको भनिएको सो पदबाहेकको दुई (२) हो वा सोसहित दुई (२) पद हो भनी स्पष्ट गर्न लेखिपठाएकोमा सोको स्पष्ट जवाफ दिन सकेको पाइएन। माग आकृति फाराम २०७७।५।११ मा भरेको देखिएकोले उक्त माग आकृति फारामबमोजिमकै तथ्याङ्कलाई यथार्थ र मनासिब मान्नुपर्ने भयो।

तसर्थ, एक (१) पद छुट हुन गएको देखिँदा नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल समूह, जनरल इलेक्ट्रिकल उपसमूह, रा.प. द्वितीय श्रेणीको दुई (२) पद पदपूर्तिका लागि सूचना गर्नुपर्नेमा सो उपसमूहको

एक (१) पद मात्र पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने गरी लोक सेवा आयोगबाट मिति २०७७।६।२८ मा प्रकाशन गरेको सूचना नं. ५३।०७७-७८ अन्तर्गत नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल समूह, जनरल इलेक्ट्रिकल उपसमूहको रा.प. द्वितीय श्रेणीको पदको पदपूर्तिका लागि प्रकाशित बढुवा सूचना नं. वि.नं.०२१।०७७-७८ अन्तर्गत नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल समूह, जनरल इलेक्ट्रिकल उपसमूह, रा.प. द्वितीय श्रेणीको पदको पदपूर्तिका लागि प्रकाशित उल्लिखित बढुवा सूचना नम्बर र विज्ञापन नम्बरमा छुट भएको एक (१) पद समावेश गरी माग्नुपर्ने देखिँदा उक्त विज्ञापन नं. तथा सूचना उत्प्रेषणको आदेशद्वारा बदर हुने । अब सेवा सञ्चालन गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले माग गरेको पुष्ट्याइँसहितको माग आकृति फारामबमोजिम नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रिकल समूह, जनरल इलेक्ट्रिकल उपसमूह, रा.प. द्वितीय श्रेणीमा रिक्त देखिएको दुई (२) पदको लागि प्रतिशत निर्धारण गरी यसै आ.व.मा विज्ञापन प्रकाशन गरी कानूनबमोजिम निजामती कर्मचारीको वृत्ति विकासको लागि प्राथमिकता दिई पदपूर्ति गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: खुमप्रसाद भण्डारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७७ माघ १३ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७७-**WO**-०३३५, उत्प्रेषण / परमादेश, श्यामकिशोर यादवसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत
- ०७७-**WO**-०३२८, उत्प्रेषण / परमादेश, शिवानी बस्नेतसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत
- ०७७-**WO**-०३७३, उत्प्रेषण / परमादेश, केदारकुमार श्रेष्ठसमेत वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७४-**WO**-०५६९, उत्प्रेषण, गोविन्दकुमार मल्लिक वि. उच्च अदालत जनकपुरसमेत*

निवेदकले उल्लेख गरेको जग्गाको पुनः पञ्चकिर्ते मूल्याङ्कन गर्न बाँकी नै रहेको देखिन्छ । लिलाम हुने जग्गाको यथार्थ र वस्तुपरक मूल्य कायम हुन सकोस् भनेर नै विभिन्न आधारहरू नियमावलीमा तोकिएको हो । सो आधारहरूमध्ये एउटा मात्र आधारमा गरिएको मूल्याङ्कन यथार्थपरक नभएको आधारमा पुनः मूल्य कायम गर्न उच्च अदालतबाट आदेश भएको देखिन्छ । सो आदेश भएपश्चात् मूल्य कायम गर्ने कार्य बाँकी नै रहेको अवस्थामा यी निवेदक प्रतिवादीले पुनरावेदन अदालत जनकपुरबाट मिति २०७४।१०।१८ मा भएको आदेश गैरकानूनी भनी प्रस्तुत रिट निवेदन लिई आएको देखियो । आफूले लिए खाएको रकम वादीलाई तिर्नु बुझाउनुपर्ने दायित्व यी निवेदकको हो । वादीलाई रकम नबुझाएपछि थुनामा राख्न सिधा खर्च दाखिल गरेपछि यी निवेदकले आफ्नो नामको अचल सम्पत्ति देखाई बिगो भराउन निवेदन दिएको देखिन्छ । वादीको बिगो दाखिल गर्नेलगायत जग्गाको जायजात, तायदात हुने विभिन्न सूचना म्यादहरू प्राप्त हुँदा समेत यी वादीले बिगो बुझाउनेतर्फ सक्रियता देखाएको देखिँदैन । पुनरावेदन अदालतबाट प्रमाणको विवेचना गरी जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५) (घ), (ङ), (छ) र जग्गा खरिद गर्दाको राजीनामामा उल्लिखित मूल्यसमेतको आधारमा जग्गाको पुनः मूल्याङ्कन गर्नु भनी अ.बं.१७ नं.को रोहबाट गरेको आदेशउपर यी निवेदकले प्रस्तुत रिट निवेदनको माध्यमबाट यस अदालतमा प्रवेश गरेको देखियो । फैसला कार्यान्वयनको कारबाहीको क्रममा तह तह हुँदै उच्च अदालतबाट आदेश भएकोमा स्पष्टतः कानूनी त्रुटि नभएको अवस्थामा रिटक्षेत्रबाट

हस्तक्षेप गरी फैसला कार्यान्वयनको क्रममा भएको आदेशलाई अन्यथा गर्न मिल्ने नदेखिने।

तसर्थ, माथि विवेचित आधार, कारण र कानूनी व्यवस्था तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५)(घ)(ङ) र (छ) समेत र जग्गाको खरिद गर्दाको राजीनामामा उल्लिखित मूल्यसमेतको आधारलाई समेत ग्रहण गरी पुनः मूल्याङ्कन गर्नु भनी उच्च अदालत जनकपुरबाट मिति २०७४।१०।१८ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत(उप-सचिव): राजकुमार आचार्य
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ पौष २५ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७०-**CI**-०४८६, परमादेश, तिर्थराज भट्टराई वि. जितेन्द्र साह*

प्रस्तुत मुद्दामा करारबमोजिमको रकम र क्षतिपूर्ति दिलाई पाउँ भनी दायर भएको मुद्दाको अन्तिम किनारा लाग्न नपाउँदै यिनै प्रत्यर्थी निवेदकले सोही विषयलाई उठान गरी पुनरावेदन अदालत जनकपुरमा रिट दायर गरेको देखिन्छ । एउटै विषयउपर एकै समयमा दुई तहको अदालतमा मुद्दा दायर गर्न कार्यविधि कानूनले अनुमति दिँदैन । एक तहको अदालतले फैसला गरिसकेपछि सो फैसलाका विरूद्ध चित्त नबुझ्ने पक्ष माथिल्लो अदालतमा पुनरावेदन गर्न जान सक्छ, तल्लो अदालतबाट भएको कुनै अन्तरकालीन आदेशकाउपर माथिल्लो तहको अदालतमा निवेदन गर्ने अधिकार पनि कानूनले नै निश्चित गरेको हुन्छ । तर जिल्ला अदालतमा फिराद दायर गर्ने र केही समयपश्चात् सोही विषयवस्तुको मागदाबी लिई माथिल्लो अदालतमा जान कानूनतः मिल्ने देखिँदैन । जिल्ला अदालतमा दायर भएको करारबमोजिमको रकम र क्षतिपूर्तिपाउँ भन्ने मुद्दामा जिल्ला अदालतबाट निकास आउन बाँकी नै रहेको परिप्रेक्षमा सो मुद्दाका वादी जितेन्द्र साहले तत्कालीन पुनरावेदन अदालत जनकपुरमा रिट क्षेत्राधिकारको माध्यमबाट प्रवेश गर्नु नै **prima facie** रूपमा र कानूनतः मिलेको देखिन आएन । सुरू तहको अदालतमा दायर भएको मुद्दाबाट नै पक्षले कानूनी उपचार पाउने स्थितिको विद्यमानता छ भने माथिल्लो अदालतले सुरू अदालतको क्षेत्राधिकारमाथि हस्तक्षेप गरी मुद्दाको सुनुवाइ गर्नु स्थापित न्यायिक मूल्य मान्यतासमेतको विरूद्ध हुन जान्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा, करारबमोजिमको सम्पूर्ण रकम वादी जितेन्द्र साहले पाउने वा नपाउने भन्ने विषयको निक्यौंल गर्न सुरू महोत्तरी जिल्ला अदालत सक्षम छँदा-छँदै तत्कालीन पुनरावेदन अदालत जनकपुरले महोत्तरी जिल्ला अदालतको क्षेत्राधिकारमाथि असर पर्ने गरी रिटको सुनुवाइ गरी आदेश गरेको देखिएको हुनाले तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट वादी जितेन्द्र साहलाई सम्झौताबमोजिम निजले पाउनुपर्ने बाँकी रकम निजलाई भुक्तानी दिनु भनी पुनरावेदक जिल्ला विकास समिति, महोत्तरीका नाममा परमादेशको आदेश जारी गर्ने गरी भएको फैसला मिलेको नदेखिने।

तसर्थ, एउटै विषयउपर महोत्तरी जिल्ला अदालतमा करारबमोजिमको रकम र क्षतिपूर्तिपाउँ भनी दायर भएको मुद्दा यिनै प्रत्यर्थी निवेदकले दायर गरी विचाराधीन अवस्थामा (हाल मुलतबीमा रहेको) रहेको देखिँदा विचाराधीन मुद्दालाई असर पर्ने गरी रिटक्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा परमादेशको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०/०३/०४ मा भएको फैसला कानूनसम्मत नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: नवीन कुमार यादव
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७९ जेठ १३ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**,*०७५-**WO**-०८५५, उत्प्रेषणसमेत, जयराम लामिछाने वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

निवेदकले मध्यस्थता ऐन, २०५५ को दफा ५ र ६ को प्रक्रियाबाट सम्भव नभएपछि ऐ. दफा ७ को प्रक्रियाद्वारा मध्यस्थ नियुक्ति गरिपाउँ भनी ऐ.दफा ७(२) बमोजिम प्रस्तावित ३ जना मध्यस्थ हुन सक्ने व्यक्तिको नामसहित मध्यस्थ नियुक्तिको लागि उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा निवेदन गरेको देखिन्छ। यसरी निवेदन प्राप्त भएपछि उच्च अदालतले "सबै पक्षलाई सूचना दिई मध्यस्थ हुने व्यक्तिका सम्बन्धमा ....निर्णय अन्तिम हुने छ" भन्ने ऐ.को उपदफा (३) मा भएको कानूनी व्यवस्था अनुसारको प्रक्रिया उच्च अदालतबाट अवलम्बन गरेको पाइएन। विवादै नभएको र प्रक्रिया पूरा नगरेको भनी निवेदकले दिएको निवेदन खारेज गरेको देखिएको।

तसर्थ, उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७५।६।२१मा भएको निर्णय कानूनअनुरूपको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब मध्यस्थता ऐन, २०५५ को दफा ७ बमोजिमको प्रक्रिया अवलम्बन गरी मध्यस्थ नियुक्तिसम्बन्धी प्रक्रिया अगाडि बढाउनु भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: राजकुमार आचार्य

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ भदौ १० गते रोज ५ शुभम्।

- यसै लगाउका ०७५-**WO**-०८५६, उत्प्रेषणसमेत, जयराम लामिछाने वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत

**११**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-CI-१८०५, जग्गा खिचोला मेटाई चलन चलाइपाउँ, ममता के.सी. (आचार्य) वि. धनमाया तामाङसमेत*

पुनरावेदक वादीले फिरादपत्रमा आफ्नो कि.नं. १७८ को जग्गाको उत्तरतर्फ रहेको घरदेखि पूर्वतर्फको केही जग्गा खाली रहेको र उक्त कि.नं. को पूर्वपट्टि साँधमा विपक्षीहरूको कि.नं. १७९ को जग्गाको आड लिई पश्चिमउत्तरतर्फबाट वादीको कि.नं. १७८ को पूर्वतर्फ ०-८-०-० जग्गा मिची खिचोला गरेको भन्ने फिराद दाबी भएकोमा प्रतिवादीहरूले वादीको जग्गा खिचोला नगरेको, वादीले गलत ठाउँमा बाटो देखाएको भनी प्रतिउत्तर लगाएबाट निजहरूको मुख मिलेको अवस्था नदेखिने। दुई पक्षबिच मुख नमिलेको अवस्थामा जग्गा कसको दर्ता हकको हो कसले भोग गरेको छ, खिचोला भएको छ छैन भन्ने विषयमा निर्क्यौल गर्नको लागि विवादित जग्गाको दर्ता स्रेस्ता तथा स्थलगत नापनक्सा नै मूल आधारको रूपमा रहने । प्रस्तुत मुद्दामा पनि सोहीबमोजिम प्रमाण सङ्कलनको लागि सुरू इलाम जिल्ला अदालतबाट नक्सा गर्ने आदेश भएकोमा नक्सा गर्न नसकिने भन्ने अमिनको प्रतिवेदन परेपछि यसै मुद्दाका प्रतिवादीहरूले यिनै पुनरावेदन वादीउपर दिएको खिचोला मुद्दामा भएको फैसलालाई आधार मानी दाबी नपुग्ने गरी फैसला भएको रहेछ । पुनरावेदन अदालतबाट पनि नक्सा गर्ने आदेश भएकोमा पक्ष विपक्षबिच वादविवाद भएको भनी नक्सा गर्न नसकेको प्रतिवेदन परेपछि सुरू जिल्ला अदालतले आधार लिएकै फैसला अनुसार सुरू सदर हुने गरी फैसला भएको।

जग्गा खिचोला मुद्दामा विवादित जग्गाको यथार्थ वस्तुस्थिति, भोग दर्तासमेतको प्रमाण देखिने गरी नापनक्सा नभएको अवस्थामा वास्तविक न्याय पर्न नसक्ने हुँदा विवादित जग्गा कस्को दर्ता भोगमा रहेको भन्नेसम्म यकिन नगरी इलाम जिल्ला अदालतबाट मिति २०७१।१।१५ को फैसला सदर गर्ने गरी भएको साबिक पुनरावेदन अदालत इलामको मिति २०७२।५।१६ फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब पुनरावेदक वादीको दाबीको जग्गाको नापनक्सा गरी जे जो प्रमाण बुझ्नुपर्ने हो बुझी पुनः इन्साफ गर्न दुवै पक्ष उपस्थित भएको नदेखिँदा दुवै पक्षलाई झिकाई निर्णय गर्नु भनी सुरू मिसिल सुरू इलाम जिल्ला अदालतमा पठाउने।

इजलास अधिकृत: शोभाकर खरेल

इति संवत् २०७७ पुस १६ गते रोज ५ शुभम्।

## १२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-**WH**-००२९, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम ५० घोराही **S** वि. रूपन्देही जिल्ला अदालत, भैरहवासमेत*

रूपन्देही जिल्ला अदालतका आदेशले मुद्दा पुर्पक्षको लागि बाल सुधार गृहमा राखिएका यी परिवर्तित नाम ५० घोराही **S**, १७ वर्ष उमेरको नाबालिग भएकोमा कुनै विवाद देखिएन । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ को उपदफा (२) को खण्ड (ख) मा ३ वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नुपर्ने कसुरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई मात्र तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा पुर्पक्षको लागि बालसुधार गृहमा राख्न सकिने देखिन्छ। मिसिल संलग्न अभियोग पत्रको प्रतिलिपि हेर्दा वर्ष १७ को निज परिवर्तित नाम ५० घोराही **S** ले मोटरसाइकल चोरी गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ (१) र (२) अनुसारको कसुर गरेकोले सोही दफा २४२(२) बमोजिम ३ वर्ष कैद सजाय र तिस हजार रूपैयाँसम्म जरिवाना हुनेमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम (सोह्र वर्ष वा सोभन्दा माथि र अठार वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाइ) सजाय हुनसमेतको माग दाबी लिई अभियोगपत्र दायर भएको देखियो । निज उपरको चोरीको कसुर प्रमाणित भएमा निजलाई अभियोगमाग दाबी बमोजिम अधिकतम सजाय गर्दा पनि दुई वर्षसम्म कैद सजाय र तीस हजार रूपैयाँसम्म मात्र जरिवाना हुने देखियो । यसबाट निजलाई ऐ. दफा २४ को उपदफा (२) को (ख) मा उल्लेख भए अनुसार पुर्पक्षको लागि बालसुधार गृहमा राख्नुपर्ने देखिएन । त्यस्तै निजलाई पुर्पक्षको लागि बालसुधार गृहमा राख्न सकिने ऐ. दफा २४ को उपदफा (२) को (क) मा उल्लिखित आधारहरू पनि निजको हकमा रहे भएको देखिन आएन । यस्तो अवस्थामा उल्लिखित कानूनी व्यवस्थाहरूको आधारमा परिवर्तित नाम ५० घोराही **S**, १७ वर्ष उमेरको नाबालिग भएको हुँदा निजलाई मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राख्ने गरी रूपन्देही जिल्ला अदालतबाट भएको आदेश कानूनसम्मत भएको देखिएन । सो आदेशानुसार निजलाई मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राखेको कार्य बालबालिकासम्बन्धी ऐन, २०७५ अनुकूल भएको देखिन नआएकोले सोको उपचारको रूपमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निजलाई बालसुधार गृहबाट मुक्त गर्नुपर्ने ।

परिवर्तित नाम ५० घोराही **S** १७ वर्ष उमेरको नाबालिग भएको देखिएको र निजउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २४१ (१) र (२) बमोजिमको कसुरमा सोही संहिताको दफा २४२(२) बमोजिम सजाय हुनेमा निज १६ वर्षभन्दा माथि र १८ वर्ष भन्दा कम उमेरको नाबालिग रहेका कारण निज नाबालिगलाई हुने उल्लिखित सजाय बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) बमोजिम हुनसमेतको सजाय हुनुपर्ने भन्ने मागदाबी लिई अभियोगपत्र दायर भएको अवस्थामा निजलाई मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राख्ने गरी रूपन्देही जिल्ला अदालतबाट मिति २०७९/३/२८ मा भएको आदेश, सो आदेशानुसार निजलाई बालसुधार गृहमा राखिएको कार्य कानूनअनुसार मिलेको नदेखिएको निवेदन मागअनुसार निजलाई थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी
कम्प्युटर: सन्जय गुरूङ
इति संवत् २०७९ भाद्र २३ गते रोज ५ शुभम् ।

## १३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७२-**CI**-००८९, निषेधाज्ञायुक्त परमादेश, काठमाडौं उपत्यका नगर विकास समिति, अनामनगर हाल काठमाडौं उपत्यका विकास प्राधिकरण, काठमाडौं वि. श्रीकृष्ण मानन्धरसमेत*

पुनरावेदकले खोला किनारका जगा सरकारी

सार्वजनिक जग्गा हुन् । सरकारी जग्गा अतिक्रमण गरी संरचना निर्माण गरिएको अवस्थामा मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने हुँदैन । तसर्थ, पुनरावेदन अदालत पाटनबाट भएको निर्णय त्रुटिपूर्ण छ भनी मुख्यरूपमा जिकिर लिएको पाइन्छ । निवेदकहरूले आफ्नो निर्विवाद हकभोग स्वामित्वको जग्गामा प्रक्रिया पुऱ्याएर नक्सा पास गरी घर पर्खाललगायत संरचना निर्माण गरेको भन्ने निवेदन जिकिर गर्दै आफ्नो जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिसमेत साथै राखी निवेदन गरेको पाईन्छ । मिसिलसंलग्न सो जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि हेर्दा जिल्ला काठमाडौं गोंगबु गा.वि.स. वडा नं.४क कि.नं.१ रमेश के.सी., ऐ. कि.नं.१९४४ चनशुभा छन्त्याल, ऐ. कि.नं.४३७७ श्रीकृष्ण मानन्धर, ऐ.कि.नं.४३७८ राधाकृष्ण मानन्धर, ऐ. वडा नं.६ कि.नं.११८५ को जग्गा जयनारायण राईसमेतका निवेदकहरूका दर्तामा रहेको देखिन्छ । सो जग्गाहरू काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको मिति २०६६।१०।४ को निर्णयानुसार च.नं.५८३ मिति २०६६।१०।२४ मा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा रोक्का राख्नसमेत लेखी पठाएको देखियो । काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिबाट मिति २०६८।१२।०८ मा प्रकाशित सूचनामा समेत निवेदकहरूका जग्गाका कित्ता नम्बर उल्लेख गरी खोला किनारबाट २० मिटर सेटब्याक नछोडी भौतिक संरचना निर्माण गरेको र उक्त संरचना मापदण्डविपरीतका हुँदा ७ दिनभित्र भत्काई लैजाने भनी सूचना प्रकाशन गरेको देखिन्छ । पुनरावेदन अदालत पाटनको मिति २०७०।१२।१९ को आदेशानुसार मिति २०७०।०८।११ मा भएको नक्सा मुचुल्काबाट समेत यी निवेदकहरूको नाम दर्तामा रहेका उल्लिखित घरजग्गाहरू निवेदकहरूकै हकभोगमा भई प्रस्तावित नगर विकास समितिको बाटोमा परेको भन्ने देखिन्छ । निवेदकहरूले आफ्नो जग्गामा कानूनबमोजिम तत्कालीन अवस्थामा गा.वि.स.बाट नक्सा पास स्वीकृति गराई घर निर्माणलगायतका संरचनाहरू बनाएको मिसिलसंलग्न कागजातहरूबाट देखिन्छ । पुनरावेदन जिकिर अनुसार पनि निजी तवरमा बनाइने घरको नक्सा पास हुँदा सरकारी वा सार्वजनिक जग्गामा हुन सक्ने सम्भावना देखिँदैन । त्यसमा पनि सूचनामा नै निवेदकहरूको जग्गाको कित्ता नम्बरसमेत उल्लेख गरी रोक्का गरी सूचना प्रकाशन गरेको अवस्थामा उक्त सूचनामा उल्लिखित कित्ता नम्बरमा बनेको घर पर्खाललगायतका संरचनाहरू निवेदकहरू श्रीकृष्ण मानन्धर, जयनारायण राई, चुनशोभा छन्त्याल भन्ने चनशुभा छन्त्याल, इन्द्रकुमारी अधिकारी र रमेश के.सी.लगायतका व्यक्तिहरूको दर्ता स्रेस्ताका निजहरूका हकभोग स्वामित्वका निजी सम्पत्ति हुन् भन्ने कुरामा विवाद नरहने ।

निवेदकहरूको नाउँ दर्तामा रहेको घर जग्गा र सोमा निर्मित संरचना कानूनबमोजिम क्षतिपूर्ति वा मुआब्जा नदिई नभत्काउनु, भत्काउन नलगाउनु भनी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिसमेतका विपक्षीहरूका नाममा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।१२।१९ मा भएको निर्णय मिलेकै देखिने ।

इजलास अधिकृत (उप-सचिव): राजकुमार आचार्य

कम्प्युटर: सन्जय गुरूङ

इति संवत् २०७९ आषाढ १७ गते रोज ६ शुभम् ।

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-**WO**-०९४०, उत्प्रेषणसमेत, डा. राजकुमार सुवेदी वि. उच्च अदालत पाटनसमेत*

प्रतिवादीहरू मध्ये मुनिबहादुर शाक्यले र.नं.२२९९ मिति २०७२।३।१४ मा रू.७,५०,०००।- (अक्षरेपि सात लाख पचास हजार) नानीछोरी शाक्यले र.नं.२३३४ मिति २०७२।३।२० मा रू.७,५०,०००।- (अक्षरेपि सात लाख पचास हजार) रकम ठगी मुद्दामा धरौट राखेको हो । वादी नेपाल सरकार प्रतिवादीहरू

मुनिबहादुर शाक्य, नानीछोरी शाक्यसमेत भएको ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७४।१०।१० मा फैसला हुँदा फैसलाको तपसिल खण्डमा निवेदक प्रतिवादीहरूले राखेको धरौट रकम फिर्ता दिनु भन्ने प्रस्टसँग उल्लेख गरिएको।

जिल्ला अदालतको फैसलाले फिर्ता दिनु भनी प्रस्टसँग भनिएको र कानूनी व्यवस्थाअनुसार पनि धरौटी रकम फिर्ता दिनुपर्ने अवस्थामा प्रतिवादीहरूले फौजदारी मुद्दा ठगीमा सफाइ पाइसकेकोमा उक्त मुद्दामा राखेको धरौट रकम लेनदेन मुद्दामा रोक्का राखिराख्न कदापि मिल्दैन । लेनदेन मुद्दाको रोहमा आदेश भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ कि.नं. २६५ को घरजग्गा रोक्का रहेको र यी निवेदकले दाबीबमोजिमको रकम प्रत्यर्थीहरूबाट पाउने ठहर भएको अवस्थामा उक्त सम्पत्तिबाट असुलउपर हुन सक्ने नै देखिएको भनी उच्च अदालत पाटनबाट भएको आदेश कानूनसम्मत रहेको देखिने।

अत: प्रतिवादी मुनिबहादुर शाक्यसमेतको हकभोगमा रहेको कि.नं.२६५ को घरजग्गा लेनदेन मुद्दाको रोहमा रोक्का रहेको देखिएको निवेदकको दाबीबमोजिमको रकम दिलाई भराइपाउने ठहर भएको अवस्थामा उक्त सम्पत्तिबाट असुलउपर हुन सक्ने नै देखिएको र ठगी मुद्दाको रोहमा राखिएको धरौटी रकम अभियोग दाबी नै पुग्न नसक्ने गरी अन्तिम फैसला भइसकेको अवस्थामा रोक्का राख्न मनासिब नहुँदा निवेदकको मागबमोजिम धरौटी रकम फिर्ता गर्न इन्कार गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७७।०९।१७ को आदेश धरौटी रकम फिर्ता नगरेको हदसम्म रीतपूर्वको नहुँदा बदर गरी र.नं. २२९९ मिति २०७७।०३।०४ मा मुनिबहादुर शाक्यले राखेको रू.७,५०,०००।- र र.नं. २३३४ मिति २०७२।०३।२० मा नानीछोरी शाक्यले राखेको रू.७,५०,०००।- धरौटी फिर्ता दिने गरी उच्च अदालत पाटनको मिति २०७७।१२।०५ मा भएको आदेश कानूनबमोजिम नै भएको र उक्त आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिपाउन परेको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ फाल्गुण ११ गते रोज ४ शुभम्।

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-**CR**-११११, ०७५-**CR**-१३९६, कर्तव्य ज्यान, बिमल खत्री वि. नेपाल सरकार, नेपाल सरकार वि. सूर्यबहादुर खत्रीसमेत*

मृतकको घा-जाँच केस फारमसमेतबाट जाहेरवालाले अन्य प्रतिवादीहरूसमेतले ढुंगा, लाठी, मुक्का, लातसमेतले प्रहार गरेको भने अनुसारको घा-चोटपटक नभई टाउकोमा एउटै मात्र चोट भएको र सोही चोटका कारण रेशम भण्डारीको मृत्यु भएको देखिन्छ। मृतकको टाउकोमा आफूले प्रहार गरेको भनी बिमल खत्रीले स्वीकार गरेको र घा-जाँच केस फारमबाट समेत टाउकोमा एउँटा मात्र चोट भएको तथा शव परीक्षण प्रतिवेदनमा समेत मृत्युको कारण टाउकोको चोट भनी उल्लेख भएको अवस्थामा ६ जना प्रतिवादीहरूको प्रहारबाट मृतकको टाउकोमा एउटा मात्रै घा-चोट हुने अवस्था देखिँदैन। आरोपित कसुर प्रमाणित हुन यी ५ जना प्रत्यर्थी/प्रतिवादीले पनि मृतकको शरीरमा प्रहार गरेको चोट लागेको देखिनुपर्दछ। घटना विवरण कागज गर्ने ऋषिराम पौडेल र हेमबहादुर बुढाथोकीले मौकामा प्रतिवादीहरूलाई दोषी देखाई कागज गरेको भए तापनि अदालतमा आफूहरूले घटना भएको कुरा सुनेर थाहा पाएको भनी बकपत्र गरेको देखिन्छ। सुनेर थाहा पाई गरेको बकपत्रले प्रमाणको स्थान ग्रहण गर्न सक्दैन। जाहेरवाला भरत भण्डारी, भुपेन्द्र भण्डारी, कृष्ण भण्डारी र अमृत भण्डारीसमेतले रेशम भण्डारीलाई प्रत्यर्थी/प्रतिवादीले एक्कासी आक्रमण गरी मृतकलाई लाठी, ढुंगा, लात्ती र मुक्काले प्रहार गरेको भनी मौकामा लेखाई अदालतमा समेत सोही अनुसारको बकपत्र गरे तापनि निजहरूको बकपत्र रेशम भण्डारीको टाउकोमा एउटामात्र चोट लागेको देखिएको अवस्थाले खण्डित भएको छ। यस्तो अवस्थामा भरत भण्डारी,

भुपेन्द्र भण्डारी, कृष्ण भण्डारी र अमृत भण्डारीसमेतले यी सबै प्रत्यर्थी/प्रतिवादीहरूलाई दोषी देखाई गरेको बकपत्र स्वाभाविक हो भन्न मिल्ने देखिँदैन । त्यसमा पनि जाहेरवाला भरत भण्डारीले जाहेरी दरखास्तमा प्रत्यर्थी/प्रतिवादी निर्मला खत्रीले माथिबाट ढुंगाले प्रहार गरेको भनी उल्लेख गरेकोमा अदालतको सवाल ५ को जवाफमा निर्मला खत्री घटनास्थलमा थिइनन् भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाको उक्त जाहेरी बेहोरा बकपत्रबाट खण्डन भएकोसमेतका आधार र कारणबाट यी प्रत्यर्थी/प्रतिवादीहरू कल्पना खत्री, सूर्यबहादुर खत्री, तेजबहादुर खत्री, निर्मला खत्री, निर्मल खत्रीलाई सफाइ दिने सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिँदा यस अदालतबाट मिति २०७६।३।१७ मा भएको विपक्षी झिकाउने आदेश र पुनरावेदक/वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी बिमल खत्रीलाई उच्च अदालत पाटनले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरेको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई प्रतिवादी बिमल खत्रीलाई ऐ. महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादीहरू निर्मल खत्री, तेजबहादुर, सूर्यबहादुर, कल्पना र निर्मला खत्रीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ पौष १९ गते रोज २ शुभम् ।

**१६**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७७-**WH**-०२७५, बन्दीप्रत्यक्षीकरण, रामकुमार हरिजन वि. कपिलवस्तु जिल्ला अदालत, तौलिहवासमेत*

निवेदक रामकुमार हरिजनलाई लागुऔषध (खैरो हेरोइन) मुद्दामा भएको जरिबाना बुझाइसकेको देखिएको, कैदको हकमा ठेकिएको माथिल्लो कैद हद पाँच वर्ष र डाँका चोरी मुद्दामा भएको कैद वर्ष ६ समेत गरी जम्मा ११ वर्ष कैदबापत ठेकिएको कैद सजाय मिति २०७७।१०।३० गतेसम्ममा निज निवेदकले भुक्तान गरिसकेको देखिएको, तिर्न बुझाउन बाँकी डाँका चोरी मुद्दाको जरिबाना रू.२,८१,९७९।- को हकमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ (संशोधनसहित) को दफा २४४ को उपदफा (२) को देहाय (क) बमोजिमको कसुरमा ऐजन उपदफा (३) को देहाय (क) बमोजिम हुनसक्ने अधिकतम जरिबाना एक लाख चालिस हजार रूपैयाँबापत कैद ठेक्नुपर्नेमा सो विपरीत जरिबानाको सजायको कार्यान्वयनको विषयभन्दा फरक सरकारी बिगोको विषयमा ३ वर्ष थप कैद ठेक्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट भएको मिति २०७७।९।३।६ को आदेश र सो आदेशबमोजिम ठेकिएको च.नं.४८६९ मिति २०७७।११।९ को पछिल्लो संशोधित कैदीपुर्जी कानूनअनुरूपको नदेखिएकोले सो हदसम्म उक्त जिल्ला अदालतको आदेश र कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निज निवेदकलाई हुनसक्ने अधिकतम् जरिबाना एक लाख चालिस हजार रूपैयाँबमोजिम निजको नाउँको जरिबानाको लगत संशोधन गरी बुझाउन बाँकी जरिबाना तिरे बुझाए अन्य मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए उक्त डाँका चोरी मुद्दाको रोहबाट अविलम्ब थुनामुक्त गरिदिनु, तिर्न बुझाउन नसके सो बाँकी जरिबानाबापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१ को उपदफा (२) बमोजिम दिन एकको रू.३००।- का दरले कट्टा हुने गरी बसिसकेको कैदको हिसाब गरी संशोधित कैदी पुर्जी दिनु भनी विपक्षी कपिलवस्तु जिल्ला अदालतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर

इति संवत् २०७८ वैशाख १७ गते रोज ६ शुभम् ।

### १७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७६-**WO**-०७६०, उत्प्रेषणयुक्त परमादेश, अकली भर वि. चन्दन यादवसमेत*

लेनदेनको व्यवहारको ८ नं.ले घरको मुख्य भई कामकाज गर्ने वा सगोलमै बसी विभिन्न ठाउँमा घर, खेती, व्यापार वा अरू कुनै काम गरी बस्ने उमेर पुगेका जानकार लोग्ने मानिस वा स्वास्नी मानिस आफू बसी काम गरेको ठाउँको मुख्य ठहर्छन्। त्यस्ता मुख्यले गरेको व्यवहार गोश्वारा धनबाट चल्छ भन्ने व्यवस्था गरेको पाइन्छ। यस व्यवस्थाअनुसार घरको मुख्य व्यक्ति घर व्यवहार चलाउने जोसुकै व्यक्ति पनि हुनसक्ने परिकल्पना गरेको देखियो। प्रस्तुत निवेदनको सन्दर्भमा यी निवेदिकाले अंश मुद्दाको प्रतिउत्तर लगाउँदा उल्लिखित म वृद्ध छु, पालनपोषण गर्ने दायित्व वादीको हो भन्ने बेहोराले प्रशुराम भर घरको मुख्य भै व्यवहार गरेको भन्ने स्थापित भएको हुँदा उक्त ऋण तिर्ने दायित्व गोश्वारा धनबाट रहने।

न्याय माग्न आउनेले सफा हात र शुद्ध हृदय लिएर आउनुपर्दछ। तमसुक गरी ऋण लिने प्रशुराम भर वादी भई यी निवेदिका आमाउपर अंश मुद्दा दायर गर्ने तत्पश्चात् मिलापत्र गर्दा आफूले रू.५,००,०००।– (पाँच लाख) रूपैयाँ मात्र लिएर आफ्नो नाउँमा समेत संयुक्त दर्ता भएका सम्पूर्ण जग्गामा हक छाडी आमाको नाममा एकलौटी दर्ता गर्ने गरी लिने दिने कार्य गर्ने तथा अन्य ऋणहरू सबै देखाई हाल विवादित ऋण नदेखाउने कार्यले निवेदकसमेतको शुद्ध व्यवहार भएको देखिन आएन। यसरी साहुलाई ऋण तिर्नु नपरोस् भन्ने उद्देश्य राखेर ऋण खाँदाको अवस्थामा संयुक्त नाममा दर्ता रहेका जग्गासमेत एकलौटी आफ्नो नामबाट हक छाडी लिनेदिने कार्य गरेको देखिँदा आफ्नो नामको जग्गाबाट बिगो भरिभराउ हुन नसक्ने भनी लिएको निवेदन जिकिर र निवेदिकाका कानून व्यवसायीको बहससँग सहमत हुन नसकिने।

अत: नवलपरासी जिल्ला अदालतको तहसिलदारबाट मिति २०७६।४।१९ को आदेश बदर गरी कानूनबमोजिम बिगो भरिभराउको कार्य सम्पन्न गर्नु भनी मिति २०७६।७।१५ गते नवलपरासी जिल्ला अदालतबाट भएको आदेश बेरितको नदेखिँदा परिवर्तन गर्न परेन भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।१०।९ मा भएको आदेश कानूनबमोजिम नै भएको देखिँदा उत्प्रेणषको आदेशले बदर गरिपाउन परेको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ फाल्गुन ११ गते रोज ४ शुभम्।

### १८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-**WH**-०१४२, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम **NN** वि. जिल्ला प्रहरी कार्यालय, सुर्खेतसमेत*

निवेदिका परिवर्तित नाम **NN** को घटना वारदात हुँदाका अवस्थामा उमेर १५ वर्ष १० महिना २३ दिन रहेको हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) बमोजिमको सजायको मागदाबी लिइएको छ। निवेदिका परिवर्तित नाम **NN** उपर लगाइएको कसुरसम्बन्धी दफा मुलुकी फौजदारी संहिता, २०७४ को दफा २४२(२) मा भएको सजायको व्यवस्थाले उमेर पुगेका व्यक्तिलाई सजाय हुँदा "३ वर्षसम्म कैद" हुन सक्ने देखिन्छ भने यी निवेदिकाको हकमा त्यसको आधा अर्थात "१ वर्ष ६ महिनासम्म मात्र कैद" हुन सक्ने देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ३ (च) र (छ) मा गरिएको परिभाषाको आधारमा "३ वर्षसम्म कैद" को सजाय हुने कसुर समान्य प्रकृतिको हुने भएकोले यस प्रकृतिको कसुरमा १६ वर्षमुनिका बालबालिकालाई कैदको सजाय नै गर्न नमिल्नेमा, कैदको सजाय नै हुन नसक्ने अवस्थाको मुद्दामा पुर्पक्षको लागि सुधार गृहमा राख्नु पनि गैरकानूनी रहेको देखिने।

बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ ले मुद्दा पुर्पक्षको सम्बन्धमा व्यवस्था गर्दै उपदफा (१) मा "कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको

सिलसिलामा थुनामा राखिने छैन र निजसँग धरौटी वा जमानत मागिने छैन" भनी विशेष व्यवस्था गरेको देखिन्छ भने अपवादको रूपमा उपदफा (२) मा विशेष सर्तहरू उल्लेख गर्दै ती सर्तको विद्यमानता रहेको अवस्थामा मात्र मुद्दा पुर्पक्षको लागि बालसुधार गृहमा राख्न सकिने देखिन्छ। उपदफा (२) को खण्ड (क) र (ख) मा उल्लिखित सर्तहरू स्वतन्त्र नरही दफा ३६ सँग प्रत्यक्ष सरोकार राख्ने भएकोले सर्वप्रथम १६ वर्षमुनिको व्यक्तिलाई समान्य कसुरको आरोपमा कैदको सजाय नै गर्न नमिल्ने अवस्थाका बालबालिकालाई मुद्दा पुर्पक्षका लागि बालसुधार गृहमा राख्न पाउने नै देखिँदैन। भने १६ वर्षभन्दा माथि र १८ वर्षको उमेर पुरा नगरेको उमेर समूहको बालबालिका जसलाई कैदको सजाय हुँदाको अवस्थामा ३ वर्षभन्दा कम कैदको सजाय हुन सक्ने उमेर समूहका बालबालिकाको हकसम्मका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४(२)(क) आकृष्ट हुनेमा कैदको सजाय हुन नै नसक्ने उमेर समूहका यी निवेदिकालाई मुद्दामा पुर्पक्षका लागि बालसुधार गृहमा राख्ने कार्य दफा २४(२) (क) र (ख) को कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी सुर्खेत जिल्ला अदालतबाट बालसुधार गृहमा राख्ने गरी भएको मिति २०७८/९/२३ को आदेश गैरकानूनी रहेको देखिने।

अतः मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम अधिकतम सजाय हुँदा ३ वर्षसम्म हुनेमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(३) अनुसारको सजायको मागदाबीमा सो सजायको आधा ११/२ वर्षसम्म मात्र कैद हुने देखिन्छ। ऐ. संहिताको दफा ३६ को उपदफा (७) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको छ भने ऐ.को दफा ३(च) मा गम्भीर कसुर भन्नाले ३ वर्षभन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसुरलाई मानेको देखिन्छ र जन्मकैद वा दश वर्षभन्दा बढी कैद सजाय हुने कसुरलाई जघन्य कसुर भनी परिभाषित गरेको छ। त्यस्तै मुलुकी फौजदारी संहिता, २०७४ को दफा ४५(५) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) समेतले १६ वर्ष नपुगेका बालबालिकालाई जघन्य र गम्भीर कसुरमा बाहेक कैदको सजाय गर्न नपाइने कानूनी व्यवस्थाबमोजिम निज रिट निवेदक परिवर्तित नाम **NN** लाई बालसुधार गृह, भक्तपुरमा राख्ने गरी सुर्खेत जिल्ला अदालतबाट मिति २०७८।०९।२३ मा कैदको विकल्पको रूपमा रहेको बालसुधार गृहमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने आदेश कानूनसम्मत नदेखिँदा थुनामा राख्ने प्रयोजनका लागि निजलाई पुर्पक्षको लागि बालसुधार गृह, सानोठिमी, भक्तपुरमा राखेको गैरकानूनी देखिएकोले सो गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: रोशनकुमार झा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ फाल्गुन ११ गते रोज ४ शुभम्।

## १९

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-**CI**-१३५७, राजीनामा दर्ता बदर अपुताली हक कायम, मीनादेवी यादव वि. मुनिराम अहिरसमेत*

अगनाथ अहिर अति वृद्ध र रोगले सिकिस्त भएको कारणले निज पूर्ण रूपले होस र सचेत अवस्थामा रहिरहने स्वस्थ अवस्थाको नदेखिँदा निजले आफ्नो हित अहित हुन सक्ने र स्वतन्त्ररूपमा निर्णय लिन सक्ने अवस्थामा रहेको देखिन्नन्। त्यस्तो अवस्थाका व्यक्तिले आफ्नो अंश हकको आफूखुस गर्न पाउने सम्पत्ति नै भए पनि जुनसुकै तवरले हक हस्तान्तरण गर्दाको समयमा मुलुकी ऐन अदालती बन्दोबस्तको महल २४ नं. बमोजिम संरक्षक वा हकवाला भने रोहबर वा साक्षीमा राख्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा अगनाथको अपुताली हक खाने निजकी एक मात्र छोरी मीनादेवी नै कानूनी रूपले संरक्षक भइरहेको अवस्थामा यसरी मृत्युको मुखमा पुगेका अगनाथ अहिरको नाममा रहेको सम्पत्तिलाई आफ्नो नाममा ल्याउनका निम्ति

कानूनबमोजिमको संरक्षक हुनसक्ने छोरी मीनादेवीलाई राजीनामा लिखतमा साक्षी राख्नुपर्नेमा सो नगरी छुट्टी भिन्न भएका भतिजा जसमतलाल अहिरलाई संरक्षकका रूपमा साक्षी राखी छुट्टी भिन्न भएका अर्का भतिजा मुनिराम अहिरले राजीनामा गरी लिई अगनाथ अहिरको सम्पत्ति लिने कार्य जुन भयो सो राजीनामा लिने दिने कार्य शुद्ध व्यवहारबाट भएको मान्न नमिल्ने।

राजीनामाको लिखत मिति २०६८।१०।१७ मा भएको र सोही मितिमा निजको मृत्यु भएको हो वा होइन भन्ने विषयलाई स्पष्ट गर्नका निम्ति कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६९।१०।०२ मा भएको आदेशानुसार नेपाल सरकार, स्थानीय विकास मन्त्रालय, पञ्जीकरण शाखा, मिल्मी गाउँ विकास समितिको कार्यालय, कपिलवस्तुबाट झिकाइएको मृत्यु दर्ताको प्रमाणपत्रबाट निजको मृत्यु मिति २०६८।१०।१७ मा नै भएको देखिन्छ। यसरी सोही दिन भएको मृत्युलाई मिति २०६८।१०।२७ मा मात्र निज अगनाथको मृत्यु भएको सोही दिन मिति २०६८।१०।१७ मा भएको होइन भनी झुठो बेहोरा राखी प्रतिवादीले अदालतमा प्रतिउत्तरपत्र फिराएबाट पनि उक्त व्यवहार सद्दे र साँचो व्यवहारबाट भएको थियो भनी मान्न सक्ने नदेखिने।

अगनाथ अहिरको स्याहार सम्भार मुनिराम अहिरले गरेको थिए र यदि निजले स्याहार सम्भार गरेको पुष्टि गर्न सकेको भए निज मुनिराम अहिरले अपुतालीको महलको ११ नं.बमोजिम चलमा सबै र अचलमा आधासम्म सम्पत्ति कानूनबमोजिम नै पाउन सक्ने अवस्था रहेकोमा अस्वस्थ अवस्थामा रही मृत्युको मुखमा पुगेका वादी मीनादेवी यादवका पिता अगनाथ अहिरको सम्पत्ति गैरकानूनी तवरबाट हडप्ने उद्देश्यबाट कानूनबमोजिम संरक्षक नभएको व्यक्तिले आफू संरक्षक हुँ भनी साक्षी बसी प्रतिवादीहरू जसमतलाल अहिर र मुनिराम अहिरले मिलिजुली अगनाथ अहिरको नाममा रहेको सम्पत्ति हत्याउने अभिप्रायबाट राजीनामा पारित गरिलिएको कार्य स्वाभाविक र शुद्ध व्यवहारबाट भएको मान्न नसकिएकोले सो र.नं. २/३६४८ मिति २०६८।१०।१७ मा भएको राजीनामा लिखत बदर भई मुलुकी ऐन, २०२० को अपुतालीको महलको २ नं.को हकवालाको प्राथमिकतामा वादी मीनादेवी यादव नै रहने देखिएको उक्त राजीनामा लिखतमा उल्लिखित कि.नं.६५१, ६५४, ६५८, ६६०, ६६३, ६६६, ६६९, ६७२, ६७७ र ६७८ समेतका जग्गाहरूमा अगनाथकी एकलो छोरी वादी मीनादेवी यादवकै अपुताली हक कायम हुने।

तसर्थ,र.नं. २/३६४८ मिति २०६८।१०।१७ को राजीनामा लिखत बदर गरी राजीनामामा उल्लिखित सम्पत्तिमा अपुताली हक कायम गराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको कपिलवस्तु जिल्ला अदालतको मिति २०६९/११/२४ को फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७०/११/२८ को फैसला नमिलेको हुँदा उल्टी भई वादी दाबीअनुसार राजीनामाको लिखत बदर भई सो राजीनामामा उल्लिखित जग्गाहरूमा अपुताली हक कायम हुने।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७८ वैशाख ७ गते रोज ३ शुभम्।

- यसै लगाउका ०७२-**CR**-१३७४, किर्ते जालसाजी, मीनादेवी यादव वि. जसमलाल अहिरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**२०**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७३-**CR**-१४०८, गैंडालाई गोली हानी मारी खाग बिक्री व्यवसाय गरेको, मुकुन्द बिडारी वि. नेपाल सरकार*

निवेदकले उठान गरेको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६३।८।२७ मा तामेल भएको बेपत्ते म्याद, सो म्यादका आधारमा भएको मिति २०६५।३।३० को फैसला, मिति २०६५।८।१६ गते तामेल भएको बेपत्ते पुनरावेदनको म्यादको विषयलाई यिनै प्रतिवादी निवेदक भएको बन्दीप्रत्यक्षीकरण

(०७२-**WH**-००७७) को निवेदनबाट मिति २०६३।०८।२७ मा तामेल भएको बेपत्ते म्याद र मिति २०६५।०८।१६ गते तामेल भएको बेपत्ते पुनरावेदनको म्याद कानूनबमोजिम रीतपूर्वक तामेल भएको भनी उल्लिखित म्याद बदर नभई यथावत् कायम रही बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज भएको स्थितिमा सो म्यादभित्र पुनरावेदन नगरी म्याद नाघेर पुनरावेदन दर्ता भएको हुँदा तत्कालीन मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम पुनरावेदक प्रतिवादी मुकुन्द बिडारीको पुनरावेदन खारेज हुने ठहर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

प्रतिवादी मुकुन्द बिडारीलाई गैँडा मारी खाग बिक्री व्यवसाय गरेकोसम्बन्धी कसुरमा १५ वर्ष कैद र रू.१,००,०००।– जरिवाना हुने गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६५।०३।३० को फैसला सदर हुने ठहर गरी यी प्रतिवादीको पुनरावेदन खारेज गर्ने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७३।११।१० को फैसला कानून प्रतिकूल देखिएको, न्यायपूर्ण नदेखिएको, यसबाट गम्भीर अन्याय हुने अवस्था देखिएको र सो फैसला कायम रहँदा न्यायिक प्रक्रियाको दुरूपयोग हुन पुगेको स्थिति कायम रहन पुग्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४४(३) समेतका कानूनबमोजिम उल्लिखित सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय र उच्च अदालत पाटन, हेटौंडा इजलासका फैसलाहरू उल्टी गरिदिएको छ । परिणामस्वरूप प्रतिवादी मुकुन्द बिडारीलाई अन्य प्रतिवादीसरह ६ वर्ष कैद र रू.७५,०००।– हजार जरिवाना हुने ।

इजलास अधिकृत: लक्ष्मी राना

इति संवत् २०७९ साल आषाढ २४ गते रोज ५ शुभम् ।

**२१**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-**CR**-१२१८, ०७२-**CR**-१३०२, ठगी र विद्युतीय कारोबार, दिपकप्रसाद शर्मा वि. नेपाल सरकार, प्रकाश राना थारू वि. नेपाल सरकार*

प्रतिवादी दिपकप्रसाद शर्माको बैङ्क खातामा आएको पैसाको स्रोतका सम्बन्धमा हेर्दा, प्रतिवादी दिपकप्रसाद शर्माको सम्बन्ध (**connection)** केदारबहादुर खत्री र फेमी इमानुयल अवेदीसँग रहे भएको पनि नदेखिएको स्थितिमा र जाहेरवाला राजकुमार श्रेष्ठले सुरूमा दिएको निवेदन र पछि दर्ता गराएको जाहेरी दरखास्त दुवैमा निज प्रतिवादी दिपकप्रसाद शर्मालाई पोल गरी वा निजको नाम उल्लेख गरी जाहेरी दिएकोसमेत नदेखिँदा निज दिपकप्रसाद शर्माले बयान गर्दा प्रकाश रानाले बहिनीको विवाहको लागि भनी मसँग रू.३,५०,०००।- (अक्षेरेपि तीन लाख पचास हजार रुपैयाँ) ऋण सापट लिएकोमा सोही पैसा निजले मेरो बैङ्क खातामा पठाएको भनी गरेको बयानसमेतलाई अन्यथा मान्न सकिएन । यसरी प्रतिवादी प्रकाश राना थारूलाई दाबीको रकमका सम्बन्धमा ठगीको कसुरमा सजाय गर्दा न्यायसङ्गत नहुने भनी माथीका प्रकरणहरूबाट स्पष्ट भइसकेको परिप्रेक्षमा प्रतिवादी दिपकप्रसाद शर्माको सम्बन्ध (**connection)** केदार बहादुर खत्री, फेमी इमानुयल अवेदीसँग र जाहेरवाला राजकुमार श्रेष्ठसँग कुनै किसिमबाट नदेखिएको स्थिति र जाहेरवाला राजकुमार श्रेष्ठले दिएको निवेदन र जाहेरी दरखास्त दुवैमा निज प्रतिवादी दिपकप्रसाद शर्मालाई पोल गरी वा निजको नाम उल्लेख गरी जाहेरी दिएको नदेखिएको सन्दर्भमा निज प्रतिवादी दिपकप्रसाद शर्मालाई दाबीको रकमका सम्बन्धमा ठगीको कसुरमा सजाय गर्नु न्यायसङ्गत हुने देखिने ।

प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश रानाले खातामा पैसा जम्मा हुँदा कोही अर्को मानिस ठगिएको छ भन्ने जानकारी (**knowledge)** निज प्रतिवादीहरूलाई रहेको भए ठगीको कसुरमा सहयोगी भूमिका खेलेको भन्ने स्थापित हुनसक्थ्यो तर सो किसिमको जानकारी (**knowledge)** पनि निज प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश राना थारूलाई रहेको थियो भन्ने पुष्टि भएको अवस्था छैन । कसैले

कसैको खातामा खातावालाको सहमति र जानकारीको अभावमा पैसा जम्मा गर्दैमा ठगीको कसुरमा कसुरदार ठहर गर्ने र सजाय पनि गर्न मिल्दैन । यस किसिमका कार्य ठगीको परिभाषाभित्र पर्नेसमेत देखिँदैन ।

निज प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश राना थारूले कसुर अपराधमा इन्कार रही गरेको बयान, केदार बहादुर खत्री र फेमी इमानुयल अवेदीले दिपकप्रसाद शर्मा र प्रकाश राना थारूलाई पक्राउ परी आएपछि मात्र चिनेको हो भनी गरेको बयान, साथै जाहेरवाला र ठगी गर्ने अन्य दुईजना प्रतिवादीहरू केदारबहादुर खत्री र फेमी इमानुयल अवेदीसँग निज प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश राना थारूको कुनै किसिमको सम्बन्ध र सम्पर्क रहेको पुष्टि हुन नसकेको स्थितिमा निज प्रतिवादी दिपकप्रसाद शर्मा र प्रकाश राना थारूले जाहेरवालाको पैसा ठगी गर्ने कार्यमा संलग्न रहेको भनी मान्न नसकिने ।

पुनरावेदक प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश राना थारूलाई जनही १(एक) महिना कैद हुने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।११।२५ को फैसलालाई सो हदसम्म मनासिब नै रहेको ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०४।२२ मा भएको फैसला उल्टी भै निज प्रतिवादीहरू दिपकप्रसाद शर्मा र प्रकाश राना थारूले अभियोग मागदाबीबमोजिम कसुर गरेको पुष्टि नभएकोले निजहरूले सफाइ पाउने ।

इजलास अधिकृत: नवीन कुमार यादव

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७९ आषाढ २० गते रोज २ शुभम् ।

**२२**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७४-**CR**-०००६, मानव बेचबिखन तथा ओसारपसार, रमेश दर्जी वि. नेपाल सरकार*

पीडितहरूको नागरिकता प्रमाणपत्र र राहदानीसमेत आफैँले जिम्मा लिई कसैले सोधेमा छोरा भेट्न भारत जान लागेको भन्नु भनी झुठफुस कुरा सिकाई अर्का प्रतिवादी बलराम कौशल, यादव भन्ने तेस्रो व्यक्ति र घटना विवरणमा कागज गर्ने तुलसी पौडेललाई बाटोबाट फोन सम्पर्क गर्दै काठमाडौंबाट बुटवल हुँदै कृष्णनगरबाट यी प्रतिवादी रमेश दर्जी भारत प्रवेश गराउन लाग्दा कृष्णनगरमा पक्राउ परेको कारण पीडित जाहेरवाला महिलाहरूलाई बेचबिखन गर्ने उद्देश्यले विदेश लैजानबाट जोगिन पुगेको तथ्य स्पष्ट हुन आयो । यस स्थितिमा यी पुनरावेदक प्रतिवादीले पीडितहरूलाई भारत हुँदै कुवेत लान भनी काठमाडौं नयाँबसपार्कबाट कृष्णनगरसम्म सँगसाथमा लगी मानव ओसारपसार गरेको कुरा पुष्टि हुन आए तापनि विदेश भारतभूमि प्रवेश नगर्दै कृष्णनगरमा नेपाल सरहदभित्रै यी प्रतिवादी पक्राउ परेको देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को कसुरले पूर्णता पाउन नसकेको देखिन्छ । मानव ओसारपसार गरी विदेश लैजाने कार्यले पूर्णता पाइसकेको नदेखिएकोले सोही ऐनको दफा १५(१)(ङ)(१) बमोजिम किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई दशदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना हुनेमा दफा १५(१)(ज) अनुसार हुने न्यूनतम सजायको आधा सजाय कैद वर्ष ५(पाँच) र रू.२५,०००।– जरिवाना हुने गरी सुरू अदालतले गरेको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।७।२३ मा भएको फैसला सो हदसम्म मनासिब देखिन्छ । त्यसैगरी सोही ऐनको दफा १७ को उपदफा (१) मा अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेकोमा सोही ऐनको दफा (१५)(१)(ज) अनुसार पाँच वर्ष कैद र जरिवाना पच्चिस हजार रूपैयाँ मात्र हुने देखिएको परिप्रेक्ष्यमा यी प्रतिवादीबाट पीडित जाहेरवालाहरूलाई रू.६२,५००।- क्षतिपूर्ति भराइदिने ठहराएको हदसम्म उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।०७।२३ मा भएको फैसला मनासिब मान्न

नमिल्ने।

अतः पुनरावेदक प्रतिवादी रमेश दर्जीउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(क) को मानव ओसारपसारको कसुरमा दफा १५(१)(ङ)(१) बमोजिमको कसुर भई नसकेको र जाहेरवालाहरूलाई विदेशमा लान नपाउँदै नेपालमा पक्राउ परेको देखिँदा दफा १५(१)(ज) बमोजिमको मानव ओसारपसारको उद्योगमा आधा सजाय ५ (पाँच) वर्ष कैद र रू.२५,०००।–(पच्चिस हजार) जरिवाना हुने ठहराएको हदसम्म उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट जिल्ला अदालतको सुरू फैसला सदर गरेको मिति २०७३।०७।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । साथै दफा १७ बमोजिम यी प्रतिवादीबाट पीडित जाहेरवालाहरूलाई रू.६२,५००।- क्षतिपूर्ति भराइदिने ठहरेको हदसम्म उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट जिल्ला अदालतको सुरू फैसला सदर गरेको मिति २०७३।०७।२३ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीबाट पीडित जाहेरवालाहरूलाई क्षतिपूर्ति रू.२०,०००।–(बिस हजार रूपैयाँ) भराइदिनेसमेत ठहर्छ । यी पुनरावेदक प्रतिवादीउपर किनेको भन्ने दाबी नै नरहेको र बेच्ने कार्यको उद्योग गरेको भन्ने प्रमाणित हुन नसकेको स्थितिमा ऐ. ऐनको दफा ४(१)(क) बमोजिमको मानव बेचबिखनको कसुरमा दफा १५(१)(क) बमोजिम हुने सजायको आधा १५(१)(ज) बमोजिम मानव बेचबिखनको उद्योगमा १०(दश) वर्ष कैद र १ लाख जरिवाना हुने ठहरेको हदसम्म उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट जिल्ला अदालतको सुरू फैसला सदर गर्ने गरी मिति २०७३।०७।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई यी प्रतिवादीउपरको मानव बेचबिखनको उद्योगतर्फको कसुरको अभियोग मागदाबी पुग्न नसक्ने ठहर्छ । अभियोग दाबीबाट पूर्णरूपमा सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। निज प्रतिवादीलाई ठहरेको कैद वर्ष ५ बापत मिति २०७१।०२।१५ देखि मिति २०७६।०२।१४ सम्ममा कैद बसी भुक्तान गरिसकेको र निजलाई भएको जरिवाना रू.२५,०००।– बापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिन एकको रू.३००।–का दरले हिसाब गर्दा बस्नुपर्ने कैद अवधि २ महिना २४ दिनभन्दा बढी यी पुनरावेदक प्रतिवादी रमेश दर्जीले कैद बसी प्रस्तुत मुद्दाबाट भएको सजाय भुक्तान गरिसकेको देखिँदा यस मुद्दाबाट अविलम्ब कैद मुक्त गरिदिने।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७८ भदौ २८ गते रोज २ शुभम्।

**२३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री कुमार रेग्मी**, *०७२-**WO**-०६५४, उत्प्रेषण / परमादेशसमेत, कमला पोडे वि. सदस्य सचिव, डा.खेमबहादुर कार्की, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, काठमाडौंसमेत*

निवेदिका कमला पोडेलाई सेवाबाट हटाउने मिति २०७२।०१।२३ को निर्णय गर्दा सजायको आदेश दिन पाउने अधिकारीले विनियमको १०.१३ मा उल्लेख भएअनुरूप सोधिएको स्पष्टीकरण, सुनुवाइको मौका, कर्मचारीबाट पेस भएको सफाइसमेतको विवेचना गरी सबुद प्रमाणको समुचित मूल्याङ्कन गरी स्पष्टरूपमा आधार र कारण खुलाई राय ठहरसाथ निर्णय गरेको देखिएन। राय ठहर लेख्दा उक्त विनियम १०.१३ को उपविनियम (१) बमोजिम अनुसूची ८ को ढाँचाको अनुसरण भएकोसमेत देखिएन । पुनरावेदन सुन्ने परिषद्को कार्यकारी समितिको मिति २०७२।१०।१० को निर्णयमा समेत ऐजन विनियम १०.१६ बमोजिम सजायको आदेशमा लिइएको आधार प्रमाणित भइसकेको छ वा छैन, प्रमाणित भइसकेको आधार सजाय गर्नका निमित्त पर्याप्त छ वा छैन, सजाय गरेको ठिक, पर्याप्त, अपर्याप्त वा बढी के छ ? भन्ने आधारमा परिषद्को सो निर्णयको विवेचना गरी परिषद्को उक्त मिति २०७२।०१।२३ को निर्णय

सदर वा बदर के हुने भनी निष्कर्षमा पुग्नुपर्नेमा पुनरावेदन तहबाट सोबमोजिम भए गरेको नदेखिएकोले निवेदिका कमला पोडेलाई भविष्यमा परिषद्को सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०७२।०१।२३ गतेदेखि लागु हुने गरी सेवाबाट हटाउने गरी भएको परिषद्को उक्त निर्णय र सो सदर गरेको कार्यकारी समितिको मिति २०७२।१०।१० को निर्णय तथा तत्सम्बन्धी कामकारबाहीहरू कानूनअनुरूप भएको भन्ने नदेखिएकोले कायम रहन नसकी बदर हुने देखिने।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, कर्मचारी प्रशासन विनियम, २०६७ को विनियम १०.२ बमोजिम नसिहतको कसुरमा स्पष्टीकरण सोधी अर्को विनियमको १०.५ बमोजिमको कसुरमा विनियम १०.१३ को उपविनियम (२) विपरीत सजायको प्रस्ताव गरी दोस्रो पटक स्पष्टीकरण माग गरी, निवेदिकाले दिएको सफाइ मनगढन्ते, कपोलकल्पित, भ्रामक एवं तथ्यहीन भएको भन्ने आत्मगत आधार उल्लेख गरी विनियमको १०.१२ बमोजिम सफाइ सन्तोषजनक नहुनाको वस्तुगत कारण र प्रस्तावित सजायको औचित्यसमेत नखुलाई विनियमबमोजिमको प्रक्रिया पूरा नगरी उचित तथा पर्याप्त आधार र कारणबिना निवेदिका कमला पोडेलाई भविष्यमा परिषद्को सेवाको निमित्त अयोग्य नठहरिने गरी मिति २०७२।०१।२३ गतेदेखि लागु हुने गरी सेवाबाट हटाउने नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को मिति २०७२।०१।२३ को निर्णय र सो निर्णयउपर पुनरावेदन परी उक्त निर्णय सदर गर्ने निष्कर्षमा पुग्दा परिषद्को कार्यकारी समितिले सोही विनियमको १०.१६ बमोजिमको कुरामा विचार गरी अन्तिम आदेश दिएको नदेखिएकोले परिषद्को कार्यकारी समितिको मिति २०७२।१०।१० को निर्णयसमेत प्रचलित कानून तथा सेवासम्बन्धी उक्त विनियमबमोजिम भए गरेको नदेखिएकोले परिषद्को उक्त निर्णय र सोलाई सदर गर्ने गरेको कार्यकारीसमितिको निर्णय तथा निवेदिकालाई सेवाबाट हटाउन भए गरेका पत्राचारलगायतका कामकारबहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत : ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७८ भदौ ८ गते रोज ३ शुभम्।

**२४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०६८-**CR**-१०८१, कर्तव्य ज्यान, नेपाल सरकार वि. देवजंग शाही*

परिस्थितिजन्य प्रमाणको न्यायोचित मूल्याङ्कन नगरी प्रतिवादीलाई सफाइ दिएको भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा, प्रत्यक्ष प्रमाणबाट वारदात पुष्टि नभएको स्थितिमा परिस्थितिजन्य प्रमाणको विवेचना गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ । परिस्थितिजन्य प्रमाणमा ग्रहण गर्न घटनासम्बद्ध तथ्य र प्रमाण वारदात वा घटनाको कडीका रूपमा एकाकार वा मालाकार भई आउनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा जाहेरी दरखास्त नै विश्वसनीय नदेखिएको, अनुसन्धानका क्रममा भएको प्रतिवादीको साबिती बयान निजका विरूद्धको प्रमाणका रूपमा लिन मिल्ने नदेखिएको, मौकामा कागज गर्ने कृष्णबहादुर बमको यी प्रतिवादीले मदनकुमार शाहीलाई मारेको आफूलाई भनेको भनी अदालतमा गरेको बकपत्र मौकामा कागज गर्दा आफूले भन्न नसकेको तथ्य उल्लेख गरेकोलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने, मृतकको भेष्टको परीक्षणबाट रगत हो भन्ने पुष्टि हुन नसकेको, वारदात भएको राति ११ बजेसम्म देवजंग शाहीको तल्लो कोठामा हल्ला भएको सुनेको भनी भरतबहादुर बोहराले प्रहरीमा कागज गरिदिए पनि सो कुरा आफूले नभनेको भनी बकपत्र गरेबाट उक्त वारदात समय यकिन नभएको स्थितिमा एकापसमा आबद्ध र अन्योन्याश्रित नभई मालाकार कडीको रूपमा स्थापित हुन नसकेको अवस्थामा परिस्थितिजन्य प्रमाणलाई आधार लिई प्रतिवादी देवजंग शाहीलाई कसुरदार ठहर गरी अभियोग मागदाबीबमोजिम सजाय गर्नु न्यायोचित नहुने।

फौजदारी कसुरमा शङ्का र अनुमानका भरमा मात्र यी प्रतिवादीलाई कसुरदार ठहर गर्न उचित

हुँदैन । अनुसन्धानमा कागज गरिदिई अदालतमा समेत उपस्थित भई बकपत्र गरिदिएका नन्दबहादुर रावल, अर्जुन रोकाया,मानबहादुर नेपाली, प्रेमबहादुर रावल, लाली बोहरा, भरतबहादुर बोहरा, मानबहादुर कार्की, वीरे कामी, डबलबहादुर रोकाया, अंगद रावल, मृतकका बुवा वीरबहादुर शाही र कृष्णबहादुर वमले देवजंग शाहीले नै दाउराको चिर्पटले हानी कुटपिट गरेको आफैँले देखेको भनी यकिनसाथ लेखाइदिई अदालतमा बकपत्र गरिदिन सकेको देखिँदैन । यसरी वादी पक्षका साक्षीले यी प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भनी किटानीसाथ भन्न नसकेको स्थितिमा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी कानूनको सिद्धान्त एवम् प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीमा रहने भई त्यस्तो प्रमाण पेस गर्न नसके सोको लाभ प्रतिवादीले पाउने हुँदा प्रतिवादी देवजंग शाहीले मृतक मदनकुमार शाहीलाई कर्तव्य गरी मारेको हो भन्ने पुष्टि गर्ने निर्विवाद एवं निश्चयात्मक सबुद प्रमाणको अभाव रहेबाट र आशङ्काको भरमा मात्र यी प्रत्यर्थी/प्रतिवादी देवजंग शाहीलाई कसुरदार ठहर्‍याउन फौजदारी न्याय प्रणालीको मान्य सिद्धान्तको विपरीत समेत हुन जाने ।

प्रतिवादी देवजंग शाहीउपर घटनाको धेरै समयपछि सोची विचारी दिएको जाहेरी दरखास्तलाई विश्वसनीय मान्न नसकिएको, परिस्थितिजन्य प्रमाण पनि मालाकार कडीको रूपमा जोडिएर आएको नदेखिएको अवस्थामा शङ्का एवम् विश्वासको आधारमा मात्र दोषी ठहर गर्न नमिल्ने हुँदा शङ्काको सुविधा प्रतिवादीले पाउने भन्ने फौजदारी कानूनको सिद्धान्तबमोजिम प्रतिवादी देवजंग शाहीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू बाजुरा जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०६७।३।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत (उपसचिव): टीकाबहादुर थापा

इति संवत् २०७९ वैशाख २३ गते रोज ६ शुभम् ।

## २५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७८-**WH**-०२५१, बन्दीप्रत्यक्षीकरण, समिर थेवे वि. उच्च अदालत विराटनगर, इलाम इजलाससमेत*

कोभिड-१९ महामारीको स्थितिमा यस प्रकारका मुद्दामा दफा १५५ बमोजिमको सुविधा सम्बन्धमा यस अदालतको मिति २०७६।१२।७ को पूर्ण बैठकको निर्णयको बुँदा नं. ६ मा “नेपालका महान्यायाधिवक्ताको कार्यालयबाट अनुरोध भई आएको र विपदको यस परिस्थितिमा कारागारमा रहने कैदी बन्दीको भिडभाड कम गर्ने प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अनुसार कैदबापत रकम लिई कैदबाट छोडिपाउन निवेदन परेमा रकम लिई कैदबाट छाडिदिन उपयुक्त देखिए न्यायाधीशको इजलासबाट आवश्यक आदेश गरी छोड्ने व्यवस्था गर्ने” निर्णय भएकोसमेत देखिन्छ । उक्त निर्णयबमोजिम कोभिड-१९ को महामारी केही मत्थर रहे पनि महामारी अन्त्यको घोषणा भई नसकेको, विभिन्न भेरियन्टहरू विद्यमान रहिरहेको देखिएको अवस्थामा यी रिट निवेदकले भुक्तान गर्न बाँकी कैदबापत रकम बुझाउन नपाउने, कैदमा नै बस्नुपर्ने भनी ताप्लेजुङ जिल्ला अदालतबाट मिति २०७८।११।२३ मा भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७९।२।२० मा भएको आदेश कानूनको मनसाय एवं सर्वोच्च अदालतको कोभिड-१९ को परिपत्रअनुरूप भएको भन्ने नदेखिएको स्थितिमा दफा १५५ को सुविधा यी निवेदकले नपाउने भन्न मिलेन ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधा प्रदान गर्ने गरी यस अदालतको पूर्ण इजलासबाट ०७८-**WF**-००३० को बन्दीप्रत्यक्षीकरण मुद्दामा आदेश भइसकेको परिप्रेक्ष्यमा निवेदकलाई बहुविवाह मुद्दामा ताप्लेजुङ जिल्ला अदालतको मिति २०७५।३।१० को फैसलाले

कैद १ वर्ष र जरिवाना रू.५,०००।– (पाँच हजार रूपैयाँ) ठहरेकोमा निजलाई लागेको जरिवानाबापत ताप्लेजुङ जिल्ला अदालतमा र.नं.१३४ बाट रू.५,०००।– (पाँच हजार रूपैयाँ) दाखिला गरिसकेको देखिएको र निज मिति २०७८।११।२२ देखि आज मिति २०७९।३।२३ सम्म ४ महिना १ दिन थुनामा रहेको देखिँदा निजलाई लागेको कैद असुल हुन बाँकी रहेको कैदको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा (३) बमोजिम प्रतिदिन कैदको रू.३००।– का दरले हुने रकम दाखिला गरी ऐ.उपदफा (२) बमोजिमको कागज गरे यस मुद्दाको रोहबाट मात्र कैदबाट छाडिदिनु भनी ताप्लेजुङ जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने।

निवेदकलाई बहुविवाह मुद्दामा भएको फैसलाबमोजिमको सजाय भुक्तानको लागि कानूनबमोजिम कैदमा राखिएको देखिएकाले उक्त थुनालाई गैरकानूनी भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपरेन। उक्त बन्दीप्रत्यक्षीकरणको रिट खारेज हुने ठहर्छ। यी निवेदकको बहुविवाहको कसुर गम्भीर प्रकृतिको भएको भन्ने नदेखिएकोले निवेदकलाई भएको १ वर्षको कैद सजायमध्ये भुक्तान गर्न बाँकी देखिएको कैदको सन्दर्भमा दफा १५५ बमोजिम बाँकी कैदबापतको रकम बुझाउन ल्याए बुझी लिई यस मुद्दाको रोहबाट कैदमुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी / कमलकान्त जोशी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ आषाढ २३ गते रोज ५ शुभम्।

## २६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CR**-२३९०, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. बेचु मियाँसमेत*

प्रतिवादीहरूउपर लगाएको अभियोग दाबीबमोजिमको कसुर पुष्टि हुने प्रमाण वादी पक्षबाट पेस गर्न सकेको पाइएन। जाहेरवालाहरूले बकपत्र गर्दा यी प्रतिवादीहरूलाई दोषी देखाउन नसकेको, जुन कम्पनीमार्फत जाहेरवालाहरूका छोराहरू काम गर्न गएको हो सो कम्पनी वैदेशिक रोजगारको इजाजतप्राप्त कम्पनी रहेको र यी जाहेरवालाहरूका छोराहरू काम गर्न गएको भनिएको कम्पनीमा काम नगरेको देखिने प्रमाण मिसिल सामेल नरहेको स्थितिमा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७५।९।२९ मा भएको फैसला मिलेकै देखिने।

जहाँसम्म प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी जाहेरवालाहरूको बिगो र सोको हर्जाना निजहरूका छोराहरूलाई आतेजाते लागेको हवाई भाडासमेत भराइपाउँ भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा, प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबीबमोजिमको कसुर प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा रहनेमा वादी नेपाल सरकारले वैदेशिक रोजगार कसुर पुष्टि हुनेसम्मको प्रमाण पेस गर्न सकेको देखिएन। यस परिप्रेक्ष्यमा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरी जाहेरवालाहरूको बिगो र सोको हर्जाना साथै निजहरूका छोराहरूलाई आतेजाते लागेको हवाई भाडासमेत भराइपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् वादीतर्फबाट उपस्थित हुनुभएका उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी मिति २०७५।९।२९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा

इति संवत् २०७८ माघ २५ गते रोज ३ शुभम्।

## २७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**WO**-०९५०,*

*उत्प्रेषणसमेत, उज्वलबहादुर थापा वि. निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय, काठमाडौंसमेत*

साझा पार्टी र विवेकशील नेपाली दल मिति २०७४।५।२ मा "विवेकशील साझा पार्टी" नाम राखेर दर्ता भई एउटै पार्टी भएको कुरामा विवाद देखिँदैन । पार्टीमा खटपट भएपछि ३७ केन्द्रीय सदस्यमध्ये १६ जना विवेकशील पार्टीबाट अलग भई "विवेकशील नेपाली दल" नामको छुट्टै दल दर्ताको लागि निर्वाचन आयोगमा यी निवेदकले निवेदन दिएको देखिन्छ । कुल सदस्य संख्याको ४० प्रतिशत केन्द्रीय सदस्य नपुगेको हुँदा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३३(२) र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ को नियम ५(७) बमोजिम छुट्टै दल दर्ता गर्न नमिल्ने भएकोले छुट्टै दल दर्ता नगरिएको भन्ने निर्वाचन आयोगको लिखित जवाफ बेहोराबाट देखिन्छ । १६ जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरिएको हो । दल दर्ता गर्ने कार्य निर्वाचन आयोगको हुँदा यस पार्टीको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने विवेकशील साझा पार्टीको लिखित जवाफ बेहोरा देखियो । यसै विवादमा यी दुई पार्टी एक हुने घोषणापत्र जारी भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएको छ भनी निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले बहसको क्रममा उल्लेख गर्नु भई सो पार्टीहरू एक हुन जारी गरेको घोषणापत्रसमेत पेस गर्नुभयो । बहसको क्रममा पेस भएको सो घोषणापत्रको प्रतिलिपि हेर्दा यी दुई पार्टीले एकीकृत पार्टीको नाम "विवेकशील साझा पार्टी" हुने नाम राखी अध्यक्ष रविन्द्र मिश्र, संयोजक मिलन पाण्डे रहने गरी मिति २०७७।८।२४ का दिन दुवै पार्टी एकीकृत हुने भन्ने घोषणापत्र जारी गरेको देखिन्छ । पार्टी एक हुने घोषणापत्र नै जारी गरिसकेको अवस्थामा प्रस्तुत विवादको औचित्य समाप्त भइसकेको देखिँदा थप विवेचना गर्नुपर्ने अवस्था देखिएन । तसर्थ, मिति २०७५।११।२८ को "विवकेशिल नेपाली दल" दर्ता नगर्ने गरी निर्वाचन आयोगले गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी दल दर्ता गरिदिनु भन्ने परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन औचित्य समाप्त भइसकेको देखिँदा खारेज हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ फाल्गुन १० गते रोज ३ शुभम् ।

२८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**WO**-०९८५, परमादेश, रमेश पौड्यालसमेत वि. माननीय सानुकुमार श्रेष्ठ, सभामुख प्रदेश सभा ३, मकवानपुरसमेत*

साझा पार्टी र विवेकशील नेपाली दल मिति २०७४।५।२ मा "विवेकशील साझा पार्टी" नाम राखेर दर्ता भई एउटै पार्टी भएको कुरामा विवाद देखिँदैन । पार्टीमा खटपट सुरू भएपछि ३७ जना केन्द्रीय सदस्यमध्ये १६ जना विवेकशील पार्टीबाट अलग भई "विवेकशील नेपाली दल" नामको छुट्टै दल दर्ताको लागि निर्वाचन आयोगमा यी निवेदकसमेतले निवेदन दिएको देखिन्छ। विराजभक्त श्रेष्ठ, मिलन पाण्डे र आशुतोष तिवारी विवेकशील साझा दल आयोगमा दर्ता हुँदाका बखत केन्द्रीय सदस्य भएको नदेखिएको हुँदा ४०% केन्द्रीय सदस्य नपुगेको हुँदा छुट्टै दल दर्ता गर्न नमिल्ने गरी मिति २०७५।११।२८ मा आयोगबाट निर्णय भएको हो। निवेदकद्वय विराजभक्त श्रेष्ठ र रमेश पौड्याललाई संसद् सदस्य पदबाट फिर्ता बोलाउने अधिकार यस आयोगलाई छैन । फिर्ता बोलाउने, नबोलाउने कार्य सम्बन्धित पार्टीको हो । संसद् सदस्यबाट फिर्ता बोलाउने मिति २०७५।१२।१० को पत्र आयोगमा प्राप्त भएको पनि छैन भन्ने निर्वाचन आयोगको लिखित जवाफ बेहोराबाट देखिन्छ । यस पार्टीको मिति २०७५।९।२८ को केन्द्रीय समितिको बैठकले पार्टीको साधारण सदस्य र संसद् सदस्यसमेत नरहने गरी प्रदेशसभा सदस्य रमेश पौड्याल र विराजभक्त श्रेष्ठलाई बर्खास्त गरी प्रदेशसभा सदस्यबाट फिर्ता गर्न कारबाही अगाडि बढाइदिन च.नं.३८२ मिति २०७५।१२।१० को पत्र प्रदेशसभा सचिवालयमा दर्ता गराइएको छ भन्ने विवेकशील

साझा पार्टीको लिखित जवाफ बेहोराबाट देखिन्छ । सांसदद्वय रमेश पौड्याल र विराजभक्त श्रेष्ठको दल त्यागसम्बन्धी विषयमा प्रदेशस भाबाट कुनै निर्णय नभएको र प्रस्तुत विषयको विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेकोले यस विषयमा पछि प्रचलित कानून र अदालतको आदेशपश्चात् निर्णय गरिने भन्ने प्रदेश नं.३ का सभामुख सानुकुमार श्रेष्ठको लिखित जवाफमा उल्लेख भएबाट प्रदेशसभा सदस्यको पदबाट रमेश पौड्याल र विराजभक्त श्रेष्ठलाई हालसम्म निष्काशन गरेको वा निजहरूलाई संसद् सदस्यबाट मुक्त गरेको अवस्था देखिँदैन । हाल यी दुई पार्टी एक हुने घोषणापत्र जारी भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएको छ भनी निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीले बहसको क्रममा उल्लेख गर्नु भई सो पार्टीहरू एक हुन जारी गरेको घोषणापत्रको प्रतिलिपिसमेत पेस गर्नुभयो । बहसको क्रममा पेस भएको उक्त घोषणापत्रको प्रतिलिपि हेर्दा यी दुई पार्टीले एकीकृत पार्टीको नाम "विवेकशील साझा पार्टी" हुने नाम राखी अध्यक्ष रविन्द्र मिश्र, संयोजक मिलन पाण्डे रहने गरी मिति २०७७।८।२४ का दिन दुवै पार्टी एकीकृत हुने भन्ने घोषणापत्र जारी गरेको देखिन्छ । पार्टी एक हुने घोषणापत्र नै जारी गरिसकेको अवस्थामा प्रस्तुत विवादको औचित्य समाप्त भइसकेको देखिँदा थप विवेचना गर्नुपर्ने अवस्था नदेखिने । तसर्थ, विवेकशील साझा पार्टीले हामी निवेदकमध्येका विराजभक्त श्रेष्ठ र रमेश पौड्याललाई प्रदेश ३ को संसद् सदस्यबाट फिर्ता बोलाउने निर्णय गरी मिति २०७५।१२।१० मा प्रदेशसभा प्रदेश ३ को सचिवालयमा लेखेको पत्र र सो पत्रलाई विपक्षी निर्वाचन आयोग र प्रदेश ३ का सभामुखले कार्यान्वयन गर्न लागेको हुँदा सो कार्यबाट हाम्रो संवैधानिक, कानूनी एवं राजनीतिक अधिकारमा असर परेको हुँदा प्रदेश ३ को संसद् सदस्यबाट फिर्ता बोलाउने गरी गरेको निर्णय र पत्र बदर गरी संसद सदस्य पदमा यथावत् काम गर्न दिनु भनी परमादेश, प्रतिषेधलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदन दुवै पार्टी एक हुने निर्णय भई घोषणापत्रसमेत जारी भएको अवस्थामा औचित्यहीन भएकोले खारेज हुने ।

इजलास अधिकृत : राजकुमार आचार्य
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७८ फाल्गुन १० गते रोज ३ शुभम् ।

**२९**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-**WO**-०७८१, उत्प्रेषण, अविनाश मिश्र वि. उच्च अदालत जनकपुरसमेत*

विपक्षी / वादी संजयकुमार मिश्रले चलन मुद्दा तामेलीमा रहेको मिति २०७५।३।१४ बाट ६ महिनाको अवधि अर्थात् मिति २०७५।९।१३ सम्म साबिक दण्ड सजाय महलको ४८ नं.बमोजिमको तामेलीबाट जगाउन निवेदन दिन पाउने म्याद बाँकी रहेकोमा सो अवधिभित्रमै मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मिति २०७५।५।१ बाट लागु भई सो ६ महिनाको अवधिभित्रै नयाँ कानून लागु भएबाट निज विपक्षी/वादीको तामेलीबाट जगाइपाउन निवेदन दिने म्याद नगुज्रदै नयाँ कानून लागु भएको देखिएबाट निज विपक्षी/वादीको नयाँ कार्यविधि कानून लागु हुँदासम्म तामेलीबाट जगाउन आउन पाउने हक सुरक्षित नै रहेको देखिने ।

साबिक मुलुकी ऐन दण्ड सजायको ४८ नं. ले तोकेको मुद्दा तामेलीबाट जगाउन निवेदन दिन पाउने ६ महिनाको म्याद नसकिँदै मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लागु भई उक्त संहिताको दफा २३६ बमोजिम लाग्ने दस्तुर लिई फैसला कार्यान्वयनका लागि १ वर्षभित्र आउन सक्ने नै देखिँदा तहसिलदारले तामेलीबाट जगाउन गरेको आदेश निवेदकले दाबी गरे जस्तो तोकेको अवधि व्यतित भएपछि भए गरेको हुँदा कानून विपरीतको रहेको भनी मान्न सक्ने अवस्था नदेखिँदा उक्त आदेश र सोलाई सदर गर्ने तह तहका अदालतको आदेश मनासिब नै देखिने ।

तहसिलदारबाट भएको तामेलीबाट जगाउने आदेशमा कुनै पनि कानूनी व्यवस्था र सोबमोजिम लाग्ने दस्तुरबारे केही पनि उल्लेख नभएको भन्ने

निवेदक दाबीतर्फ हेर्दा, तहसिलदारबाट भएको उक्त तामेलीबाट जगाउने आदेश माथि विवेचना गरिएबमोजिम कानूनसम्मतरूपमा नै भए गरेको देखिएको हुँदा कानूनी व्यवस्था उल्लेख नगरेकै आधारमा मात्र उक्त आदेशलाई बदर गर्न नमिल्ने साथै दस्तुर सम्बन्धमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २३६ बमोजिमको दस्तुर र लाग्ने भए अन्य दस्तुरसमेत लिन बाँकी भए चलन पुर्जी दिँदाका बखत विपक्षी/वादीबाट सो दस्तुर लिई चलन पुर्जी दिने हुँदा सोतर्फ थप विवेचना गरिरहनुपर्ने नदेखिने।

अत: महोत्तरी जिल्ला अदालतका तहसिलदारबाट उक्त चलन मुद्दा तामेलीबाट जगाउने गरी भए गरेको आदेश कानूनले निर्दिष्ट गरेबमोजिम नै भएको देखिएको, हालको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ ले प्रदान गरेको सुविधा यी विपक्षीले नपाउने भन्न मिल्ने अवस्था नदेखिएको, कानूनबमोजिम तहसिलदारबाट भएको आदेशलाई महोत्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुरबाट बदर गर्नु नपर्ने भनी भएका आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको नदेखिएको र कानूनबमोजिम साधिकार निकायले गरेका आदेशबाट निवेदकको कुनै संवैधानिक र कानूनी हकमा आघात पुगेको पनि निवेदकबाट स-प्रमाण पुष्टि गर्नसमेत नसकेको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : टीकाबहादुर थापा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ आश्विन ५ गते रोज ३ शुभम्।

### ३०

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७३-**CI**-०१३३, हक कायम नामसारी दर्तासमेत, पूर्णमुनी शाक्य वि. रविमान शाक्यसमेत*

पुनरावेदन अदालत पाटनबाट मोही बुझ्ने आदेश भएकोमा दाबीका कि.नं. १०९ र ११२ को जग्गा मेरा पिता गोपालबहादुरले कमाई आएको र पिताको मृत्युपश्चात् अर्थात २०६८ भाद्र २८ गतेपछि मैले कमाई आएको छु । उक्त जग्गाको बाली काठमाडौं जिल्ला ओमवहाल बस्ने वोधिमान शाक्यको छोरा आनन्दमान शाक्य र अमृतमान शाक्यलाई बुझाइआएका थियौँ। निज आनन्दमान र अमृतमानको मृत्युपश्चात् निजहरूका छोराहरू रविमान शाक्य र नरेशमान शाक्यलाई बुझाइआएका छौँ। उक्त कि.नं.१०९ र ११२ का जग्गाहरूको मोही मेरा बाबु गोपालबहादुर थापा हो भनी गोपालबहादुर थापाका छोरा रत्नबहादुर थापाले बयान गरेको पाइयो। त्यसैगरी दाबीको कि.नं. १११ को जग्गा मैले कमाई आएको छु। मैले सो जग्गाको कुत आनन्दमान शाक्य र अमृतमान शाक्यलाई बुझाइआएको थिएँ। निजहरूको मृत्युपश्चात् रविमान शाक्य र नरेशमान शाक्यलाई बुझाइआएको छु। उक्त जग्गाको मोही म हुँ भनी र कान्छी थापा भन्ने अलैंची थापाले आफ्नो बयान बेहोरामा लेखाएको कुरा प्रमाणमा प्राप्त हुन आएको पुनरावेदन अदालत पाटनको दे.पु.नं. ००६१ को हक कायम नामसारी दर्तासमेतको मिसिल सामेल रहेको बयान बेहोराबाट लेखाएको देखिन्छ । निजहरूले प्रत्यर्थीहरूलाई कुत बुझाएका भरपाईका फोटोकपीहरू प्रमाणका रूपमा पेस गरेको देखिन्छ। यसरी दाबीका विवादित जग्गाका मोहीहरूले सर्जमिन मुचुल्कामा लेखाइदिएको बेहोरा र तत्कालीन पुनरावेदन अदालत पाटनमा लेखाइदिएको बयान बेहोरा र बयानका क्रममा पेस गरेका भरपाईसमेतबाट दाबीका जग्गाहरू प्रत्यर्थीहरूका हक भोग र स्वामित्वको रहे भएको तथ्य पुष्टि हुने देखिन आयो । यस स्थितिमा समेत २००१।५।२६ मा पारित बन्डापत्रको लिखत, २०१२।५।७ मा पारित बन्डापत्रको लिखत, २००४ सालको फार्छे राजीनामालाई यी पुनरावेदकले अन्यथा भन्न नसकेको अवस्थासमेतलाई विश्लेषण गरी तत्कालीन पुनरावेदन अदालतबाट मिति २०६९।४।७ मा भएको फैसला मिलेकै देखिने।

दाबीका जग्गाहरू विपक्षीको दाताको नाममा फिल्डबुक, स्रेस्ता, ७ नं. फाँटवारी तयार नभएकोले विपक्षीले जिकिर लिएको मिति २००४।७।१८ को फार्छे राजीनामा र विपक्षीहरूका पितापुर्खाहरूबिच भएको

२०१२।५।७ को बन्डापत्र जालसाजी भएको पुष्टि हुन्छ भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा सुरू जिल्ला अदालतमा प्रस्तुत मुद्दाका प्रत्यर्थीहरूले पेस गरेको हक कायम जग्गा खिचोला चलन मुद्दामा प्रतिउत्तर फिराउने क्रममा यी पुनरावेदकले उपर्युक्त उल्लिखित कागजातहरूलाई अन्यथा भन्न सकेको देखिएन । यसस्थितिमा यी पुनरावेदकले केवल यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउन पेस गरेको निवेदनमा जिकिर लिएको भरमा सो कुरा विश्वासयोग्य मान्न मिलेन । यस स्थितिमा यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र निजतर्फका विद्वान् वरिष्ठ अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।११।२० मा दाबीबमोजिम हक कायम दर्ता नामसारीसमेत हुनेगरी भएको फैसला सुरू सदर हुने ठहराई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।४।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : विष्णुप्रसाद खतिवडा

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७८ मङ्सिर २८ गते रोज ३ शुभम् ।

- यसै लगाउका ०७३-**CI**-०१३२, हक कायम नामसारी दर्तासमेत, पूर्णमुनी शाक्य वि. रविमान शाक्यसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. २

### ३१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी**, *०७५-**WO**-०२७०, उत्प्रेषण, इन्द्र बहादुर तिमिल्सिनासमेत वि. अम्बिका तिमिल्सिना भन्ने खिनमाया तिमिल्सिनासमेत*

प्रत्यर्थी अम्बिका भन्ने खिनमाया तिमिल्सिनाले मकवानपुर जिल्ला अदालतमा दायर गरेको ०६८-**cp**-०२४६ को अंश मुद्दामा सो अदालतको मिति २०७०।०३।१९ को फैसलाले पिता अम्बरबहादुर नाउँ दर्ताको कि.नं. ६६२ र कि.नं.१३७३ को जग्गा ८ भागको २ भाग अंश प्रत्यर्थी खिनमाया र बहिनी तुलसा तिमिल्सिनाले पाउने ठहरी फैसला भएकोमा सो फैसला उच्च अदालत पाटन, हेटौंडा इजलासबाट समेत सदर भई अन्तिम भएको देखिन्छ । अंश मुद्दाको उक्त फैसलाबाट यी निवेदकहरूलगायत सबै अंशियारले उल्लिखित कित्ता जग्गाबाट आ-आफ्नो भाग अंश पाउने तथ्यमा विवाद भएन । सो फैसला बमोजिम बन्डा गरिपाउँ भनी वादीको निवेदन परेकोमा कि.नं. १३७३ को जग्गा फाइनान्समा जेथा राखी रोक्का रहेकोले बन्डा कार्यान्वयन हुन नसकी कि.नं. ६६२ को जग्गा मात्र बन्डा भएको देखिन्छ । पछि मिति २०७४।०४।२५ को बन्डा मुचुल्काबाट कि.नं. ६६२ को जग्गाबाट यी निवेदकहरूले समेत अंश प्राप्त गरेको मिसिल संलग्न बन्डा मुचुल्काको प्रतिलिपिबाट देखिन्छ । रोक्का भएको कि.नं. १३७३ को जग्गा बन्डा हुन नसकेको अवस्थामा कि.नं. ६६२ को जग्गा बन्डा भइसकेपश्चात् पिता अम्बरबहादुर तिमिल्सिनाको हकमा निवेदक छोरा राजन तिमिल्सिनाले बैंकको रकम बुझाई पिता अम्बर बहादुर तिमिल्सिनाकै नाउँमा कि.नं.१३७३ को जग्गा फिर्ता आएको भन्ने मिसिल संलग्न महालक्ष्मी विकास बैंकको च.नं. ९३१ को पत्रबाट देखिन आएको छ । उक्त कि.नं. १३७३ को जग्गा अम्बरबहादुरको नाउँमा फिर्ता आई फैसलाबमोजिम निवेदकहरूले सो जग्गाबाट समेत बन्डा पाउनुपर्ने भनी मकवानपुर जिल्ला अदालतमा निवेदन दिएकोमा केहि सम्पत्ति पहिला बन्डा गरी लगिसकेको भन्ने आधारमा सो कित्ताबाट बन्डा नलाग्ने भन्ने आदेश गरी उक्त आदेश उच्च अदालतबाट समेत सदर भएको देखियो । सुरूमा बन्डा गर्दा एउटा कित्ता जग्गा रोक्का भएको कारण बन्डा हुन नसकी अर्को एउटा कित्ताबाट मात्र बन्डा भएकोमा पछि यिनै निवेदकले बैंकको रकम बुझाई जग्गा फिर्ता गराएकोमा साबिक जग्गाधनी पिताको नाममा फिर्ता आएको र अघि बन्डा भइसकेको

भन्ने आधारमा बन्डा गर्न इन्कार गर्न अदालतको अन्तिम फैसलाबमोजिम प्राप्त अंश हक जस्तो नैसर्गिक हकबाट यी निवेदकहरू बन्चित हुने अवस्था देखियो । अदालतबाट जुन रूपमा फैसला भएको छ उक्त फैसला सोहि अनुरूप कार्यान्वयन हुन आवश्यक हुन्छ। अंश मुद्दामा यी निवेदकलगायतका अंशियारहरूले कि.नं. १३७३ बाट समेत आफ्नो अंश हकबापत बन्डा लिन पाउने ठहरिएको अवस्थामा उक्त कित्ताबाट निवेदकहरूलाई बन्डा गर्न इन्कार गरेको कार्यबाट निवेदकहरू फैसलाले पाएको अंश हकबाट बन्चित हुने अवस्था देखिएकोले निवेदकहरूले बन्डा नपाउने भनी गरेको सुरू मकवानपुर जिल्ला अदालतको आदेश तथा सो आदेश सदर गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको आदेशसमेत न्यायोचित र कानूनसम्मतसमेत नदेखिने।

तसर्थ, कि.नं.१३७३ को जग्गा बन्डा गर्न नमिल्ने भनी मकवानपुर जिल्ला अदालतबाट मिति २०७५।०३।२२ को आदेश सदर गर्ने गरेको उच्च अदालत पाटन, हेटौडा इजलासको मिति २०७५।०४।३१ गतेको आदेश कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर भई अंश मुद्दाको फैसलाबमोजिम बन्डा गर्न बाँकी रहेको कि.नं. १३७३ को घरजग्गाबाट निवेदकहरूको अंश भाग कार्यान्वयनतर्फ कारबाही चलाउनु भनी मकवानपुर जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: सीताराम खड्का

इति संवत् २०७९ साल असार १७ गते रोज ६ शुभम्।

- यसै लगाउका ०७६-**MS**-००३२, अदालतको अवहेलना, विसन तिमिल्सिनासमेत वि. अम्बिका भन्ने खिनमाया तिमिल्सिनासमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**३२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-**WO**-१०६३, c*

प्रस्तुत निवेदनका निवेदक तत्काल प्रचलित निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ बमोजिम मिति २०४०।१।१२ मा अस्थायी रूपमा सेवा प्रवेश गरी सोही पद तथा श्रेणीमा अविच्छिन्न सेवा गरी मिति २०५०।२।३२ मा स्थायी नियुक्ति भएको देखिन्छ। सेवा प्रवेश गर्दाका अवस्थामा बहाल रहेको निजामती सेवा ऐन, २०१३ को दफा ७ तथा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले अवलम्बन गरेको सेवा सर्तको सुरक्षासम्बन्धी सिद्धान्त तथा कानूनी व्यवस्थाको विपरीत राज्यले कुनै पनि कार्य गर्न मिल्ने देखिँदैन । त्यसैगरी, कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ग) मा पनि कुनै ऐनले कुनै ऐनको व्यवस्थालाई खारेज गऱ्यो भने यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधामा असर पार्ने छैन भनी उल्लेख भएको देखिन्छ । यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा पनि निज निवेदकले गरेको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना नगर्न मिल्ने नदेखिने।

निज निवेदकले अस्थायी सेवा गरी सो अस्थायी सेवालाई अविच्छिन्न राखी स्थायी नियुक्ति भएकोमा विवाद नरहेको, निजको अस्थायी सेवा अवधिलाई निजामती किताबखानामा जोडाई अभिलेखवद्ध पनि गरिएको देखिएको, निजामती सेवा नियमावली, २०५० मा मिति २०५६।०४।२७ मा भएको दोस्रो संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था थप गरिएको देखिएको तथा निजामती सेवा नियमावली, २०५० मा भएको सातौं संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था झिकिएको भए पनि निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा भएको व्यवस्थाबाट निज निवेदकको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना हुने व्यवस्था सुरक्षितै रहेको मान्नुपर्ने देखिँदा निजको अस्थायी सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनार्थ गणना नगरी निजको स्थायी

सेवा अवधिलाई मात्र गणना गरी निजलाई मिति २०७५।२।२७ मा दिइएको निवृत्तिभरण अधिकारपत्र र सोसँग सम्बन्धित टिप्पणी आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७४।१०।१३ मा अनिवार्य अवकाश प्राप्त गरेका यी निवेदकको मिति २०४०।१।१२ देखि गरेको अस्थायी सेवा अवधिसमेत गणना गरी जम्मा हुन आउने वर्ष, महिना र दिनको हिसाबले निवृत्तिभरणको रकम कायम गरी निवृत्त भएका मितिदेखि नै लागु हुने गरी यी निवेदक हिरालाल भुसाललाई निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम्।

**३३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-**WO**-१०६६, उत्प्रेषणसमेत, राजकुमार नापित वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

प्रस्तुत निवेदनका निवेदक तत्काल प्रचलित निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ बमोजिम मिति २०३८।१०।२६ मा अस्थायी रूपमा सेवा प्रवेश गरी सोही ना.प्रा.स. पद तथा श्रेणीमा अविच्छिन्न सेवा गरी मिति २०४०।९।११ मा स्थायी नियुक्ति भएको देखिन्छ । सेवा प्रवेश गर्दाका अवस्थामा बहाल रहेको निजामती सेवा ऐन, २०१३ को दफा ७ तथा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले अवलम्बन गरेको सेवा सर्तको सुरक्षासम्बन्धी सिद्धान्त तथा कानूनी व्यवस्थाको विपरीत राज्यले कुनै पनि कार्य गर्न मिल्ने देखिँदैन । त्यसैगरी, कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ग) मा पनि कुनै ऐनले कुनै ऐनको व्यवस्थालाई खारेज गऱ्यो भने यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधामा असर पार्ने छैन भनी उल्लेख भएको देखिन्छ । यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा पनि निज निवेदकले गरेको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना नगर्न मिल्ने नदेखिने।

यसप्रकार, निज निवेदकले अस्थायी सेवा गरी सो अस्थायी सेवालाई अविच्छिन्न राखी स्थायी नियुक्ति भएकोमा विवाद नरहेको, निजको अस्थायी सेवा अवधिलाई निजामती किताबखानामा जोडाई अभिलेखवद्ध पनि गरिएको देखिएको, निजामती सेवा नियमावली, २०५० मा मिति २०५६।०४।२७ मा भएको दोस्रो संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था थप गरिएको देखिएको तथा निजामती सेवा नियमावली, २०५० मा भएको सातौँ संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था झिकिएको भए पनि निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा भएको व्यवस्थाबाट निज निवेदकको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना हुने व्यवस्था सुरक्षितै रहेको मान्नुपर्ने देखिँदा निजको अस्थायी सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनार्थ गणना नगरी निजको स्थायी सेवा अवधिलाई मात्र गणना गरी निजलाई मिति २०७५।५।२८ मा दिइएको निवृत्तिभरण अधिकारपत्र र सोसँग सम्बन्धित टिप्पणी आदेश समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७५।३।२१ मा अनिवार्य अवकाश प्राप्त गरेका यी निवेदकको मिति २०३८।१०।२६ देखि गरेको अस्थायी सेवा अवधिसमेत गणना गरी जम्मा हुन आउने वर्ष, महिना र दिनको हिसाबले निवृत्तिभरणको रकम कायम गरी निवृत्त भएका मितिदेखि नै लागु हुने गरी यी निवेदक राजकपुर नापितलाई निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत:- श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम्।

**३४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-**WO**-१०६५, उत्प्रेषणसमेत, नारायण गिरी वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

प्रस्तुत निवेदनका निवेदक तत्काल प्रचलित निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ बमोजिम मिति २०४६।३।२४ मा अस्थायी रूपमा सेवा प्रवेश गरी सोही पद तथा श्रेणीमा अविच्छिन्न सेवा गरी मिति २०५०।३।१० मा स्थायी नियुक्ति भएको देखिन्छ। सेवा प्रवेश गर्दाका अवस्थामा बहाल रहेको निजामती सेवा ऐन, २०१३ को दफा ७ तथा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले अवलम्बन गरेको सेवा सर्तको सुरक्षासम्बन्धी सिद्धान्त तथा कानूनी व्यवस्थाको विपरीत राज्यले कुनै पनि कार्य गर्न मिल्ने देखिँदैन। त्यसैगरी, कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ग) मा पनि कुनै ऐनले कुनै ऐनको व्यवस्थालाई खारेज गर्‍यो भने यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधामा असर पार्ने छैन भनी उल्लेख भएको देखिन्छ। यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा पनि निज निवेदकले गरेको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना नगर्न मिल्ने नदेखिने।

यसप्रकार, निज निवेदकले अस्थायी सेवा गरी सो अस्थायी सेवालाई अविच्छिन्न राखी स्थायी नियुक्ति भएकोमा विवाद नरहेको, निजको अस्थायी सेवा अवधिलाई निजामती किताबखानामा जोडाई अभिलेखवद्ध पनि गरिएको देखिएको, निजामती सेवा नियमावली, २०५० मा मिति २०५६।०४।२७ मा भएको दोस्रो संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था थप गरिएको देखिएको तथा निजामती सेवा नियमावली, २०५० मा भएको सातौँ संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था झिकिएको भए पनि निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा भएको व्यवस्थाबाट निज निवेदकको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना हुने व्यवस्था सुरक्षितै रहेको मान्नुपर्ने देखिँदा निजको अस्थायी सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनार्थ गणना नगरी निजको स्थायी सेवा अवधिलाई मात्र गणना गरी निजलाई मिति २०७७।९।२८ मा दिइएको निवृत्तिभरण अधिकारपत्र र सोसँग सम्बन्धित टिप्पणी आदेश समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७७।९।१८ मा अनिवार्य अवकाश प्राप्त गरेका यी निवेदकको मिति २०४६।३।२४ देखि गरेको अस्थायी सेवा अवधिसमेत गणना गरी जम्मा हुन आउने वर्ष, महिना र दिनको हिसाबले निवृत्तिभरणको रकम कायम गरी निवृत्त भएका मितिदेखि नै लागु हुने गरी यी निवेदक नारायण गिरीलाई निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत :- श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम्।

**३५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र श्री तिलप्रसाद श्रेष्ठ**, *०७३-**CI**-०९०४, ०७३-**CI**-१७१६, अंश चलन, पुष्परतत्न धाख्वा शाक्य वि. रोमरत्न शाक्य (धाख्वा), रोमरत्न शाक्य (धाख्वा) वि. यज्ञरत्न धाख्वासमेत*

त्यसैगरी बन्डा हुनुपर्ने भनी दाबी लिएको कि.नं. ३६९ को जग्गाको हकमा विचार गर्दा, सुरू जिल्ला अदालतमा तायदाती फाँटवारी पेस गर्दा वादी रोमरत्नले कि.नं. ३६९ को जग्गा प्रतिवादी मानकाजीको परिवारको नाममा दर्ता रहेको भनी उल्लेख भए तापनि उक्त जग्गा बाबु चिनियाकाजीबाट खरिद गरिदिएको भनी उल्लेख गरेकोमा प्रस्तुत पुनरावेदनमा भने सो जग्गा दाजु मानकाजीको नाउँमा रहेको भनी उल्लेख गरेको देखिन्छ। बन्डा लाग्नुपर्ने भनी दाबी गरेको जग्गा को कस्को नाउँमा रहेको छ भन्ने विषयमा वादीले नै सुरू जिल्ला अदालतमा पेस गरेको तायदाती फाँटवारी र प्रस्तुत पुनरावेदनमा फरक फरक

बेहोरा उल्लेख गरेको अवस्था छ । यसका अतिरिक्त उक्त जग्गा चिनियाकाजीले खरिद गरिदिएको नभई मेरा पुत्रहरू मिकिन शाक्य धाख्वा र राहुल शाक्य धाख्वाले २०४६।०७।२४ मा हालैदेखिको बकसकपत्रमार्फत प्राप्त गरेको हुँदा उक्त सम्पत्ति बन्डा नलाग्ने सम्पत्ति हो भनी प्रतिवादी मानकाजी धाख्वाले हुलाकमार्फत प्रेषित गरी मिसिल सामेल रहेको निवेदनमा उल्लेख भएको देखिन्छ । उक्त निवेदनसाथ प्राप्त भएको र.नं. १४०१, मिति २०४६।०७।२४ को हालैदेखिको बकसपत्रको लिखतको प्रतिलिपि हेर्दा कि.नं. ३५० को जग्गालाई कित्ताकाट गरी कायम गरिएको कि.नं.३६५ जग्गा हिरादेवी श्रेष्ठले र प्रतिवादी मानकाजी धाख्वाको छोराहरू मिकिन शाक्य धाख्वा र राहुल शाक्य धाख्वालाई हालैदेखिको बकसपत्र गरी हक हस्तान्तरण गरिएको देखिन्छ । वादी रोमरत्न धाख्वाले तायदाती बन्डा हुनुपर्ने जग्गा भनी दाबी लिएको कि.नं.३६९ को जग्गाको दर्ता स्रेस्ता प्राप्त हुन आएको देखिएको छैन । मिसिल सामेल रहेको मालपोत कार्यालय ललितपुरको च.नं. २४५३, मिति २०७०।०८।१७ को पत्रबाट उक्त जग्गाको कम्प्युटर इन्ट्री नभएकोले स्रेस्ता पठाउन नसकिएको भनी जवाफ प्राप्त भएको देखिन्छ । उक्त जग्गाको दर्ता स्रेस्ता प्राप्त नभएको र सो सम्बन्धमा वादीले समेत थप प्रमाण पेस गर्न नसकी जग्गा नै को कस्को नाममा दर्ता रहेको छ भन्ने तथ्य नै पुष्टि नभएको अवस्थामा अनुमानको भरमा उक्त जग्गा बन्डा लाग्ने भनी भन्न मिल्ने अवस्था देखिएन । जहाँसम्म मानकाजीले निवेदनमा उल्लेख गरेको कि.नं.३६५ को सन्दर्भ छ, सो जग्गा बन्डा गर्नुपर्ने हो कि भन्नेतर्फ हेर्दा उक्त कि.नं. ३६५ को जग्गा हिरादेवी श्रेष्ठले मिकिन शाक्य धाख्वा र राहुल शाक्य धाख्वालाई बकसपत्र गरिदिई हक हस्तान्तरण गरिदिएको देखिन्छ । सो बकसपत्र पारित गर्ने कार्यमा वादीका पिता चिनियाकाजी धाख्वाको संलग्नता थियो भन्ने तथ्य उक्त बकसपत्रको प्रतिलिपी एवं मिसिल सामेल अन्य कागज प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । उक्त बकसपत्र दिने व्यक्ति हिरा देवी श्रेष्ठ यी वादी एवं प्रतिवादीका अंशियारा हुन् भन्ने पनि देखिएको छैन । प्रतिवादी मानकाजीले दिएको निवेदनमा उल्लिखित बेहोरा अन्यथा हो भनी वादीले भन्नसकेको स्थिति पनि देखिँदैन । यसरी अंशियाराभन्दा बाहिरको व्यक्तिले बकसपत्रमार्फत दिएको सम्पत्ति बकसपत्र पाउने व्यक्तिको निजी आर्जनको हुने नै हुँदा उक्त कि.नं. ३६९ को जग्गामा आफ्नो अंशहक रहेकोले सो जग्गासमेत बन्डा लाग्नुपर्ने भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

पुनरावेदक प्रतिवादीहरूको नाममा रहेको कि.नं. २६५ र कि.नं. १६ हाल कित्ता काट भई कायम कि.नं. २६६ को जग्गा निजहरूको निजी आर्जनको मान्न मिल्ने अवस्थाको देखिन्छ वा देखिँदैन भन्ने दोस्रो प्रश्नमा विचार गरौँ । सुरू मिसिल संलग्न यी जग्गाहरूको स्रेस्ताको प्रतिलिपि हेर्दा कि.नं. २६५ को क्षे.रो. ०-२-२-० को जग्गा पुनरावेदक प्रतिवादी पुष्परत्नको नाममा र कि.नं. १६ हाल कित्ता काट भई कायम कि.नं. २६६ को ०-२-२-० को जग्गा पुनरावेदक प्रतिवादी चन्द्रमायाको नाममा दर्ता रहेको देखिन्छ ।उक्त स्रेष्तामा कारोबारको बेहोरामा मिति २०६७।०५।३० गते बकसपत्रबाट प्राप्त भएको भनी उल्लेख गरिएको छ । कि.नं. २६५ को ज.क्षे.रो. ०-२-२-० को जग्गा पुनरावेदक प्रतिवादी पुष्परत्नले आफ्नो आमा चन्द्रमायाबाट बकस प्राप्त गरेको भन्ने उक्त बकसपत्रबाट देखिन्छ भने सोही बकसपत्रको कागजमा कि.नं. २६६ को ज.क्षे.रो. ०-२-२-० जग्गालाई माहिलो दाजु रोमरत्न र कान्छो भाइ नेमरत्नले आधा आधा लिएमा प्रतिवादी पुष्परत्नले मन्जुरी जनाएको बेहोरासमेत परेको देखिन आयो । यस सन्दर्भमा, कि.नं. २६६ को ज.क्षे.रो. ०-२-२-० जग्गा आफ्नो व्यक्तिगत स्वआर्जनको भएको भन्ने पुनरावेदक प्रतिवादी चन्द्रमायाको पुनरावेदन जिकिर र कि.नं. २६५ को ज.क्षे.रो. ०-२-२-० को जग्गा आमा चन्द्रमायाले कान्छो भाइ नेमरत्नसमेतलाई साक्षी राखी

आफूलाई हालैको बकसपत्र गरिदिएकोले उक्त जग्गामा पुनरावेदक वादी रोमरत्नको अंश हक लाग्दैन भन्ने पुनरावेदक प्रतिवादी पुष्परत्नको पुनरावेदन जिकिर रहेको देखिने।

यी जग्गाहरूमध्ये कि.नं. २६६ को जग्गाको सन्दर्भमा विचार गर्दा, प्रतिवादीहरूले प्रतिउत्तर फिराउँदा वादी प्रतिवादीका पति पिता चिनियाकाजीले नै आफ्नो पिता एवं दाजुभाइहरूसँग अंश प्राप्त गरी नसकेको तथ्य स्वीकार गरेको अवस्थामा वादी प्रतिवादीहरू बिच अंशबन्डा नभएको तथ्यलाई पनि स्वीकार गरेकै मान्नुपर्ने देखिन्छ। त्यसैगरी पुनरावेदक प्रतिवादीहरूले यस अदालतमा पुनरावेदन दायर गर्दा २०५० साल अगावै वादीसँग मानो छुट्टिई बसेको भन्ने जिकिर लिए तापनि सो कुरा पुष्टि हुने गरी कुनै तथ्ययुक्त प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन। अतः निज पुनरावेदक वादी तथा पुनरावेदक प्रतिवादीहरू फिराद परेको अघिल्लो दिनसम्म एकासगोलमै बस्दै आएको कुरा मान्नुपर्ने देखिन्छ। पुनरावेदक प्रतिवादी चन्द्र मायाको नाममा दर्ता रहेको कि.नं. १६ कित्ता काट भई हाल कायम कि.नं. २६६ को ०-२-२-० को जग्गा निज चन्द्रमायाले मिति २०३३/०६/१० गते राजीनामाबाट प्राप्त गरेको तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। निज चन्द्रमाया पुनरावेदक वादी रोम रत्नको आमा भएको र निजहरू अंशियार नाताका व्यक्ति हुन् भन्ने कुरामा विवाद नरहेको।

यसप्रकार विवादित कि.नं. २२८, ३५७, ४५५, ४०४, ४०५ र ३६९ का जग्गाहरू सगोलको अंश लाग्ने सम्पत्ति हो भनी प्रमाणित हुन नआएको र पुनरावेदक प्रतिवादीहरूको नाममा रहेको कि.नं. २६५ तथा कि.नं. १६ बाट हाल कायम कि.नं. २६६ को जग्गा निजहरूको निजी आर्जनको मान्न मिल्ने अवस्था नदेखिएकोले सुरू जिल्ला अदालतबाट भएको मिति २०७१।२।१८ को फैसला केही उल्टी हुने ठहऱ्याई कि.नं. २६६ र २६५ समेतको घरजग्गाबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।०२।०२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल असोज २ गते रोज १ शुभम्।

## ३६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-**WO**-१०६४, उत्प्रेषणसमेत, सानोकाजी पछाई वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

प्रस्तुत निवेदनका निवेदक तत्काल प्रचलित निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०२१ बमोजिम मिति २०४६।१०।८ मा अस्थायी रूपमा सेवा प्रवेश गरी सोही पद तथा श्रेणीमा अविच्छिन्न सेवा गरी मिति २०५०।३।७ मा स्थायी नियुक्ति भएको देखिन्छ। सेवा प्रवेश गर्दाका अवस्थामा बहाल रहेको निजामती सेवा ऐन, २०१३ को दफा ७ तथा प्रचलित निजामती सेवा ऐन, २०४९ को दफा ५८ ले अवलम्बन गरेको सेवा सर्तको सुरक्षासम्बन्धी सिद्धान्त तथा कानूनी व्यवस्थाको विपरीत राज्यले कुनै पनि कार्य गर्न मिल्ने देखिँदैन। त्यसैगरी, कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ को खण्ड (ग) मा पनि कुनै ऐनले कुनै ऐनको व्यवस्थालाई खारेज गऱ्यो भने यसरी खारेज भएको कुनै ऐनबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधामा असर पार्ने छैन भनी उल्लेख भएको देखिन्छ। यो कानूनी व्यवस्थाको रोहमा विचार गर्दा पनि निज निवेदकले गरेको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना नगर्न मिल्ने नदेखिने।

यसप्रकार, निज निवेदकले अस्थायी सेवा गरी सो अस्थायी सेवालाई अविच्छिन्न राखी स्थायी नियुक्ति भएकोमा विवाद नरहेको, निजको अस्थायी सेवा अवधिलाई निजामती किताबखानामा जोडाई अभिलेखवद्ध पनि गरिएको देखिएको, निजामती सेवा नियमावली, २०५० मा मिति २०५६।०४।२७ मा भएको दोस्रो संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था थप गरिएको देखिएको तथा निजामती सेवा नियमावली,

२०५० मा भएको सातौं संशोधनबाट निवृत्तिभरण प्रयोजनका लागि अस्थायी सेवा अवधि गणना गरिने व्यवस्था झिकिएको भए पनि निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा भएको व्यवस्थाबाट निज निवेदकको अस्थायी सेवा अवधि निवृत्तिभरण प्रयोजनका लागि गणना हुने व्यवस्था सुरक्षितै रहेको मान्नुपर्ने देखिँदा निजको अस्थायी सेवा अवधिलाई निवृत्तिभरण प्रयोजनार्थ गणना नगरी निजको स्थायी सेवा अवधिलाई मात्र गणना गरी निजलाई मिति २०७६।५।९ मा दिइएको निवृत्तिभरण अधिकारपत्र र सोसँग सम्बन्धित टिप्पणी आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । मिति २०७६।४।६ मा अनिवार्य अवकाश प्राप्त गरेका यी निवेदकको मिति २०४६।१०।८ देखि गरेको अस्थायी सेवा अवधि समेत गणना गरी जम्मा हुन आउने वर्ष, महिना र दिनको हिसाबले निवृत्तिभरणको रकम कायम गरी निवृत्त भएका मितिदेखि नै लागु हुने गरी यी निवेदक सानोकाजी पछाईलाई निवृत्तिभरणको अधिकार पत्र प्रदान गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत :- श्रेया पौडेल (शाखा अधिकृत)

इति संवत् २०७९ साल मङ्सिर १३ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

### ३७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिहं राउत**, *०७६-**WO**-०९७९, उत्प्रेषण, अर्जुनबहादुर थापा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाता वा प्रस्तावदाताको आचरणअन्तर्गतको उपदफा (२) को खण्ड (ग) लाई हेर्दा "बोलपत्रदाता वा प्रस्तावदाताले खरिद प्रक्रियामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुनु हुँदैन" भन्ने व्यवस्था भएको पाइन्छ । सोही ऐनको दफा ६३ को उपदफा (१) मा "बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइयो । सो सन्दर्भमा हेर्दा कपन स्वास्थ्य चौकी भवन निर्माण कार्यको ठेक्काको बोलपत्रमा भाग लिनको लागि सोवर्ण/ब्रम्हयाणी जे.भीको तर्फबाट बोलपत्र दाखिला गर्दा पेस भएको **Bid Bond** र **Performance Bank Guarantee** राष्ट्रिय वाणिज्य बैङ्क शाखा कार्यालय चरिकोटबाट जारी नभई नक्कली भएको र उक्त निर्माण व्यवसायीले ठेक्का तोड्ने एवम् सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावलीमा भएको कानूनी व्यवस्था अनुसार कार्य नगरेकाले सोवर्ण/ब्रम्हयाणी जे.भी.लाई कालोसूचीमा राख्न भनी सहरी विकास तथा निर्माण विभागबाट मिति २०७६।५।४ मा विभागीय निर्णय गरेको देखिन्छ । सोवर्ण/ब्रम्हयाणी जे.भीका अख्तियार प्राप्त उमेशकुमार भण्डारीले बोलपत्र खरिद गर्ने क्रममा पेस गरेका बैङ्क जमानतहरू नक्कली रहेको भन्ने सोही विषयलाई उठान गरी सहरी विकास तथा निर्माण विभागको सिफारिस बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ को उपदफा (२) को खण्ड (ग) बमोजिम कसुर गरेको देखिँदा सोही ऐनको दफा ६३ को उपदफा (१) बमोजिम दुई (२) वर्षका लागि सोवर्ण/ब्रम्हयाणी जे.भी कालोसूचीमा राख्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७६।११।२३ मा निर्णय भएको पाइने ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले सोवर्ण/ब्रम्हयाणी जे.भी. लाई कालोसूचीमा राख्ने निर्णयउपरको निवेदनमा उक्त निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा यसै अदालतबाट मिति २०७७।०३।१६ मा अन्तरिम आदेश जारी भएको देखिन्छ । उक्त आदेशद्वारा निवेदकले मागबमोजिमको उपचार तत्काल प्राप्त गरी सकेको अवस्थासमेत छ ।

यस्तै प्रस्तुत निवेदनमा आज फैसला हुँदा निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतीत भइसकेको भन्ने देखियो । यसरी निवेदकलाई कालोसूचीमा राखेको अवधि व्यतीत भइसकेको अवस्थामा निवेदकले निवेदनमा उठाएका अन्य विषयवस्तुमा प्रवेश गरिरहनु नपर्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विनिता भारती

इति संवत् २०७८ साल चैत्र १४ रोज २ शुभम् ।

### ३८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिहं राउत**, *०७५-**WO**-१०६७, उत्प्रेषणसमेत, बुद्धिराज तामाङ वि. सडक बोर्ड नेपाल, अरिनिको भवन, काठमाडौंसमेत*

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ मा बोलपत्र आह्वानअन्तर्गतको उपदफा (१) मा बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्ने छ र अन्तर्राष्ट्रिय स्तरको बोलपत्रको हकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समेत प्रकाशन गर्न सकिने छ भन्ने व्यवस्था रहेको पाइयो । सोही दफाको उपदफा (४) मा उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा राष्ट्रियस्तरको बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा कम्तीमा तीस दिन र अन्तरराष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा कम्तीमा पैंतालिस दिनको अवधि दिनुपर्ने छ भन्ने व्यवस्था रहेको पाइन्छ । सो सन्दर्भमा निवेदनको तथ्य हेर्दा निवेदक पृथ्वीतारा कन्स्ट्रक्सन प्रा.लि. र सडक बोर्ड नेपालिबीच मिति २०७५।१।३१ मा हेटौंडा-नारायणगण सडक खण्ड अन्तर्गतको सडक उपभोग दस्तुर सङ्कलनसम्बन्धी ठेक्का सम्झौता भई उक्त सम्झौताको समयावधि मिति २०७६।१।३१ सम्म मात्र रहेको भन्ने स्वयम् निवेदक कम्पनीले स्वीकार गरेको अवस्था छ । उक्त ठेक्का सम्झौताको समयावधि समाप्त हुनुअगावै निवेदक कम्पनी पृथ्वीतारा कन्स्ट्रक्सन प्रा. लि. ले सम्झौताको बुदा नं. ८ बमोजिम थप १ वर्ष म्याद विस्तार गरिपाउँ भन्ने निवेदन मिति २०७५।११।२६ र मिति २०७५।१२।९ मा सडक बोर्ड नेपालसमक्ष दिएकोमा करारको अवधि थप गर्न नसकिने भन्दै मिति २०७५।१२।८ र मिति २०७५।१२।१५ मा सडक बोर्ड नेपालले निवेदक कम्पनीलाई पत्राचार गरेको पाइन्छ । यसैबिच सडक बोर्ड नेपालबाट मिति २०७५।११।२८ मा हेटौंडा-नारायणगढ सडक खण्डअन्तर्गतको सडक उपभोग दस्तुर सङ्कलनसम्बन्धी नयाँ ठेक्का आह्वान गरेको र बृटानिक मौलाकालिका कन्सट्रक्सन, सौरभ निर्माण सेवा र हिरोज कन्सट्रक्सन प्रा.लि.ले भाग लिएकोमा बृटानिक मौलाकालिका कन्सट्रक्सन प्रा. लि.ले उक्त ठेक्का प्राप्त गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिने ।

हेटौंडा-नारायणगढ सडक खण्डअन्तर्गतको सडक उपभोग दस्तुर सङ्कलनसम्बन्धी ठेक्का बृटानिक मौलाकालिका कन्सट्रक्सन प्रा.लि. ले प्राप्त गरेसँगै सडक बोर्ड नेपालबाट सार्वजनिक सूचना प्रकाशित गरी बृटानिक मौलाकालिका कन्सट्रक्सन प्रा.लि. र सडक बोर्ड नेपालबिच मिति २०७६।१।१७ मा सम्झौता भएको र मिति २०७६।२।०१ बाट कामसमेत प्रारम्भ भई उक्त ठेक्काको समायावधि मिति २०७७।१।३१ सम्म रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । सो सम्झौताको अवधिसमेत समाप्त भइसकेको देखिन्छ । यसरी सम्झौताको अवधि व्यतित् भई रिट निवेदनको औचित्य एवम् प्रयोजन नै समाप्त भइसकेको अवस्थामा निवेदकले निवेदनमा उठाएका अन्य विषयवस्तुमा प्रवेश गरिरहनु नपर्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विनिता भारती

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत्र १४ रोज २ शुभम् ।

### ३९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा**, *०७८-**WH**-०१०२, बन्दीप्रत्यक्षीकरण, प्रतिक्षा सुवेदी वि. पर्सा जिल्ला अदालतसमेत*

प्रस्तुत निवेदनमा निवेदकउपर अलग अलग मितिमा अलग अलग प्रकृतिको मुद्दा चलेको र सोमध्ये डाँका मुद्दामा सुरू पर्सा जिल्ला अदालतबाट मुलुकी ऐन, चोरीको १४ (२) नं. बमोजिम १ महिना २ दिन कैद गर्ने गरी मिति २०६९।३।३ मा फैसला भएको र सुरू फैसला हुँदाको दिनसम्म थुनामा बसेको अवधि १० महिना २ दिनले खामी निवेदक थुनामुक्त भएकोमा जिल्ला अदालतको फैसलाउपर वादी नेपाल सरकारको तत्कालीन पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन परेकोमा सुरू फैसला उल्टी भई निवेदक प्रतिवादीलाई ६ वर्ष कैद र जरिवाना रू १५,६६९।७५ सजाय हुने गरी मिति २०६९।०८।२० मा फैसला भएको र सो फैसलाउपर यस अदालतमा पुनरावेदन पर्दा जरिवानाको हकमा रू.९४,०१८।५० मुद्दा कैदको हकमा पुनरावेदन अदालतको इन्साफ सदर भएको देखिन्छ । डाँका मुद्दामा कैदबाट छुटेको अवस्थामा लागु औषध मुद्दामा निवेदक ०७३।७।१८ देखि हिरासतमा रहेको र मकवानपुर जिल्ला अदालतको मिति २०७४।०३।०४ को फैसलाले लागेको कैदमा बसेको देखिन्छ । यसरी यी निवेदक प्रतिवादी सुरू जिल्ला अदालतबाट डाँका मुद्दामा ठहरेको कैदको सजाय भुक्तान गरी कैदबाट छुटेको अवस्थामा निजलाई अर्को लागुऔषध मुद्दामा कैदको सजाय भएको हुँदा र दुई मुद्दा अलग अलग मितिमा घटेका अलग अलग प्रकृतिका हुँदा निवेदकले बहु-व्यवहार कसुर गरेकोबाट फौजदारी कसुर (सजाय निर्धारण तथा कायान्वयन) ऐन, २०७४ को दफा ३६(२)समेत बमोजिम लागु औषध मुद्दामा भएको कैदको अवधि भुक्तान भए पछि गणना हुने गरी डाँका मुद्दामा पर्सा जिल्ला अदालतबाट जारी भएको कैदी पुर्जी कानूनबमोजिमकै देखिँदा डाँका कसुरको बेरूजु कैद पछिल्लो पटक पक्राउ परी हिरासतमा रहेको मिति २०७३।७।१८ देखि गणना गरिनुपर्दछ भन्ने निवेदकको माग कानूनसम्मत नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

अतः निवेदक गैरकानूनी थुनामा रहेको नदेखिएको र संसोधित कैदी पुर्जी कानूनबमोजिम नै दिइएको देखिँदा निवेदकको हकमा मकवानपुर जिल्ला अदालत र उच्च अदालतबाट भएका आदेशहरूसमेत बदर गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सदन अधिकारी

इति संवत् २०७९ साल साउन १६ गते रोज २ शुभम् ।

**४०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी**, *०७६-**WO**-०८१८, उत्प्रेषण, उत्तम कुमार गुप्तासमेत वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास, बाँकेसमेत*

फैसला कार्यान्वयनतर्फ जिल्ला अदालत, बाँकेको मिति २०७६।०३।२० को आदेशउपर मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७३ नं. बमोजिमको निवेदनमा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।०८।१२ मा "लेनदेन मुद्दाका प्रतिवादी वनवारीलाल वैश्य घरको मुख्य व्यक्ति भएकोमा विवाद नदेखिएको यसरी घरको मुख्य व्यक्तिले सगोलमा रहँदा लिए खाएको ऋणमा भरिभराउ गर्दा तत् समयमा संगोलमा रहेका व्यक्तिलाई उन्मुक्ति दिन नमिल्ने हुँदा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं., २१ नं. र दण्ड सजायको ४२ नं. लाई समेत दृष्टिगत गरी अंश बन्डाको १८ नं. बमोजिम संगोलको ऋणका सम्बन्धमा यकिन गरी बन्डा गर्नुपर्नेमा त्यस्तो भए गरेको नपाइँदा फैसला कार्यान्वयनमा स्वतः लेनदेन मुद्दाले प्राथमिकता पाउने हुँदा बाँके जिल्ला अदालतको मिति २०७६।३।२० को आदेश बदर गरिदिएको छ । ऋण खाँदा सगोलमा रहेका अंशयारहरूको समेत जायजेथाबाट निवेदक वादी लक्ष्मण वैश्यले फैसलाबमोजिम लेनदेन मुद्दाबाट ठहरेको साँवा र सोको ब्याजसमेत भरिभराउ गराइदिनेतर्फ कारबाही गर्नुहोला भन्नेसमेत आदेश भएको देखिने ।

रिट निवेदकहरूले जुन अंश मुद्दाको कुरा उठाएका छन् सोमा लेनदेनका साहु यी लक्ष्मण वैश्य वादी प्रतिवादी रहे भएको अवस्था होइन । यो लेनदेन व्यवहार घरको मुख्य व्यक्ति वनवारीलालसँग गरिएको

व्यवहार हो । घरको मुख्य व्यक्तिले नै व्यवहार गरिएको अवस्थामा लेनदेन मुद्दाबाट मिति २०७२।०७।२३ मा रोक्का रहेको सम्पत्ति त्यसपछि मिति २०७२।०८।१८ मा मिलापत्र गर्दा अन्य व्यक्तिहरूको भागमा पारी मुख्य व्यक्तिले नगद बुझी मिलापत्र गर्छन् भन्ने साहुको थैली तिर्ने नियत रहेछ भन्न मिल्ने अवस्था देखिएन । साथै लेनदेनको फैसला कार्यान्वयन अघि बढेको अवस्थामा मिलापत्रबाट कि.नं.१७४ को घरजग्गाबाट बन्डा प्राप्त गर्ने यी निवेदक उत्तमकुमार गुप्ताले मिति २०७९/९/२७ मा निवदेन दिंदा विवादित घरजग्गा आफ्नो भागमा परेकोले सो घर जग्गाबाट बन्डा हुन सक्दैन नभनी पञ्चकिर्ते मूल्याङ्कन मिलेन, सो बदर गरी रीतपूर्वक लिलाम गरिपाउँ सम्म भनी निवेदन दिएको अवस्थासम्म देखिने ।

यसरी साधिकार निकाय बाँके जिल्ला अदालतबाट उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासले निर्देश गरेबमोजिम नै फैसला कार्यान्वयन हुने हुँदा सो अदालतको स्वायत्तता मर्ने गरी यस अदालतबाट असाधारण क्षेत्राधिकार प्रयोग गरी हस्तक्षेप गर्दा मातहत अदालतको स्वयत्तता मर्ने र यसमा निवेदकहरू सफा हात लिएर अदालत प्रवेश गरेकोसमेत नदेखिँदा नियमित अदालतको न्यायिक प्रक्रियाको विषयमा रिट जारी गर्नुपर्नेसम्मको अवस्था नदेखिने ।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल ज्येष्ठ ११ गते रोज ४ शुभम् ।

**४१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी**, *०६७-**CI**-०७४४, अंश चलन, सुरज मानन्धरसमेत वि. झोछे बस्ने साहुभाई भन्ने यज्ञबहादुर मानन्धरसमेत*

प्रस्तुत मुद्दामा वादीहरूले बन्डाबापत यो यो सम्पत्ति प्राप्त गरी दाखिल खारेज गरेको, अंशबापत पाएको यो यो सम्पत्ति यसरी अलग अलग भोग बिक्री व्यवहार गरेको भन्ने कुराको कुनै प्रमाण प्रतिवादी पक्षबाट पेस गर्न सकेको अवस्थासमेत नदेखिँदा केवल छुट्टै हाँगातर्फका भाइले घर बिक्री गर्दा भिन्न भएको दाजु भनी साक्षी बसेको कुराले अर्को हाँगाको विष्णु बहादुर र प्रेमबहादुरबिच पनि अंश भएको भन्ने अर्थ लाग्दैन त्यसै गरी स्वबासको जग्गा दर्ता गराएको भन्ने सम्म आधारमा मात्र अंशबन्डाको उल्लिखित ३० नं. तथा प्रतिपादित सिद्धान्तसमेतको आधारमा वादी प्रतिवादीका बाबु/बाबु बीच व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको मान्न सकिने अवस्था देखिँदैन । यस स्थितिमा यी वादी र प्रतिवादीहरूबिच पनि अंशबन्डा भएको नदेखिएको यस स्थितिमा वादीहरूले अंश पाउने नै देखिने ।

वादी प्रतिवादीबिच रजिस्ट्रेसन पारित भएको तथा मानो छुट्टिएको लिखत नभएको, तथा कहिले मानो छुट्टिएको हो भन्नेमा वादी प्रतिवादिबिच विवाद रही मुख नमिलेको स्थितिमा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिने न्यायिक परिपाटी रही आएको सन्दर्भमा पहिले पहिलो फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०५८/५/२० लाई मानो छुट्टिएको मिति मानी तायदाती मागेको मिलेकै देखिने ।

प्रतिवादी यज्ञबहादुर र ज्ञानु महर्जनले मिली २०७८/०६/१७ मा पेस गरेको तायदातीमा उल्लिखित घरजग्गामध्ये ज्ञानु मानन्धरको नाममा दर्ता कायम रहेको कि.नं. ७ को १-०-०-० र कि.नं. ८ को ०-७-०-० जग्गा भुवनेश्वरी राणाबाट हालैदेखिको बकसपत्रबाट प्राप्त भएको तथा ज्ञानु मानन्धरको नाउँको कि.नं.४८७ को ०-१-०-० र कि.नं.४८२ को ०-२-३-३ जग्गा डम्बर शमशेर राणाबाट ज्ञानु मानन्धरको नाममा हालैको बकसपत्रबाट प्राप्त भएको देखिँदा उल्लिखित जग्गाबाट निजका काका ससुराको हाँगातर्फका यी वादीले पाउने गरी बन्डा गर्न नमिल्ने ।

वादी रत्नमाया नाउँको कि.नं.१२०६ को स्ववासीका जग्गा मिति २०६६/०५/२८ र नं.१०२७ “ग” मार्फत राजीनामा लिखतबाट अन्यत्रै हस्तान्तरण भइसकेको देखिँदा सो घरजग्गा पक्षको स्वामित्वमा

नहुँदा सो सम्बन्धमा केही बोलिरहनु नपर्ने।

प्रतिवादीका छोरा विजयबहादुरका नाममा कायम रहेको कि.नं.४४ को जग्गाको हकमा हेर्दा निज विजयबहादुर २०४९ सालमा नै प्रतिवादी/प्रत्यर्थी बाबुआमाबाट अंश भरपाई गरी लिई छुट्टी भिन्न भएको भन्ने कुरा प्रत्यर्थी/प्रतिवादीहरूले सुरू जिल्ला अदालतमा प्रतिउत्तर पत्रमा नै उल्लेख गरेकोमा सो अंश भरपाई बदरतर्फ वादीहरूको फिराद नहुँदा निजको नाउँको कि.नं.४४ को जग्गासमेत बन्डा गर्न नमिल्ने।

तसर्थ वादी दाबीबमोजिम संगोलको सम्पत्तिमा मूल अंशियार विष्णुबहादुर र प्रेम बहादुरको एक एक भाग लाग्ने हुँदा २ भागको १ भाग आफ्नो बाबु प्रेम बहादुरको अंश भाग पुनरावेदक वादीले पाउने ठहऱ्याउनुपर्नेमा अन्यथा ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६३/६/३० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६४/१०/२९ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीले माथि उल्लिखित कि.नं. का जग्गाबाहेक प्रतिवादीको तायदातीमा उल्लिखित र वादीको पूरक तायदातीबाट देखिएको तपसिलमा उल्लिखित प्रत्यर्थी प्रतिवादीहरू यज्ञबहादुर र ज्ञानुको नाउँको घर जग्गाबाट २ खण्डको १ खण्ड वादीका पिता पतिको भाग छुट्याई सो १ खण्डको ३ खण्डको १ खण्ड अंश पुनरावेदक वादी सुरज मानन्धरले पाउने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल जेष्ठ ०९ गते रोज २ शुभम्।

- यसै लगाउका ०६७-**CI**-०७४५, अंश चलन, सुरज मानन्धरसमेत वि. झोछे बस्ने साहुभाई भन्ने यज्ञबहादुर मानन्धरसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### ४२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७७-**WO**-०९८२, उत्प्रेषणसमेत, अरूण कुमार झा वि. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा, नेपालसमेत*

रिट निवेदक कर्मचारी समायोजन ऐनबमोजिम सुरूमा सङ्घमा समायोजन भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७६।१०।२० को निर्णयको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७७।३।१९ को निर्णयानुसार समायोजन संसोधनबाट गण्डकी प्रदेशमा समायोजन भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७७।०३।२१ पत्रको बेहोराबाट देखिन्छ । यी निवेदकले प्रदेशमा नै समायोजन हुन मन्जुर गरेको निवेदनको बेहोराबाट उल्लेख गरेको पाइयो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशबाट मिति २०७७।१०।२१ मा यी निवेदकलाई पदस्थापना भएको पत्रको बेहोरा हेर्दा, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१०।२० को निर्णयको आधारमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७७।०३।१९ को निर्णयानुसार तपाइँ यस प्रदेशमा समायोजन हुनुभएकोमा यस कार्यालयको मिति २०७७।१०।२१ को निर्णयानुसार देहायबमोजिम पदस्थापना गरिएको छ भनी पदस्थापन गरिएको कार्यालय धौलागिरी अस्पताल बागलुङ भन्ने उल्लेख गरेको देखिन्छ । सोही पत्रको आधारमा मिति २०७७।११।१६ मा यी निवेदकलाई क्षयरोग उपचार केन्द्र, गण्डकी प्रदेशबाट धौलागिरी अञ्चल अस्पताल बागलुङमा रमाना गरिएको देखिएको छ। यसरी यी निवेदक अरूणकुमार झालाई धौलागिरी अस्पताल बागलुङमा पदस्थापन गरिएकोमा विवाद देखिँदैन । धौलागिरी अस्पताल बागलुङबाट मिति २०७७।११।०७ मा श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई सम्बोधन गरी लेखेको पत्रको बेहोरा हेर्दा,..."यस अस्पतालमा पदस्थापना हुनु भएको वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक श्री अरूण कुमार झा (कर्मचारी सङ्केत नं. १२९७१२) को दरबन्दी यस अस्पतालमा रिक्त नरहेको बेहोरा जानकारीको लागि अनुरोध छ।"

भनी उल्लेख गरेको पत्रको बेहोराबाट देखिन्छ । उल्लिखित विषयका सम्बन्धमा विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशबाट चित्त बुझ्दो रूपमा लिखित जवाफ फिराएको पनि देखिने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशबाट निवेदकलाई रिक्त दरबन्दी नै नभएको कार्यालय बागलुङ अस्पतालमा पदस्थापना गर्नु प्रथमदृष्टिमै मिल्ने देखिँदैन । बागलुङ अस्पताल बाटसमेत दरबन्दी नै रिक्त छैन भन्ने लिखित रूपमा जवाफ पठाउँदासमेत निवेदकलाई पदस्थापना नगराउने कार्य निजामती कर्मचारीको सेवा सर्त तथा सुरक्षासमेतको विपरीत हुन जाने देखिन्छ। निवेदकले आफू सेवानिवृत्त हुने अवस्थाको नजिक रहेको र सबै पारिवारिक बन्दोबस्त पोखरामा नै रहेको हुँदा केन्द्रअन्तर्गत पदस्थापना हुने अपेक्षाका साथ संघबाट प्रदेशमा समायोजन संशोधनको निवेदन गरेको हुँ भन्ने कुरा निवेदनमा उल्लेख गर्नुभएको छ, जुन कुरा स्वाभाविक र मननयोग्य पनि छ किनकि मागेकै ठाउँमा पदस्थापन गरिँदा सम्बन्धित कर्मचारीलाई सहज साथै उसले आफ्नो व्यक्तिगत तथा पारिवारिक हित र राष्ट्रको सेवाबिच उचित समन्वय गर्न सक्ने हुन्छ । मागेकै स्थानमा रिक्त दरबन्दी नभएमा निवेदकको माग सम्बोधन नहुन पनि सक्छ तापनि निजलाई कम्तिमा रिक्त दरबन्दी भएको कार्यालयमा पदस्थापन गर्नु विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको हुन जान्छ। निवेदकलाई रिक्त दरबन्दी नै नभएको स्थानमा पदस्थापना गर्ने र रिक्त दरबन्दी नै छैन भनी लिखित जानकारी गराउँदासमेत निवेदकको पदस्थापना सम्बन्धमा उचित सम्वोधन नगर्नु कानून विपरीतको कार्य हुने देखिन्छ। उल्लिखित आधार कारणबाट निवेदकलाई रिक्त दरबन्दी नै नभएको स्थानमा पदस्थापन गर्ने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको मिति २०७७।१०।२१ को निर्णय र सोही मितिको पदस्थापनसम्बन्धी रमानापत्रलगायत सोसँग सम्बन्धित विपक्षीहरूका सम्पूर्ण काम, कारबाही कानून विपरीत रहेको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन ३० रोज शुभम्।

**४३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७७-**WO**-०९४६, उत्प्रेषणसमेत, मिनादेवी अहिरसमेत वि. उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास बाँके*

कसैले कुनै बेहोराको जाहेरी दिन ल्याउँछ भने सो दर्ता गरी कानूनबमोजिम अनुसन्धान गर्नु प्रहरीको कर्तव्य हुन्छ । सोमा अवरोध आएको कारण अनन्तराम कहारले उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा निवेदन दिएको (मु.नं. ०७६-**Wo**-०१४१) र सो इजलासबाट उक्त रिट निवेदनमा मिति २०७७।९।२२ मा निर्णय हुँदा निवेदकले कानूनबमोजिमको जाहेरी दरखास्त दिन आए दर्ता हुने नहुने सम्बन्धमा आवश्यक निर्णय गरी निकासा दिनु भन्नेसमेत बेहोराको आदेश भएको मिसिल संलग्न आदेशको प्रतिलिपिबाट देखियो भने उक्त आदेशबमोजिम हाल जाहेरी दर्ता भई अनुसन्धान कार्य भइरहेको भन्ने जिल्ला प्रहरी कार्यालय, बाँकेको भनाइ देखियो। साथै, मिसिल हेर्दा वादी सन्तोष कुमार कहारसमेतको जाहेरीले नेपाल सरकार विरूद्ध राम गोपाल अहिरसमेत भएको ज्यानमार्ने उद्योग मुद्दाको अभियोगपत्र पनि बाँके जिल्ला अदालतमा दर्ता भएको देखिने।

विपक्षीहरूबाट भएको कार्य कानूनविपरीतको नदेखिएको र हाल उक्त जाहेरीबमोजिम अनुसन्धान सम्पन्न भइ मुद्दासमेत दायर भएको देखिई रिट निवेदनको प्रयोजनसमेत समाप्त भइसकेको देखिँदा मागबमोजिमको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिने।

इजलास अधिकृत: शारदादेवी पौडेल
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७८ साल फागुन ३० रोज २ शुभम्।

**४४**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७१-**WO-** ०२२०, उत्प्रेषण परमादेशसमेत, छत्रपति प्याकुरेलसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री परिषद्को कार्यालय, काठमाडौंसमेत*

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट प्रा.वि.द्वितीय श्रेणीमा बढुवा पाएपछि पनि निजहरूले साबिक तृतीय श्रेणीमा कार्यरत हुँदा खाइपाइ आएको तलबमानभन्दा कम हुने गरी तलब निर्धारण गरेको र द्वितीय श्रेणीमा बढुवा हुँदा २०६६ साल श्रावणपश्चात् साबिक तृतीय श्रेणीको खाइपाई आएको तलबमा ग्रेड नथपिएको कारण आफूभन्दा तल्लो श्रेणीको शिक्षकको भन्दा आफूहरूको तलब थोरै हुन गएकोले ग्रेड थपको माग गर्दै यी निवेदकहरूले जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङमा निवेदन दिएको भन्ने देखिन्छ । तत्पश्चात् जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङले मिति २०७१/५/४ मा सो रकम दिन नसकिने आशयको पत्रचार गरेको हुँदा सो पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी २०६६ सालदेखिनै दिन छुट भएको ग्रेडबापतको रकम थप गरी एउटै मितिमा सेवा प्रवेश गरेका प्रा.वि. तृतीय श्रेणी र पछि द्वितीय श्रेणीमा बढुवा भएका प्रा.वि. शिक्षकहरूको तलबभन्दा कम नहुने गरी निर्धारित तलबमानलाई समायोजन गरिपाउनको लागि परमादेशको समेत माग गरेको देखिने ।

सरकारी वा सार्वजनिक विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षकहरूको सेवा सर्त र सुविधाका सम्बन्धमा दिशानिर्देश गर्न शिक्षा नियमावली, २०५९ आएको कुरामा विवाद छैन । तल्लो श्रेणीबाट माथिल्लो श्रेणीमा बढुवा हुने शिक्षकहरूले सो नियमावलीले निर्धारण गरेबमोजिमको तलब सुविधा प्राप्त गर्नुपर्ने नै हुन्छ । शिक्षा नियमावली, २०५९ को नियम १०२ ले बढुवा भएका शिक्षकको तलबमान समायोजन गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको, शिक्षा नियमावली, २०५९ को नियम १०२ ले गरेको व्यवस्थासँग प्रतिकूल हुने खालको तलबमान निर्धारण गर्न नसकिने भनी सिद्धान्तसमेत प्रतिपादन हुनुका साथै तल्लो श्रेणीबाट माथिल्लो श्रेणीमा बढुवा भएका शिक्षकको हकमा ग्रेड थप गरी तलबमान कायम गर्ने सम्बन्धमा शिक्षा नियमावलीमा स्पष्ट व्यवस्था भएकोले सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न शिक्षा मन्त्रालयलाई कुनै द्विविधा हुनु नपर्ने भन्ने बेहोराको अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको पत्रसमेतबाट जिल्ला शिक्षा कार्यालय ताप्लेजुङ्गले यी निवेदकहरूलाई छुट ग्रेडबापतको रकम उपलब्ध गराउन नसकिने भनी जानकारी गराएको पत्र मनासिब एवम् कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

यी निवेदकहरू प्रा.वि. तृतीय श्रेणीबाट प्रा. वि. द्वितीय श्रेणीमा बढुवा भएको कुरामा कुनै विवाद छैन । शिक्षा नियमावली, २०५९ को नियम १०२ ले बढुवा हुने शिक्षकले हाल पाइरहेको तलब माथिल्लो तलबमानको सुरू तलब बराबर भएमा सो तलबमा एक तलब वृद्धि थप गरिने र साबिक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको सुरू तलबभन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब बृद्धि गरी माथिल्लो श्रेणीको एक तलब बृद्धिसमेत दिइने भनी स्पष्ट व्यवस्था गरेको साथै यसरी बढुवा भएका शिक्षकहरूको तलबमान मिलान गर्ने सम्बन्धमा यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा सोअनुरूप तलबमान समायोजन गर्नु सम्बन्धित निकायको दायित्व एवम् कानूनी कर्तव्य हुन जाने ।

निवेदकहरू प्रत्येकको तलब सुविधा के कति भएको रहेछ र कानून र प्रतिपादित सिद्धान्त बमोजिम के कति पाउनुपर्ने हुन्छ हेरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।४।४ को निर्णयबाट निर्धारित भएको निवेदकहरूको तलबमानमा शिक्षा नियमावली, २०५९ को नियम १०२ को व्यवस्थाअनुरूप हुने गरी हालसम्म नमिलाएको भए कानूनबमोजिम तलबमान कायम हुने गरी मिलाई पाउने सुविधा दिनु भनी विपक्षीहरूको

नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम्।

४५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७१-CI-०७५४, लेनदेन, सुर्यनाथ बनरैत वि. वनारसी बनरैत*

प्रतिवादीको पालनपोषण संरक्षण गर्ने छोरीसमेत अन्तरसाक्षी राखी प्रतिवादीले रू.१,००,०००।- बुझी लिई कागज गरिदिएकोमा भाखाभित्र साँवा ब्याज नबुझाएको हुँदा दिलाई भराइपाउँ भन्ने फिरादीको मुख्य दाबी रहेकोमा प्रतिवादीको मृत्यु भई निजको छोराहरूले अ.व. १३९ नं. बमोजिम अदालतमा आई बयान गर्दा मृतकको आमाको अपुताली हामीले नखाने हुँदा मृतक आमाले लिएको ऋणको साँवा ब्याज बुझाउनुपर्ने होइन भनी बयान गरे तापनि मिति २०६४।०३।०२ मा प्रतिवादी सरधा बनरैतको पालनपोषण संरक्षण गर्ने छोरी पंचीदेवी गोइतको रोहबरमा भएको उक्त कागजलाई प्रतिवादीसरह बुझिएको धर्मनाथ बनरैतसहितको छोराहरूले अन्यथा भन्न सकेको नदेखिने।

फिरादीको मिति २०६६।८।१० को कागज बेहोरा, अदालतमा आई बयान गर्ने धर्मनाथ बनरैत र सूर्यनाथ बनरैतसमेतको मिसिल संलग्न बयान कागजात यिनै पुनरावेदकसमेत वादी र मृत्यु सरधा बनरैत प्रतिवादी भई सिराहा जिल्ला अदालतमा चलेको २०६३ सालको दे.नं.१४५५ को अबन्डा जग्गा बन्डा गरी टिप्पणी आदेश नामसारी दर्ता बदर गरी हक कायम गराई दर्ता गराइपाउँ भन्ने मुद्दा तथा वादी सूर्यनाथ बनरैतसमेत प्रतिवादी पाण्डव बनरैतसमेत भई सिराहा जिल्ला अदालतमा चलेको फैसला बदर मुद्दासमेतबाट प्रतिवादी सरधाका छोराहरू पाण्डव बनरैत, धर्मनाथ बनरैत, वेदनाथ र सूर्यनाथ बनरैत अपुतालीको हकवाला रहेकोमा विवाद नदेखिने।

अदालतमा आई बयान गर्ने मृतक प्रतिवादीका अपुताली खाने धर्मनाथ बनरैतसमेतका छोराहरूको मृतक आमाको अपुताली खान मन्जुर नभएको हुँदा आमाले खाएको ऋण तिर्नुपर्ने होइन भनी लिएको जिकिरका सन्दर्भमा हेर्दा मृतकका पाण्डवसमेतका छोराहरू पुनरावेदक वादी र ऋणी सरधा बनरैत प्रतिवादी भई सिराहा जिल्ला अदालतमा मिति २०६३।११।१५ मा अबन्डा जग्गा बन्डा गरिपाउँ भनी फिराद गरेको, र सिराहा जिल्ला अदालतबाट उक्त २०६३ सालको दे.नं.१४५५ को मुद्दामा प्रतिवादीको मृत्यु भइसकेपछि निजको नामको सम्पत्ति हक खाने छोरा वादीहरूकै नाममा transfer हुने नै हुँदा प्रस्तुत मुद्दाको लगत कट्टा गरिदिने ठहर्छ भन्नेसमेत फैसला भएको प्रमाण मिसिलबाट देखिएको हुँदा प्रतिवादीसरह बयान गर्ने प्रतिवादीका छोराहरूको बयान जिकिरलाइ स्वीकार गर्न मिल्ने अवस्था नदेखिने।

वादी दाबीको मिति २०६४।३।२ को लिखतलाई अन्यथा भन्न सकेको नदेखिएको, सिराहा जिल्लामा दायर भएको दे.नं.१४५५ को अबन्डा जग्गा बन्डा गरिपाउँ भन्ने प्रमाणबाट यीसमेतका छोराहरू मृतक प्रतिवादीको अपुतालीको हकवाला पुष्टि भएको तथा २०६५।१२।१० मा आमाको मृत्युपश्चात् पुनरावेदनले आमाको नामको जग्गासमेत बाँडी लिएको देखिएबाट वादीले दाबी गरेको साँवा ब्याजको रकम लेनदेन व्यवहारको ४ नं., ६ नं. समेतका आधारमा प्रतिवादी सरधा बनरैतका अपुताली खाने छोराहरूबाट भरिपाउने ठहऱ्याई सुरू सिरहा जिल्ला अदालतबाट मिति २०६८।०२।२६ मा भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।०८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल साउन २० गते रोज ६ शुभम्।

**४६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CI-०९०३, उत्प्रेषणयुक्त*

*परमादेश, मुन्ना एण्ड आचार्य कन्ट्रक्सन कम्पनी प्रा. लि. वि. दुग्ध विकास बोर्डको कार्यालय, ललितपुरसमेत*

मुन्ना एण्ड आचार्य कम्पनी लि. ले सम्झौताअनुरूप आफूले समयमै कार्य सम्पन्न नगरेको भए बोर्डसँग भएको सम्झौता, नियमबमोजिम अन्तिम विल भुक्तानी र धरौटी रोक्का गरी कम्पनीउपर कारबाही गर्नुपर्नेमा सो गर्न नसकेको, निर्माण सम्पन्न नभएको भनी आ.व.२०५५/०५६ देखि २०७२/२/१८ सम्म कुनै जानकारी नगराएको, आफूले तिर्नुपर्ने कुनै पनि बेरूजु नरहेको र आफूसँग सोसम्बन्धी रेकर्डसमेत नरहेको हुँदा सो बेरूजु नियमित गरी जानकारी पाउन अनुरोध गर्दै राष्ट्रिय दुग्ध विकास बोर्डलाई पत्राचार गरेको पाइने।

राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यकारी समितिको निर्णयमा तत्कालीन अवस्थामा आवश्यकता अनुसार तत्कालीन कार्यकारी निर्देशकले भवन निर्माणको म्याद दुई महिना थप गरी भुक्तानीसमेत गर्नुपरेको औचित्यसमेत उल्लेख गरेको देखिएबाट यी निवेदक कम्पनीले ठेक्का सम्झौताबमोजिमको निर्माणसम्बन्धी कार्य सम्पन्न गर्न नसकेकोले गर्दा नै उक्त समय थप गरेको भन्ने कुरालाई पुष्टि गरेको अवस्था छ। बोर्डको आर्थिक प्रशासनसम्बन्धी विनियम २०४९ को दफा ५८(७) मा थप काम गराउनुपरेमा २५ प्रतिशतसम्म कार्यकारी निर्देशकले स्वीकृत गर्न सक्ने, दफा १६(३) मा रू. एक करोडभन्दा बढी लागत अनुमान भए समितिको स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा ठेकेदारले बोर्ड र कार्यकारी निर्देशककोसमेत पूर्वस्वीकृतिबेगर थप कार्यहरू गरेकोमा कार्यकारी निर्देशकले भुक्तानीको स्वीकृति गरेको भन्दै त्यसरी बोर्डको विनियम विपरीत कार्यकारी निर्देशकबाट थप भएको अवधिको सम्झौताबमोजिम प्रतिदिन जरिवाना रू.५,०००/- ले १०६ दिनको हुने रू.५,३०,०००/- रकम असुल गर्नुपर्ने भनी महालेखा परीक्षकले बेरूजु औंल्याएको देखिने।

पक्षहरूबिच भएको करार वा सम्झौता निजहरूका लागि कानूनसरह लागु हुन्छ र जम्झौताको सर्तहरू बाध्यात्मक रूपमा पालन गर्नुपर्ने हुन्छ । यी कम्पनीले ठेक्का सम्झौता गरिसकेपछि सो सम्झौताको विपरीत कार्य गरेको खण्डमा त्यसबाट सिर्जना हुने दायित्व बहन गर्नबाट पञ्छिन मिल्दैन । यी निवेदक कम्पनीबाट सम्झौता विपरीत कार्य भएकोले गर्दा नै जरिवाना स्वरूप रू.५,३०,०००/- रकम तिर्नुपर्ने गरी महालेखा परीक्षकको विभागले बेरूजु औंल्याएको अवस्था छ । तर सो बेरूजु रकम फछ्र्यौटको लागि यी निवेदक कम्पनीलाई जानकारीको लागि पत्राचार गर्दा आफूले ठेक्का सम्झौताको अन्तिम बिल भुक्तानी लिइसकेको र धरौटी रकमसमेत फुकुवा भइसकेको हुँदा आफूले तिर्नुपर्ने कुनैपनि बेरूजु नरहेको भन्ने जिकिर गर्दै राष्ट्रिय दुग्ध विकास बोर्डलाई जवाफी पत्र पठाएको देखिन्छ। सोपश्चात् पनि राष्ट्रिय दुग्ध विकास बोर्डले बेरूजु रकम फछ्र्यौट गर्ने सम्बन्धमा पटकपटक पत्राचार गरेपछि आफूले तिर्नै नपर्ने रकम गैरकानूनी किसिमले असुल गर्न खोजेको भन्दै सो कार्यलाई रोक्ने प्रयोजनार्थ तत्कालीन पुनरावेदन अदालत पाटनमा प्रस्तुत मुद्दाको रिट निवेदन दर्ता गरेको पाइने।

यी निवेदक कम्पनीसमेत जिम्मेवार व्यक्ति देखिएकोले महालेखा परीक्षक कार्यालयको लेखापरीक्षणबाट औंल्याइएको बेरूजु सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी फछ्र्यौट गर्ने दायित्व यी निवेदकको समेत रहेको देखिन्छ। यसको लागि सो बेरूजु फछ्र्यौट गर्ने सूचना प्राप्त भएको ३५ दिनभित्र सम्वन्धित कार्यालयले तोकिएमोजिम फछ्र्यौट गरी सम्परीक्षण गराउनुपर्ने, उक्त म्यादभित्र बेरूजु सम्परीक्षण तथा फछ्र्यौट गराउन नसक्ने अवस्था भएमा सोको कारणसमेत उल्लेख गरी म्याद थपको लागि महालेखा परीक्षकको विभागसमक्ष अनुरोध गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुरूप यी निवेदकसँग ठेक्का सम्झौता गर्ने राष्ट्रिय दुग्ध विकास बोर्डले तत्कालीन कार्यकारी निर्देशकले म्याद थप गर्नुपरेको औचित्य पुष्टि गर्दै निर्णय गरेको, महालेखा परीक्षक कार्यालयको लेखापरीक्षणबाट औंल्याइएको बेरूजु नियमित गरी फछ्र्यौट गर्नको लागि यी निवेदक

कम्पनीलाई पटक पटक पत्राचार गरेको र बेरूजु फछ्र्याैट सम्बन्धमा आफूले गरेको निर्णयसहित कृषि मन्त्रालयलाई समेत जानकारी गराएको देखिन्छ । तर यी निवेदकले बेरूजु फछ्र्याैट सम्बन्धमा आफ्नो दायित्व पूरा गर्नेतर्फ कुनै कदम चालेको अवस्था छैन। महालेखा परीक्षकको कार्यालयबाट औँल्याइएका बेरूजुहरू सम्परीक्षण गराउनुपर्ने विषयअन्तर्गत पर्ने देखिन्छ। तर यी निवेदक कम्पनी संपरीक्षण गराउनेतर्फ नगई सिधै असाधारण अधिकार क्षेत्रबाट रिटमा प्रवेश गरेको देखियो। उक्त बेरूजु रकम यी निवेदेक कम्पनीको सम्झौता वा करारसँग सम्बन्धित कार्यबाट सिर्जना भएको देखिएको छ । करारको कारणबाट सिर्जित विषयमा देखिएको बेरूजुलाई रिट क्षेत्रबाट हस्तेक्षप गर्न उचित देखिँदैन । यस अवस्थामा यी निवेदक कम्पनीसँग वैकल्पिक कानूनी उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्रबाट प्रवेश गरेको भन्ने आधारमा रिट निवेदन खारेज गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, तत्कालीन पुनरावेदन अदालत पाटनले मिति २०७२/०४/२० मा गरेको आदेश (फैसला) फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल साउन ३० गते रोज २ शुभम्।

**४७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-**WO-**०१०२, उत्प्रेषणयुक्त परमादेश, लेखनाथ खनाल वि. रूद्रनाथ खनालसमेत*

अंश मुद्दामा तायदाती फाराम भर्दा रूद्रनाथ खनालले ऋण रहेको बेहोरा उल्लेख गरेको भन्ने सम्बन्धमा हेर्दा निजले ऋण सम्बन्धमा खुलाएको बेहोरामा विभिन्न उनाउ व्यक्तिहरूबाट जम्मा रू. ५,००,०००। - लिएको भन्नेसम्म खुलाएको पाइन्छ तर निजले उक्त ऋण को कसबाट के कुन मितिमा के कति रकम के कुन सर्तमा लिएको हो भन्ने कुरा खुलाउन नसकेको अवस्था छ । जहाँसम्म मानो छुट्टिएको मिति २०६८/१०/२४ भन्दा अघि नै निज रूद्रनाथ खनालले ऋण लिएको देखिएको भनी पुनरावेदन अदालत पोखराले आदेश गर्ने सन्दर्भमा लिएको आधार छ, सो सम्बन्धमा हेर्दा यी रूद्रनाथ खनालले मिति २०६२/१२/२४ मा मधु आचार्यसँग र मिति २०६२/१२/२७ मा सरला अधिकारीसँग ऋण लिएको भन्ने तथ्य कपाली तमसुकको प्रतिलिपिबाट देखिन्छ। तर सोभन्दा धेरैपछि २०६८ सालमा दर्ता भएको अंश मुद्दामा निजले मिति २०७०/२/१९ मा तायदाती फँटवारी पेस गर्दा न त सो तमसुक लिखत पेस गर्न सकेको पाइन्छ न त सो तमसुकबारे कुनै कुरा उल्लेख नै गर्न सकेको पाइन्छ। बरू गोलमोटल रूपमा आफूले विभिन्न "उनाउ व्यक्तिहरू" बाट ऋण लिएको र "विभिन्न व्यक्तिहरूलाई तिर्नुपर्ने" भन्ने कुरा उल्लेख गरेको देखिँदा निजले लिएको भनिएको ऋण मानो छुट्टिनुभन्दा अघि नै अर्थात् यी विपक्षी रूद्रनाथ खनालले निवेदक लेखनाथ खनालसँग एकासगोलमा हुँदाकै अवस्थामा लिएको भन्ने कुराप्रति नै प्रश्न चिह्न खडा हुन पुगेको देखिन्छ । घरायसी कपाली तमसुकको कागज जहिलेसुकै पनि बनाउन सकिने हुन्छ । २०६२ सालको मिति राखी तमसुक लेखियो भन्दैमा सोही मितिको रहेछ भनी भन्न मिल्ने हुँदैन। यसरी अंश मुद्दा चल्दैको अवस्थामा पेस दाखिला हुन नसकेको ऋण रकम अन्य अंशियारलाई बन्डा लाग्ने भन्नी अर्थ लगाउनु कानून एवम् न्यायसम्मत देखिएन । यसरी एकातर्फ अंश मुद्दाको टुङ्गो लागिसकेपछि लेनदेनको फिराद परेको, तायदाती फाँटवारीमा ऋण लिएको भन्ने खुलाए पनि त्यसरी लिएको ऋणसम्बन्धी कुनै लिखत पेस गर्न वा ऋणसम्बन्धी यथार्थ विवरण पेस गर्न वा यो यस कारणले आफूसँग भएको लिखत तत्काल पेस गर्न नसकेको भनी उल्लेख गर्न पनि नसकेको अवस्था रहेको पाइन्छ। निवेदक र विपक्षी रूद्रनाथ खनाल एकासगोलमा हुँदै उक्त ऋण लिएको भन्ने कुरा पनि तथ्यपरक ढंगबाट पुष्टि हुन नसकेको अवस्थामा अंश मुद्दाको फैसला हुँदा साहुको नालेस परेकोबखत कानूनबमोजिम हुने भन्ने

उल्लेख भएको आधारमा मात्र रूद्रनाथ खनालले लिएको ऋण गोश्वारा सम्पत्तिबाट बेहोर्नुपर्ने अवस्थाको देखिएन । यस स्थितिमा निवेदकलाई नबुझी आफ्नो कुरा भन्ने अवसर प्रदान नगरी यी विपक्षी रूद्रनाथ खनालले लिएको ऋण अंशियारहरूबिच बन्डा हुने भनी पुनरावेदन अदालत पोखराबाट मिति २०७२/ २ / २९ मा भएको आदेश कानून एवम् न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

अंश मुद्दामा नदेखिएको ऋणको बिगो आफूबाट भराउन मिल्दैन भन्ने निवेदन जिकिर रहेको देखिन्छ । प्रस्तुत विवादमा मधु आचार्य र सरला अधिकारी वादी तथा विपक्षी रूद्रनाथ खनाल प्रतिवादी भई चलेको लेनदेन मुद्दामा भएको फैसलाबमोजिम बिगो भराउँदा यी निवेदक लेखनाथ खनालको अंश हकबाट समेत भराइपाउने हो वा होइन भन्ने मुख्य प्रश्न रहेको पाइयो । उक्त दुवै लेनदेन मुद्दामा यी निवेदक प्रतिवादी नै रहेको पाइँदैन भने रूद्रनाथ खनालले मिलुवा प्रतिउत्तर फिराएको अवस्था छ । यी रिट निवेदकले लेनदेन मुद्दाको फैसला बदर गराउन जाने वैकल्पिक उपचारको बाटो हुँदाहुँदै रिट क्षेत्रबाट प्रवेश गरेको भन्ने विपक्षीको जिकिरतर्फ हेर्दा उक्त लेनदेन मुद्दामा यी निवेदक प्रतिवादी नै नरहेको साथै तनहुँ जिल्ला अदालतबाट फैसला हुँदा यी निवेदकबाट नभई रूद्रनाथ खनालबाट बिगो भराइपाउने ठहर भएको देखिन्छ । सो लेनदेन मुद्दाको फैसलासँग यी निवेदकको कुनै सरोकारसमेत नरहेको स्थिति हुँदा निजले सामान्य क्षेत्राधिकारअन्तर्गत आफू विरूद्धका फैसला वा आदेशहरू बदर गराउन सक्ने अवस्था देखिने ।

तसर्थ, विपक्षी रूद्रनाथ खनालले लिएको ऋणमा यी निवेदक लेखनाथ खनालले कुनै दायित्व वहन गर्नुपर्ने अवस्था नदेखिँदा लेनदेन मुद्दाको भरिभराउको क्रममा अ.वं. १७ नं. अन्तर्गत तत्कालीन पुनरावेदन अदालत पोखराबाट मिति २०७२/२/२९ मा भएको आदेश वा कानून विपरीत देखिँदा उत्प्रेषणको आदेशले बदर हुन्छ । लेनदेन मुद्दाको फैसला कार्यान्वयनको रोहबाट निज निवेदकबाट बिगो भराउने कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल साउन ३१ गते रोज ३ शुभम् ।

४८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७९-**WO**-००७०, उत्प्रेषणसमेत, विशाल भारती वि. नेपाल सरकार, गृह मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय, बढुवा समितिको सचिवालय, नक्साल, काठमाडौंसमेत*

प्रहरी नियमावली, २०७१ को नियम ३४(१) (ग) विपरीत स्नातक शैक्षिक योग्यता नभएकालाई बढुवा प्रक्रियामा समावेश नै नगराउने भन्ने बढुवा समितिमा छलफल भई सोही अनुसार नीति बनाएको हुँदा बढुवा समिति र प्रहरी महानिरीक्षकले दिने अङ्कमा भेदभाव गरी न्यून अङ्क दिई पदोन्नति हुनबाट विमुख पारिएको, निवेदकले पाउने अङ्क काटी बढुवा हुनबाट बञ्चित गरेको तथा एकातिर पदोन्नतिमा छुटाएकोमा १५ प्र. ना.उ. सिट खाली नै राखी पदोन्नतिमा छुटाएको हुँदा जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने निवेदकको मुख्य दाबीको सन्दर्भमा हेर्दा निवेदकले जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमबापत पाउनु पर्ने अङ्क नियमानुसार नै प्राप्त गरेको, मिति २०७९/०४/०२ गतेको बढुवा समितिको बैठकबाट गरिएको बढुवा सिफारिसमा सूचीको अन्तिममा रहेका उम्मेदवारले प्राप्त गरेको अङ्कभन्दा निज प्रहरी निरिक्षक विशाल भारतीको कुल प्राप्ताङ्क कम देखिएकोले निजको बढुवा सिफारिस नगरिएको हो, बढुवा प्रक्रियामा निजलाई सामेल गराइएको हो भन्नेसमेत बढुवा उजुरी सुन्ने समितको सचिवालय, नेपाल प्रहरी प्रधान कार्यालयसमेतको लिखित जवाफबाट देखिएकोमा निवेदकले इजलाससमक्ष अन्यथा भन्न नसकेको देखिँदा योग्यता गणना भएन भनी मान्न मिल्ने अवस्था देखिँदैन । यसैगरी नायब

महान्यायाधिवक्ताले बहससाथ पेस गरेको गृह मन्त्रालय कर्मचारी प्रशासन शाखाको प.सं. ०७९/८० च.नं. प्र. प्र.री.०७/२३४ मिति २०७९/०६/०६ को पत्रबाट निवेदक विशाल भारती प्रहरी नायब उपरीक्षक पदमा पदोन्नति भएको देखिन आयो। सो कुरालाई निवेदकले अस्वीकार गरेको पाइएन । निवेदकको पदोन्नति भइसकेको अवस्था हुँदा निवेदनमा उठाइएका अन्य कुराहरूतर्फ विचार गर्नुपर्ने अवस्था नदेखिने।

निवेदकको माग मूलभूत रूपमा सम्बोधन भइसकेको हुँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल कात्तिक १४ गते रोज २ शुभम्।

४९

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७९-**WH**-००१०, बन्दीप्रत्यक्षीकरण, रमेशप्रसाद तिमल्सिना वि. उच्च अदालत पाटनसमेत*

निवेदक गैरकानूनी रूपमा थुनामा रहेको हो वा होइन । रिट निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने पहिलो प्रश्नको सन्दर्भमा हेर्दा निवेदकले अदालतको फैसलाबमोजिम लागेको कैद र जरिवानाबमोजिम कैदमा रहे बसेको देखियो। यसरी अदालतको फैसलाबाट निवेदकलाई कैदमा राखिएको कार्यलाई गैरकानूनी मान्न र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने।

निवेदक थुनामा रहेको मितिबाट हिसाब गर्दा निजउपर चलेको ४ वटै मुद्दामा भएको कैद निवेदकले भुक्तान गरिसकेको देखिन्छ भने जरिवानाको हकमा काठमाडौं जिल्ला अदालतका मिति ०७८।१२।०९ को संशोधित कैदी पुर्जी हेर्दा मुद्दा नं.०७२-**CR**-२११४, ०७४-**CR**-१४१० र ०७४-**PC**-०५०२ मा भएको फैसलालाई जानकारीमा लिई संशोधित कैदीपुर्जी दिएको तर महेन्द्र पौडेलको जाहेरीले परेको वैदेशिक रोजगार ठगी (१५/३४९) मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई समेत हेरी संशोधित कैदी पुर्जी जारी गरेको पाइएन। सो मुद्दामा भएको जरिवाना समेतको रकम यी निवेदकले सबै मुद्दामा पेस गरेको धरौटीबाट र जरिवाना तिर्न नसके सोबापत भुक्तान गर्नुपर्ने कैदसमेतको हिसाब गर्दा भुक्तान भैसकेको देखिन्छ वा देखिँदैन भन्ने कुरा लिखित जवाफबाट स्पष्ट हुन सकिएन। अदालतको फैसलाबाट के कति कैद वा जरिवाना हुन्छ भन्ने कुरा हेरी संशोधित कैदी पुर्जी दिनुपर्ने दायित्व अदालतको हो । यहाँ निवेदक काठमाडौं जिल्ला अदालतको संशोधित कैदी पुर्जीले कैदमा रहेको हेरी सबै मुद्दामा भएको कैद र जरिवाना हेरी संशोधित कैदी पुर्जी दिनुपर्ने दायित्व पनि सोही अदालतको हुने देखिने।

निवेदकउपर चलेका सम्पूर्ण मुद्दाहरूको विवरण लिई कैद र जरिवानाको हिसाब गरी कैद र जरिवाना भुक्तान हुन बाँकी देखिएमा हेरी पुनः संसोधित कैदी पुर्जी जारी गर्नु र थुना मुक्त हुने देखिएमा थुना मुक्तसमेत गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७९ साल भदौ १७ गते रोज ६ शुभम्।

**५०**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७३-**WO**-०८१३, उत्प्रेषण, लुम्बिनी सामुदायिक टेलिभिजन, रूपन्देही वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल काठमाडौंसमेत*

रिट निवेदक लुम्बिनी सामुदायिक टेलिभिजन, बुटवलका अध्यक्ष विष्णुप्रसाद पन्थीले अख्तियार दुरूयोग अनुसन्धान आयोगसमक्ष बयान गर्दा उक्त टावर बनेको स्थानमा करिब ८/९ धुर जग्गा मात्र सार्वजनिक पर्दछ। उक्त जग्गा सार्वजनिक हो भनी स्वीकार गरेको, आफ्नो संस्था गैरनाफामूलक संस्था

भएको भनी बयान गरेको पाइन्छ। यसप्रकार तिलोत्तमा नगरपालिकाको तत्कालीन गाउँ विकास समितिका सचिव र यी रिट निवेदकबिच मिति २०६६।०६।०१ मा भएको सम्झौता बदर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६८।१२।२६ को निर्णय र मिति २०७१।११।२६ मा समेत निर्णय गरी तिलोत्तमा नगरपालिकाको कार्यालयलाई लेखेको पत्रको आधारमा तिलोत्तमा नगरपालिका कार्यालयले रिट निवेदक लुम्बिनी सामुदायिक टेलिभिजन, रूपन्देहीलाई लेखी पठाएको देखियो । सो निर्णय र पत्रले यी रिट निवेदकको कुन कुन संवैधानिक तथा कानूनी हक अधिकार उपभोग गर्न के कसरी आघात पुगेको हो, सो कुरा रिट निवेदनमा स्पष्ट खुलाउन सकेको पाइँदैन। सिद्धान्ततः मौलिक हक एवम् कानूनी हक प्रचलन गराउन रिट जारी गरिन्छ। कानूनले दिएको अधिकारभन्दा बाहिर गई गरेको सम्झौता बदर गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र सोअनुसार गरेको पत्राचारको विषयले रिट निवेदकको संवैधानिक एवम् कानूनी हक अधिकार हनन् हुने अवस्था नदेखिँदा त्यस्तो कार्यउपर रिटको क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने।

प्रस्तुत रिट निवेदनमा उल्लिखित जग्गा सार्वजनिक हो भन्ने कुरालाई निवेदकले स्वीकार गरेको, रूपन्देही जिल्ला, शंकरनगर गाउँ विकास समितिको सर्वदलीय बैठकबाट निर्णय गरिगाउँ विकास समिति र रिट निवेदक लुम्बिनी सामुदायिक टेलिभिजनबिच मिति २०६६।०६।०१ मा सम्झौता भई १० वर्षसम्म टावर राख्ने गरी भोगाधिकार दिएकोमा १० वर्षको अवधिसमेत समाप्त भइसकेकोले उक्त सम्झौता हाल कायम नहुँदा निवेदक संस्थाको हक कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने अवस्था पनि नदेखिने।

उक्त जग्गा सार्वजनिक हो भन्ने कुरा रिट निवेदकले स्वीकार गरेको, गाउँ विकास समितिबाट उक्त जग्गा सम्झौता गरी लिएको १० वर्षको अवधि समेत समाप्त भएको र टेलिभिजनलाई उपयोगको लागि जग्गा दिन मिल्ने हो वा होइन भन्ने विषयमा र अनुचित कार्य भयो वा भएन भन्ने विषयमा तत्काल अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हेर्न पाउने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६८।१२।२६ र २०७१।११।२६ मा भएको निर्णय सो निर्णयको आधारमा अन्य विपक्षीलाई लेखिएको पत्रहरू र सोका आधारमा जिल्ला प्रशासन कार्यालय रूपन्देहीको मिति २०७३।०३।१६ र २०७३।०९।१२ को पत्रहरू बदर गरिरहनु परेन तर सामुदायिक र गैरनाफामूलक उद्देश्यले सञ्चालित टेलिभिजन भन्ने निवेदकको जिकिर रहेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (५) (ख) को परिप्रेक्ष्यमा समेत जग्गा उपयोग गर्न दिने वा नदिने भन्ने विषयमा नगरपालिकाको कार्यालय र जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेतका सरोकारवालाहरू बसी पुनः कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी तिलोत्तमा नगरपालिका तथा जिल्ला प्रशासन कार्यालय, रूपन्देहीको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: निर्मलाकुमारी खड्का
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७९ साल वैशाख ४ गते रोज १ शुभम्।

**५१**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७६-**RB-**०२३५, बैंकिङ कसुर, नेपाल सरकार वि. कन्हैयाकुमार सोनार*

मिसिल संलग्न जाहेरी दर्खास्त, प्रतिवादीको अनुसन्धान तथा उच्च अदालतमा भएको बयान र प्रमाण मिसिल संलग्न मेघा बैंक नेपाल लिमिटेडको च.नं.**MBNL/COM/**२७७/०७६-७७ को पत्र तथा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय वीरगन्जको च.नं.३५ मिति २०७६।०४।१२ को पत्रसाथ प्राप्त बैंक स्टेटमेन्टसमेतबाट प्रतिवादी कन्हैया कुमार सोनारले जाहेरवाला देवप्रकाश चौरासियासँग पटक पटक गरी रू.९००,०००।- सापटी लिएकोमा सोबापत

मिति २०७६।०३।०३ गते प्रतिवादीले आफ्नो नामको राष्ट्र वाणिज्य बैंक लि. शाखा कार्यालय, वीरगन्जको खाता नं. १२५००२७०४४१० को खाताबाट ००३१५१०६९ नं. को चेक दिएको सो चेक साट्न जाँदा पर्याप्त रकम नभएको भनी फिर्ता भई चेक बाउन्स भएको भन्नेमा विवाद नदेखिने।

अब, प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिम कसुर ठहर भइ बिगो खुलेको स्पष्ट देखिँदा देखिँदै बाध्यात्मक कानूनी व्यवस्थाको उपेक्षा गरी बिगोबमोजिम जरिवाना नगरेको हदसम्मको फैसला बदर गरी प्रतिवादीलाई बिगोबमोजिम जरिवानासमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा जाहेरवाला देवप्रसाद चौरासियाले, प्रतिवादी कन्हैयाकुमार सोनारउपर जाहेरी दिएकोमा हाल कारबाही चलिआएको भएता पनि उक्त चेक अनुसारको सावाँ तथा सोको ब्याजसमेत घरसारमा मलाई बुझाइसकेको हुँदा निज प्रतिवादीबाट अब कुनै किसिमको सावा लिनु दिनु नभएको हुँदा निजलाई थुनामुक्त गरिदिनु भनी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा द.नं.८२९ मिति २०७६।०५।०५ मा निवेदन दर्ता गराई सो निवेदनमा सनाखत सहीछापसमेत गरेको देखिन आएबाट अभियोग दाबीबमोजिमको बिगो कायम रहेको भन्न मिल्ने अवस्था देखिएन।

यसरी अब जाहेरवालाले प्राप्त गर्नुपर्ने बिगोबापतको रकम प्राप्त गरिसकेको भई बिगो कायम नरहेको अवस्थामा बिगो भराइदिनेतर्फ केही बोलिरहनुपर्ने अवस्था देखिन आएन । बिगो नै भराइदिनु नपर्ने यस स्थितिमा बिगोबमोजिम जरिवाना गर्नु न्यायको रोहमा उपयुक्त मान्न मिल्ने देखिन आएन । बैंकिङ कसुर (चेक बाउन्स) मुद्दामा मिलापत्रसमेत हुन सक्ने कानूनी प्रावधान रहे भएको अवस्थामा जाहेरवालाले बिगोबापतको रकम बुझिसकेको अवस्थामा प्रतिवादीलाई बिगोबमोजिम जरिवाना गर्दा चर्को पर्ने भई न्यायको मक्सद पुरा हुन सक्ने देखिँदैन । प्रतिवादीले बिगो तिरेको अवस्थामा भएको कैद जरिवानातर्फको दाबी छाडी मिल्नमा बैंकिङ कसुर मुद्दामा महान्यायाधिवक्ताको कार्यालयले जाहेरवाला र प्रतिवादीलाई अनुमति दिएकै छ । यस स्थितिमा बिगो आफूले प्राप्त गरेको भनी जाहेरवालाले निवेदन दिई सनाखत गरेकोसमेत देखिँदा उच्च अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी कन्हैयाकुमार सोनारलाई एक महिना कैद हुने ठहऱ्याई बिगो भराई बिगोबमोजिम जरिवाना गर्नुपर्ने हदसम्मको अभियोग दाबी नपुग्ने ठहऱ्याई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।०५।०५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल कार्तिक १४ गते रोज २ शुभम्।

**५२**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६८-**CR-**०६७७, ०७१-**CR-**०२४७, ०७१-**CR-**०४६७, ०७३-**RC-**००९८, ०७६-**RC-**००१६, कर्तव्य ज्यान, नेपाल सरकार वि. भुषण भन्ने सुनिल कुमार मण्डल, नेपाल सरकार वि. राजुप्रसाद महतो खुलवट, राजुप्रसाद महतो खुलवट वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रमोद महतो खुलवट भन्ने प्रमोदप्रसाद चौहान, नेपाल सरकार वि. बनारसी महतो खुलवटसमेत*

मिसिल संलग्न जाहेरी दरखास्त हेर्दा प्रतिवादी सुनिलकुमार मण्डलसमेतका प्रतिवादीहरू मिली मिति २०६४।०९।१७ गतेका दिन सकलदेव साह केसरीलाई राजुप्रसादको घरमा बोलाई घटनास्थलमा लगी धारिलो हतियारसमेत प्रयोग गरी मारी परालको थुप्रोमा राखी आगो लगाई कर्तव्य गरी मारेको भनी यी प्रतिवादीसमेत उपर किटानी जाहेरी परेको देखिन्छ । सहप्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा यी प्रतिवादीसमेतको संलग्नतामा जाहेरवालाको पतिलाई कर्तव्य गरी मारेको भनी कसुरमा पोल गरी बयान गरेको

देखिएबाट निज प्रतिवादीको घटनास्थलमा उपस्थिति रहेको भन्ने तथ्यमा विवाद देखिएन । यी प्रतिवादीले अदालतमा उपस्थित भई आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए पनि मौका अनुसन्धानमा बयान गर्दा हामी सबैजना मिली जाहेरवालाको पति सकलदेव साह केसरीलाई आँप बँगैचामा लगी सबैजना मिली घाँटी थिची लडाउन लागेपछि म मानिसहरूलाई हेर्न भनी केही पर बसेको थिएँ । पछि म घटनास्थल फर्केर आउँदा अन्य प्रतिवादीहरूले सकलदेव साह केसरीलाई मारिसकेका थिए भनी बयान गरेको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिमको कानूनी व्यवस्था हेर्दा "अरू किसिमसँग मतसल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने उल्लेख भएको देखियो । उल्लिखित कानूनी व्यवस्था अनुसार कुनै व्यक्ति कसैको ज्यान मार्ने मतसल्लाहमा पस्छ, त्यसबारे प्रत्यक्ष जानकारी राख्छ र घटना घटोस् भन्ने चाहना राखी कुनै न कुनै रूपमा वारदातमा सहभागी हुन्छ तर वारदातस्थलमा केही नगरी टाढैबाट हेरी बस्ने जस्तो कसुरलाई उक्त कानूनी व्यवस्थाले समेटेको देखियो । प्रस्तुत मुद्दामा यी प्रतिवादीले घटनास्थलमा आफू उपस्थित भएको भन्ने कुरा स्वयम्ले स्वीकार गरेका छन् । जाहेरवालाको पतिलाई मार्ने योजना बनाई राजुप्रसादको घरमा बोलाई घटनास्थलसम्म लैजाने कार्यमा यी प्रतिवादी सुनिल कुमार मण्डलको समेत साथ सहयोग रहेको भन्ने देखिन्छ । तर घटनास्थलमा निज प्रतिवादीले के कस्तो कार्य गरी मृतकलाई मार्न सहयोग पुऱ्याएको भन्ने कुरा सहअभियुक्तहरूको बयान तथा बुझिएका मानिसहरूको कागज बेहोराबाट समेत खुल्न सकेको देखिँदैन । यस अवस्थामा ज्यान मार्ने कार्य नगरी घटनास्थलभन्दा केही पर बसी हेरी रहने यी प्रतिवादीको हकमा ज्यानसम्बन्धी महलको १७(३) नं. आकर्षित नहुने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने ।

अब अर्का प्रतिवादी राजुप्रसाद महतो खुलवटको सम्बन्धमा हेर्दा निज प्रतिवादीलाई जन्म कैदको सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदन अदालतबाट ज्यानसम्बन्धी महलको १७(२) नं बमोजिम ५ वर्ष कैदको सजाय गरेउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखिन्छ । त्यस्तै आफू वारदात घटित हुनुभन्दा अघिदेखि नै उपचारको लागि भारतको पटना गएको र वारदातपश्चात् नेपाल फर्की आएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं बमोजिम ५ वर्ष कैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको हुँदा अभियोग दाबीबाट सफाइ पाउनुपर्ने भन्दै प्रतिवादी राजुप्रसाद महतो खुलवटसमेतको यस अदालतमा पुनरावेदन परेको अवस्था देखियो । उल्लिखित दुवै पक्षको पुनरावेदनको रोहबाट प्रतिवादीको वारदातस्थलमा उपस्थिति थियो वा थिएन, उपस्थित रहेको भए निजले के कस्तो कार्य गरी मृतकलाई मार्ने कार्यमा सहयोग पुऱ्याए, प्रतिवादीको आफू अन्यत्र थिए भन्ने जिकिर पुष्टि हुन्छ वा हुँदैन र वादी प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने सम्बन्धमा नै निजको हकमा प्रस्तुत मुद्दाबाट हेर्नुपर्ने देखिने ।

प्रतिवादीहरू राजदेव महतो धानुक, बैजनाथ महतो खुलवट, बनारसी महतो खुलवट र प्रमोद महतो खुलवटको हकमा साधक जाँचको रोहबाट हेर्दा मिति २०६४।०९।१७ गतेको साँझ यी प्रतिवादीहरूसमेत भई मेरो पतिलाई राजुप्रसाद महतोको घरमा बोलाई सबैजना मिली मुख बाँधी भाग्न उम्कन र हारगुहारसमेत गर्न नपाउने गरी घटनास्थल आँप बगैँचामा लगी धारिलो हतियार (दाव) समेत प्रयोग गरी ज्यान मारी परालको थुप्रोमा घुसारी आगो लगाइदिएकोले निजहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी यी प्रतिवादीहरूउपर मृतकको श्रीमती जानकीदेवी केसरीको किटानी जाहेरी परेको देखिन्छ । प्रतिवादीहरू राजदेव महतो धानुक, बैजनाथ महतो खुलवट, बनारसी महतो खुलवटले

अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा सकलदेव साह केसरीलाई राजुप्रसादको घरमा बोलाई हामी सबैजना मिली सकलदेवको मुख बाँधी हारगुहार गर्न र भाग्न उम्कन नपाउने गरी आँप बगैँचामा लगी भुइँमा लडाइ बनारसीप्रसादको घरबाट धारिलो हतियार ल्याई काटी मारी परालको थुप्रोमा हाली आगो लगाई कर्तव्य गरी मारेको भनी आरोपित कसुरमा आफू साबित हुँदै अन्य प्रतिवादीहरूलाई समेत कसुरमा पोल गरी बयान गरेको देखिन्छ । मौका अनुसन्धानमा पक्राउ परेका यी प्रतिवादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा आफूहरू वारदात मिति समयभन्दा अगावैदेखि कामको सिलसिलामा जिल्ला बाहिर रहे बसेको र वारदातपश्चात् मात्र गाउँघरमा फर्की आएको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । कुनै पनि अपराधको वारदात घटित हुँदा अभियुक्तले आफू अन्यत्र थिए भनी जिकिर लिनु मात्र आरोपित कसुरबाट उन्मुक्ति पाउने आधार बन्न सक्दैन । त्यस्तो अन्यत्र थिए भन्ने जिकिर विश्वसनीय तवरबाट प्रमाणित गराउन पनि सक्नुपर्ने र मिसिल सम्लग्न प्रत्यक्ष वा परिस्थितजन्य प्रमाणहरूबाट पनि त्यस्तो जिकिर समर्थित हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूको वारदात मिति समयमा आफूहरू गाउँघरमा नभएको भन्ने जिकिर निजहरूले प्रमाणित गराउन नसकेको र सङ्कलित मिसिल संलग्न कागज प्रमाणबाट पनि समर्थन हुन सकेको नदेखिँदा आफूहरू वारदात मिति समयमा अन्यत्र थियौँ भन्ने निजहरूको जिकिर पत्यार लायक नदेखिने ।

प्रतिवादीमध्येका प्रमोद महतो खुलवट मौका अनुसन्धानमा फरार रही मिति २०६४।११।२६ मा अदालतमा हाजिर भई बयान गरेको देखिन्छ । निज प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदन अदालतबाट जन्म कैदको सजाय गरेको देखियो । सो फैसलाउपर प्रतिवादीको यस अदालतमा पुनरावेदन दर्ता भएको नदेखिए पनि कारागार कार्यालयमार्फत निवेदन दर्ता गरेको देखिन्छ । निजले सुरू अदालतमा हाजिर भई बयान गर्दा मिति २०६४।०९।१७ गते बिहान ८.०० बजेदेखि राति ८.०० बजेसम्म नेसनल मेडिकल कलेजको साकेट्रिक डिपार्टमेन्टमा ड्युटीमा थिएँ । मेरो खुट्टा फ्याक्चर भएको कारण घरमा आउन नसकी त्यस रात डा.भरत गोइतको क्वाटरमा सुतेको थिएँ । जाहेरवालाको पतिलाई मार्ने कार्यमा मेरो कुनै सम्लग्नता छैन भनी बयान गरेको देखियो । मौका अनुसन्धानमा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्ने सहअभियुक्त बैजनाथ प्रसाद खुलवटले सकलदेव साह केसरीलाई सबैजना मिली भुइँमा लडाएपछि प्रमोद महतो खुलवटले हतियार लिन बनारसी महतोलाई घरमा पठाएको र बनारसी महतोबाट हतियार लिई प्रमोद महतोले आफूलाई दिएको भनी बयान गरेको देखिन्छ । अन्य प्रतिवादीहरूले समेत यी प्रतिवादी प्रमोद महतोको घटनास्थलमा उपस्थिति थिएन भनी भन्न सकेको देखिँदैन । वारदात मितिका दिन विहान ८.०० बजेदेखि बेलुका ८.०० बजेसम्म नेसनल मेडिकल कलेजमा ड्युटीमा थिएँ भन्ने प्रतिवादीको जिकिर उक्त कलेजबाट झिकाइएको निजको हाजिरी रेकर्डबाट खण्डित हुन आएको पाइन्छ । प्रतिवादी कार्यरत रहेको मेडिकल कलेजदेखि घटनास्थलसम्म आउन जान यातायातको सहज पहुँच भएको देखिएको अवस्थामा घटना भएको रात मेडिकल कलेजको डा. भरत गोइतको क्वाटरमा बास बसेको भनी जिकिर लिने यी प्रतिवादी सहजै घटनास्थल आउनजान सक्ने कुरालाई नजरअन्दाज गर्न मिल्दैन । यसरी वारदात मिति समयमा आफू अन्यत्र थिएँ भन्ने जिकिर यी प्रतिवादीले निश्चयात्मक र वस्तुनिष्ट प्रमाणद्वारा पुष्टि गर्न सकेको नदेखिँदा अन्यत्र थिए भन्ने निजको जिकिर विश्वासलायक नदेखिने ।

प्रतिवादीहरूको मृतक सकलदेव केसरीसँग पूर्वरिसइवी रहेको भन्ने कुरा अनुसन्धानमा बुझिएका ठगा साह केसरीले गरेको कागज बेहोरा, मर्ने सकलदेवले साहले बनारसी महतो खुलवटसमेतउपर शान्ति सुरक्षा गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदन तथा सहअभियुक्त राजुप्रसाद महतो

खुलवटले अदालतमा बयान गर्दा धान झार्ने मेसिन सम्बन्धमा सकलदेवसँग विवाद भएको भनी उल्लेख गरेको बेहोरासमेतबाट पुष्टि हुन आएको देखिन्छ । वारदातको प्रत्यक्षदर्शी कोही व्यक्ति रहे भएको नदेखिए पनि यी प्रतिवादीहरूले कसुरमा एक अर्कालाई पोल गरी बयान गरे देखिन्छ । घटनास्थलबाट रगत लागेको धारिलो हतियारसमेत बरामद भएको र मृतकको शव परीक्षण प्रतिवेदनमा आगोले जलेर मृत्यु भएको भन्ने उल्लेख भएको पाइन्छ । जाहेरावाला र अनुसन्धानमा कागज गर्ने मानिसहरूले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले नै सकलदेव साह केसरीलाई कर्तव्य गरी मारी आगो लगाएका हुन् भनी बकपत्र गरेको अवस्था छ । प्रतिवादी बनारसी महतो खुलवट, बैजनाथ महतो खुलवट, राजदेव महतो धानुकले यस अदालतमा दायर गरेको पुनरावेदन आफूहरूले पुनरावेदन जिकिर पुष्टि गर्न नसक्ने भनी मुद्दा फिर्ता लिएको कुरा निजहरूको विरूद्ध प्रमाणमा लिन मिल्ने नदेखिए पनि माथि प्रकरण, प्रकरणमा विवेचित आधार र कारणबाट निज प्रतिवादीहरू बनारसी महतो खुलवट, बैजनाथ महतो खुलवट र राजदेव महतो धानुकलाई जन्म कैदको सजाय गर्ने गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको र प्रतिवादी प्रमोद महतो खुलवटको हकमा सुरू जिल्ला अदालतको फैसला उल्टी गरी निजलाई जन्म कैदको सजाय गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।०७।०१ भएको फैसला साधक जाँचको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दीपशिखा मुनाकमी / लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७८ साल चैत ७ गते रोज २ शुभम् ।

**५३**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७८-**WH**-०१६३, बन्दीप्रत्यक्षीकरण, कविता लुइँटेल वि. जिल्ला प्रहरी कार्यालय, बर्दिया, गुलरीयासमेत*

बर्दिया जिल्ला अदालतले थुनछेक आदेश गर्दा, घटना र कार्यबारे उल्लेख गरेको तर के कति कारणले मुद्दा पुर्पक्षका लागि निज बालकलाई बाल सुधार गृहमा राख्न जरूरी भएको भन्ने कारण खुलाएको देखिएन । साथै, निज बालकलाई कसुरजन्य कार्यको लागि पछि कसुर ठहर भएपश्चात् अधिकतम ६ महिनासम्म कैद वा बढीमा एक वर्षसम्म बाल सुधार गृहमा राख्न सकिने भन्ने कानूनी प्रावधानका सन्दर्भमा ऐ. ऐनको दफा २४ (२) (क) मा वर्णित न्यायोचित आधार र कारण नखुलाई त्यस्तो उमेर समूहका बालबालिकालाई जुनसुकै अवस्थामा पुर्पक्षको लागि सुधार गृहमा राख्न सकिन्छ भन्ने अर्थ गर्न पनि नमिल्ने ।

यसमा परिवर्तित नाम सङ्केत नं. ६६ (तु) को जाहेरीले नेपाल सरकार भएको जबरजस्ती करणी मुद्दामा परिवर्तित नाम थर सङ्केत नं. ६६ (ब) लाई बर्दिया जिल्ला अदालतको मिति २०७८।११।१२ को आदेशले पुर्पक्षको निम्ति बाल सुधार गृह, नेपालगन्जमा राख्न पठाइएको देखियो । यी परिवर्तित नाम थर संकेत नं. ६६ (ब) को उमेर १३ वर्ष रहेछ भन्ने कुरामा पनि विवाद देखिएन । निज प्रतिवादीउपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को ३ (क) र बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(२) बमोजिम सजायको माग लिइएको देखियो । जबरजस्ती करणीको अभियोग लागेको दफा ३६ (२) मा वर्णित १० वर्षदेखि १४ वर्षसम्मको उमेर समूहको व्यक्तिलाई ६ महिनासम्म कैद वा बढीमा १ वर्षसम्म सुधार गृहमा राख्न सकिने देखिन्छ । यस्तो बालबालिकालाई बाल सुधार गृहमा राख्न सोही ऐनको दफा २४ (२) (क) ले आधार कारण खोल्नुपर्नेमा सो दफाबमोजिम आदेशमा आधार, कारण खोलेको देखिएन । मुद्दाको अनुसन्धानको चरणमा नै निज ६६ (ब) हाजिर जमानीमा रहेको भन्ने पनि जिल्ला प्रहरी कार्यालय बर्दियाको लिखित जवाफबाट देखिन्छ । यस स्थितिमा निजलाई सुधार गृहमा राख्ने गरी बर्दिया जिल्ला अदालतबाट मिति २०७८।११।१२ मा भएको आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४

(२) (क) तथा यस अदालतबाट ०७७-**WH-**०४२३, २०७८-**WH-**००७५ र २०७८-**WH-**००५६ का मुद्दाहरूमा भएको व्याख्या अनुरूपसमेत नदेखिने।

रिट निवेदक परिवर्तित नाम सङ्केत नं. ६६ (ब) लाई बाल सुधार गृहमा राख्ने गरी भएको मिति २०७८।११।१२ को बर्दिया जिल्ला अदालतको आदेश बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २४ (२) (क) (ख) तथा ३६ (२) समेतको विपरीत देखिँदा बालसुधार गृहमा राख्ने आदेश नमिली गैरकानूनी थुना मान्नुपर्ने देखिएबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ को खण्ड (क) (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: दीपशिखा मुनाकमी

इति संवत् २०७८ साल चैत्र ७ रोज २ शुभम्।

५४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७३-**WO-** १२०१, उत्प्रेषण, रमेश शाक्य वि. त्रि.वि. कार्यकारी परिषद्, कीर्तिपुर, काठमाडौंसमेत*

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७३।६।१ को निर्णय बदर गरी निवृत्तिभरण नियमित रूपमा उपलब्ध गराइपाउँ भन्ने निवेदकको मुख्य दाबी रहेकोमा निवेदक पुरूषोत्तम प्रसाद बाँस्कोटासमेत विपक्षी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरसमेत भएको ०७३-**WC-**००३८ को उत्प्रेषण परमादेश मुद्दामा यस अदालतको संवैधानिक इजलासबाट मिति २०७६।०८।०४ मा "विपक्षीहरूले जारी गरेको त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० मा संशोधन गरी नियम ५४ को उपनियम (४) पछि मिति २०७३/०९/२० मा संशोधन गरी थप गरिएको उपनियम (४क) र (४ख) को कानूनी व्यवस्था सो नियम जारी हुनुपूर्व नै निवृत्तिभरण प्राप्त गरेका निवेदकका हकमा भूतप्रभावी असर पारेकोले विधिशास्त्रीय मान्यता विपरीत तथा नेपालको संविधानको धारा १४, १७(१), १८(१), २५, ३४ प्रदत्त अधिकारमा असर पारेकोले उक्त संवैधानिक व्यवस्था, भावना र विधिशास्त्रीय मान्यता विपरीत भई बाझिएको हदसम्म अमान्य भई बदर हुने हुँदा प्रारम्भदेखि नै लागु हुने गरी अमान्य घोषित गरी सो हदसम्म बदर हुने ठहर्छ। साथै त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० मा संशोधन गरी नियम ५४ को उपनियम (४) पछि थप गरिएको उपनियम (४क) र (४ख) को कानूनी व्यवस्था सो हदसम्म बदर हुने ठहरेकोले सोहीबमोजिम मिति २०७३/०६/०१ को कार्यकारी परिषद्को निर्णयसमेत कायम नरहने हुँदा सेवा निवृत्त शिक्षक कर्मचारीहरूले प्राप्त गरिरहेको निवृत्तिभरण सुविधा अन्य देशको स्थायी आवासीय अनुमति प्राप्त गरेको भन्ने आधारमा बञ्चित नगर्नु पूर्ववत् रूपमा सेवा निवृत्त तथा निजका परिवारले प्राप्त गर्ने निवृत्तिभरण पूर्ववत् रूपमा दिनु भनी निवेदन मागबमोजिम विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ।" भनी फैसला भएको देखिन्छ। प्रस्तुत निवेदन र ०७२-**WO-**००३८ को रिट निवेदनको विषयवस्तु एकै भएको हुँदा त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० नियम ४(क) र ४(ख) जारी हुनुअघि देखि निवेदकले प्राप्त गरिरहेको निवृत्तिभरण सुविधा अन्य देशको स्थायी आवासीय अनुमति प्राप्त गरेको भन्ने आधारमा बञ्चित नगर्नु पूर्ववत् रूपमा दिनु भनी निवेदन मागबमोजिम विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: पध्मा आचार्य

इति संवत् २०७९ साल साउन १५ गते रोज १ शुभम्।

**५५**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७८-**RC-**०१०५, कर्तव्य ज्यान, नेपाल सरकार वि. खोडस गिरी*

प्रतिवादीले आफ्नो श्रीमतीलाई कुटपिट गर्ने, झुण्ड्यायर मारिदिन्छु भन्ने काम कुरा गर्दै आएका र वारदात मिति समयमा पनि निजले नै कुटपिट गरी मारी नजिकैको खरिहानमा खाल्टो खनी पुरेको भनी प्रतिवादीउपर जाहेरवालाको किटानी जाहेरी परेको

अवस्था छ । प्रतिवादीले अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा वारदात मिति समयमा श्रीमतीलाई आफूले दाउराले टाउकोमा प्रहार गरी दुई हातले धकेली दिँदा भऱ्याङको फेदमा ठोक्किई सोही स्थानमा पल्टिएकी थिइन् । लामो समयमसम्म नउठेपछि राम्रोसँग हेर्दा टाउकोबाट धेरै रगत बगी निजको मृत्यु भइसकेको देखी डोकोमा राखी खरियानमा लगी खाल्टो खनी श्रीमतीलाई खाल्टोमा पुरी माथिबाट खरले छोपेको हो भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ । मृतक लोकादेवी गिरीको लास सडीगली दुर्घन्धित अवस्थामा रहेको, टाउकोमा चोटलागेको कारण कपाल रगतले लतपतिएको भन्ने लास जाँच मुचुल्काबाट देखिएको छ । मृतकको शव परीक्षण प्रतिवेदनमा **BLUNT TRAUMA HEAD** भनी उल्लेख भएको देखिन्छ । शव परीक्षण गर्ने डाक्टरको अदालतसमक्षको बकपत्र, मौकामा बुझिएका मानिसहरूको कागज बेहोराबाट पनि सो कुरा पुष्टि हुन आएको अवस्था छ । वारदातमा प्रयोग भएको काठको टुक्रामा लागेको रगत मानव रगत हो भनी जाँच परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ । अनुसन्धानमा बुझिएका मानिसहरूले अदालतमा गरेको बकपत्र तथा प्रतिवादीको अनुसन्धान र अदालतसमक्षको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादी खोडस गिरीको कर्तव्यबाटै मृतकको मृत्यु भएको भन्ने देखिने ।

प्रतिवादीले श्रीमती लोकादेवी गिरीलाई वारदात हुनुभन्दा अघिदेखि नै कुटपिट गर्ने, झुन्ड्याएर मारिदिन्छु भन्ने जस्ता काम कुरा गर्दैआएको भन्ने जाहेरवालाको जाहेरी दरखास्तबाट देखिएको छ । श्रीमतीसँग बिगत ५ वर्षदेखि बोलचाल नभएको, श्रीमतीले आफूलाई सधैँ हेप्ने गरेको, भातभान्सा पनि अलग अलग गर्दैआएको भनी निज प्रतिवादी स्वयाम्ले आफ्नो बयानमा उल्लेख गरेका छन् । वारदात मिति समयमा घरमा परिवारका अन्य सदस्य कोही नभएको मौका पारी निजले श्रीमतीको टाउकोमा दाउराले हानी घाइते बनाई भऱ्याङमा लडाइदिएको भन्ने देखिन्छ । श्रीमतीको मृत्यु भएपश्चात् निज प्रतिवादी स्वयाम्ले खरबारीमा लगी खाल्टो खनी गाडेको अवस्थामा लास बरामद भएको अवस्था छ । घटना भएको दश दिनसम्म पनि घटनाको बारेमा कसैलाई केही नभनी यी प्रतिवादी मौन भइ बसेको देखिन्छ । यस अवस्थामा निज प्रतिवादीले श्रीमतीलाई मनसायपूर्क नै कर्तव्य गरी मारेको भनी सहजै अनुमान गर्नुपर्ने भई निजले गरेको कसुर भवितब्य वा आवेशमा गरिएको कसुर भनी मान्न मिल्ने नदेखिने ।

जाहेरवालाको जाहेरी दरखास्त, बुझिएका मानिसहरूको कागज बेहोरा, निजहरूको अदलतसमक्षको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीको अनुसन्धान र अदालतसमक्षको साबिती बयानसमेतका मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादी खोडस गिरीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) बमोजिम जन्मकैदको सजाय गरी क्षतिपूर्तिसमेत भराउने ठहर गरेको सुरू प्युठान जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७८।०३।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की

कम्प्युटर: रेखा भट्टराई

इति संवत् २०७९ साल भाद्र ७ गते रोज ३ शुभम् ।

**५६**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७८-**RC**-०११३, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामजी विश्वकर्मा*

जाहेरवालाको प्रतिवादीउपरको किटानी जाहेरी, घटनास्थल लास जाच मुचुल्का, शव परीक्षण प्रतिवेदन र प्रतिवादीको अनुसन्धान अधिकारी र अदालतसमक्षको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाण कागजबाट मृतक सुनिताकुमारी विश्वकर्माको मृत्यु यी प्रतिवादी रामजी विश्वकर्माको कर्तव्यबाटै भएको भन्ने देखिने ।

प्रतिवादीले गरेको कसुर आवेश प्रेरितअन्तर्गतको कसुर हो कि भन्नेतर्फ हेर्दा यी प्रतिवादी र निजको श्रीमतीबाट कुनै सन्तानको जायजन्म नभएको भन्ने देखिन्छ । श्रीमती आफूभन्दा जेठी भएको र सन्तान पनि नभएको हुँदा निजलाई मारी दोस्रो विवाह गर्ने निजको उद्देश्य रहेको भन्ने कुरा प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयानबाट देखिएको छ । वारदात मितिभन्दा अगाडिदेखि नै प्रतिवादी र मृतकबिच झैझगडा हुने गरेको र मौका पर्‍यो भने तँलाई मारिदिन्छु भनी प्रतिवादीले भन्ने गरेका थिए, भनी अनुसन्धानमा बुझिएका मानिसहरूले खुलाएको देखिन्छ । प्रतिवादीले आफू मादक पदार्थ सेवन गरी सुतेको अवस्थामा श्रीमतीले खुकुरी प्रहार गर्न लागेको देखी लात्ताले हानी लडाइ सोही खुकुरी खोसेर आफ्नो ज्यान बचाउन श्रीमतीलाई प्रहार गरेको भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको देखिए पनि सोको पुष्टि हुने कुनै आधार र कारण प्रतिवादीले खुलाउन सकेको देखिँदैन । कसैले कुनै उत्तेजना दिलाउने काम गरेबाट कसुरदारले आत्मसंयमको शक्ति गुमाई त्यस्तो उत्तेजना दिलाउने व्यक्तिको ज्यान मारेमा घटि सजाय हुनसक्ने तर त्यस्तो कार्य गर्दा क्रूर वा अस्वाभाविक तवरबाट गरेको हुनु नहुने भन्ने कानूनी व्यवस्था भइरहेको पाइन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादीले श्रीमतीको टाउकोलगायत शरीरका विभिन्न भागमा क्रूर निर्ममतापूर्वक पटक पटक खुकुरी प्रहार गरी मारेको देखिन्छ । मृतकले प्रतिवादीलाई खुकुरी प्रहार गर्नुपर्नेसम्मको उत्तेजित अवस्थामा पुर्‍याएको भन्ने मिसिलबाट देखिदैन । यस अवस्थामा यी प्रतिवादीले आवेशमा उत्तेजित भई वा आत्मरक्षाको लागि श्रीमतीलाई खुकुरी प्रहार गरी मारेको रहेछन् भनी मान्न मिल्ने नदेखिने ।

जाहेरवालाको जाहेरी दरखास्त, बुझिएका मानिसहरूको कागज बेहोरा, निजहरूको अदालतसमक्षको बकपत्र, मृतकको शवपरीक्षण प्रतिवेदन, प्रतिवादीको अन्न र अदालतसमक्षको साबिती बयानसमेतका मिसिल सलंग्न कागज प्रमाणबाट यी प्रतिवादी रामजी विश्वकर्मालाई जन्मकैदको सजाय गरी क्षतिपूर्तितर्फको दाबी नपुग्ने ठहर गरेको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर गर्ने गरी उच्च अदालत जनकपुरबाट मिति २०७७।०९।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: लालबहादुर कार्की
कम्प्युटर: रेखा भट्टराई
इति संवत् २०७९ साल भाद्र ७ गते रोज ३ शुभम् ।

**५७**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री कुमार चुडाल**, *०७८-**RC**-०१३५, कर्तव्य ज्यान, नेपाल सरकार वि. महजिद मियाँ हजाम*

प्रतिवादीले मृतलाई कुटपिट गरी निजको साथबाट मोवाइल फोन र नगदसमेत झिकी लगेको भनी बयान गरेको देखिएको र निज प्रतिवादी अनुसन्धानमा पक्राउ पर्दा निजको साथबाट मृतकले प्रयोग गर्ने **NCELL** कम्पनीको ९८०९१३०७९९ नं. को सिमकार्ड बरामद भएको अवस्था छ । मिसिलसाथ पेस हुन आएको सडक सि.सि.टि.भी. को फुटेज इजलासबाट अवलोकन गर्दा प्रतिवादीले भने जस्तो मृतकले निजलाई घटनास्थलमा झापड हानेको भन्ने देखिँदैन । यी प्रतिवादीले मृतकलाई गल्लीको छेउमा लडाइ हात मुक्का र सडकमा रहेको ईँटाढुंगाले मृतको अनुहार तथा शरीरको बिभिन्न भागमा पटक पटक प्रहार गरी निजको साथमा रहेको मोबाइल फोनसमेत झिकी आफ्नो खल्तिमा राखी मृतकसँगै टाँसियर सुतेको देखिन्छ । वारदातको दिन बेलुका होटलमा प्रतिवादी र मृतकसँगै बसी मदिरा सेवन गर्ने विजय नेपाली र भरत थापालाई पनि मुद्दामा प्रतिवादी बनाएको अवस्था छ । निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा घटनास्थलमा भेटिएका कैँची, घडी, चस्मा, चप्पल मर्ने भिखारीरामको हो । सि.सि.टि.भी फुटेजमा भिखारी रामलाई कुटपिट गर्ने व्यक्ति प्रतिवादी महजिद मिया नै हुन् भनी सनाखतसमेत गरी फुटेजमा देखाइएको अन्य दुईजना व्यक्ति हामी हौँ भनी बयान गरेको देखिन्छ

भने अदालतमासमेत निजहरूले बयान गर्दा आफूहरू कसुरमा इन्कार रहेको देखिए पनि भिखारी रामलाई प्रतिवादी महजिद मियाले कुटपिट गरी मारेको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादीले आफूलाई मृतक भिखारी रामले गालामा थप्पड हानेको कारण तत्काल रिस उठी नसाको सुरमा इँटा ढुंगाले प्रहार गरेको भनी उल्लेख गरेको देखिए पनि मृतकलाई भुइँमा लडाइँ प्रतिवादीले पटक पटक प्रहार गरेको देखिन्छ भने मृतकको साथमा रहेको मोवाइल फोन र नगदसमेत निकाली आफूले लिएको देखिन्छ । अनुसन्धान र अदालतमा निजले कसुर स्वीकार गरी बयान गरेको अवस्था छ । वारदातपश्चात् यी प्रतिवादी विदेश भारततर्फ भाग्ने तरखरमा रहेको अवस्थामा घटना भएको १५ दिनपछि नेपाल भारतको सीमा क्षेत्रबाट पक्राउ परेको र निजको साथबाट मृतकले प्रयोग गर्ने मोवाइलको सिम कार्ड बरामद भएको देखिएको यस अवस्थामा यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भन्ने पुष्टि हुने।

होटलमा बसी मदिरा सेवन गरेको बिल तिर्ने विषयमा मृतक र प्रतिवादीबिच  विवाद हुँदा यी प्रतिवादीले सुनसान बाटो रातिको समयमा मृतक भिखारी राम एक्लै भएको मौका पारी भुइँमा लडाइ हातमुक्का इँटा ढुंगाले निर्मम तवरबाट प्रहार गरेको कारणबाट मृतक भिखारी रामको मृत्यु भएको देखिएको र निज प्रतिवादीको सो कार्य भवितव्य वा आवेशप्रेरित हत्याको श्रेणीमा पर्ने अवस्थाको समेत नदेखिएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको दफा १३(१) नं. बमोजिम जन्म कैदको सजाय गरेको सुरू फैसला सदर गर्ने गरी उच्च अदालत जनकपुर, वीरगन्ज इजलासबाट मिति २०७६।१०।२८ मा भएको फैसला मिलेकै देखिने।

इजलास अधिकृत: लालबहादुर कार्की

इति संवत् २०७९ साल भाद्र ७ गते रोज ३ शुभम्।

**५८**

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री नहकुल सुवेदी**, *०७२-**WO-** ०३७३, उत्प्रेषणसमेत, अनिषकुमार यादव वि. प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंसमेत*

निवेदक मिति २०५९/०९/१४ मा मोटरसाइकलमा कार्यालयतर्फ हाजिर हुन जाँदै गर्दा निज सवार मोटरसाइकललाई ट्रकले ठक्कर  दिई सख्त घाइते भई उपचारार्थ भारतको गोरखपुरसम्म गई उपचार गराई मिति २०६०/०२/०८ मा पुनः कार्यालयमा हाजिर भई ४ दिनको बिदा स्वीकृत गराई गई सोपश्चात् मिति २०६०/०२/१२ मा कार्यरत कार्यालयमा हाजिर हुन आउनुपर्नेमा हाजिर हुन नआई बिना कुनै जानकारी, बिनासम्पर्क अनुपस्थित रहेको र खोजतलास गर्दासमेत फेला नपरेको भन्नेसमेत आधारमा तत्कालीन क्षत्रीय प्रहरी इकाइ कार्यालय पोखराबाट निवेदनलाई भविष्यमा सरकारी सेवाको लागि अयोग्य नहुने गरी मिति २०६०/०४/१२ मा नोकरीबाट हटाउने गरी निर्णय भएको देखिन्छ। उक्त बिदा स्वीकृत गराई गएपश्चात् निवेदकलाई नोकरीबाट हटाउँदाको मितिसम्म निवेदक कार्यालयमा सम्पर्कमा रहेको भन्ने मिसिल संलग्न कागजातबाट पुष्टि हुन सकेको देखिदैन । तत्कालीन क्षेत्रीय प्रहरी इकाइ कार्यालय, पोखराको निर्णयउपर निवेदक स्वयम्ले प्रहरी नायब महानिरीक्षकज्यूसमक्ष मिति २०६०/०५/३१ मा पुनरावेदन गरेको मिसिल संलग्न कागजातबाट देखिँदा निवेदकले सुनुवाइको मौका पाएको रहेन छ भनी मान्न मिल्ने अवस्थासमेत सकिएन। जहाँसम्म पुनरावेदनमा भएको निर्णयबारे जानकारी दिइएन भन्ने प्रश्न छ, निवेदक अन्य सामान्य नागरिक नभई राष्ट्र सेवामा सदा संलग्न रहनुपर्ने प्रहरी सेवाको व्यक्ति हो । यस्तो व्यक्तिले नोकरीबाट हटाइएपछि गरेको पुनरावेदनमा के निर्णय भयो **?** निर्णय नभएको भए किन भएन भन्ने विषयमा आफैँले जानकारी राख्नुपर्ने हुन्छ। बिदा असीमित हुँदैन यो अधिकारको कुरा पनि होइन। विदापश्चात् लामो समयसम्म सेवामा हाजिर नहुँदा नोकरी रहँदैन भन्ने राष्ट्रसेवामा रहेको कोही पनि नागरिकलाई जानकारी रहने कुरा हो। त्यसमाथि प्रहरी नियमावली, २०४९ को नियम ५०(२) मा बिदा नलिई

गैह्रहाजिर हुने प्रहरी कर्मचारीलाई नेपाल सरकारले सेवाबाट हटाउन सक्ने छ भन्ने र नियम ५१ मा बिदा अधिकारको कुरा होइन भन्ने स्पष्ट रूपमा उल्लेख भएको छ, निवेदकले सेवाबाट हटाउने निर्णयउपर पुनरावेदन गरेको कुरा उल्लेख गरेको सम्बन्धमा हेर्दा त्यस्तो पुनरावेदनउपर दुई वर्षभित्र निर्णय हुनुपर्ने कुरा ऐ. नियमावलीको नियम ९०(४) मा रहेको देखिन्छ। यी समस्त कानूनी व्यवस्थाहरूको सम्बन्धमा पुनरावेदनसमेतबाट निर्णय भएको दशकौँपछि रिट निवेदन परेको देखियो। आफूलाई परेको पिरमार्काको सम्बन्धमा यत्रो १२ वर्षको अवधिमा कानूनी संरक्षणको लागि निवेदकले सोधखोज गरी निवेदन दिएको वा जानकारी राख्ने सामान्य प्रयास गरेको भन्नेसम्म पनि नदेखिएको।

निवेदक बिनासूचना लामो अवधिसम्म बिना कुनै सम्पर्क कार्यालयमा अनुपस्थित रहेको आधारमा कानूनद्वारा अधिकारप्राप्त अधिकारीबाट कानूनको उचित प्रक्रिया पुऱ्याई कानूनको अख्तियारीअन्तर्गत रही निर्णय गरेको अवस्था तथा मिति २०६१/११/११ मा पुनरावेदनको तहबाट निर्णय भएकोमा पुनरावेदकीय निर्णयको जानकारीसमेत पाइन भनी १२ वर्षपछि अदालत प्रवेश गरेको देखिन्छ। यस अवधिमा आफ्नो हक अधिकार संरक्षण गर्न तथा हक अधिकारको प्रचलनको लागि निवेदकले निरन्तर प्रयास गरेको भन्नेसमेत देखिदैन । निवेदकले अनुचित विलम्ब गरी १२ वर्षपछि रिट निवेदन लिएर आएको देखिँदा र नेपालमा प्रहरी अस्पतालमा उपचार सेवा नलिई नेपाल बाहिर उपचार गराएको भन्ने कुरा नै विश्वसनीय नदेखिई निवेदक सफा हात लिएर अदालत प्रवेश गरेको भन्न मान्न मिल्ने अवस्था नदेखिएको अवस्था रहेको र निवेदकलाई सेवाबाट हटाउने निर्णय अख्तियारप्राप्त अधिकारीले कानूनको अख्तियारीअन्तर्गत रही गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सदन अधिकारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७९ साल साउन १७ गते रोज ३ शुभम्।

## इजलास नं. ६

### ५९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CR**-०३४७, बहुविवाह, रामप्रसाद न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादीहरूले २०७०।१।३० मा नै विवाह गरी २०७०।२।२१ मा दर्तासमेत गरेको, यी जाहेरीवालासमेत भई मिति २०७०।८।१९ देखि २०७०।८।२७ सम्म हरिवंश महायज्ञ सप्ताह गर्दा निमन्त्रणा कार्डमा दुवै श्रीमतीहरूको नामसमेत उल्लेख गरेको मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएको हुँदा सो विवाहले कानूनी एवम् सामाजिक मान्यतासमेत पाएको देखिएकोले हदम्यादसम्बन्धी पुनरावेदन अदालत बुटवलको उपर्युक्त फैसला यस अदालतबाट प्रतिपादित सिद्धान्तसँग मेल खाएको देखिएन। साथै यी वादी र प्रतिवादीबिच मिति २०७१।१।२६ मा अ.वं.१८२ नं. बमोजिम मिलापत्र भई अंशबन्डासमेत भइसकेको तथा कपिलवस्तु जिल्ला अदालतको मिति २०७८।४।१९ को फैसलाबमोजिम वादी कृष्णमाया भुसाल र प्रतिवादी रामप्रसाद न्यौपानेबिच सम्बन्ध विच्छेदसमेत भइसकेको स्थितिमा प्रतिवादी रामप्रसाद न्यौपानेलाई बिहावरीको ९ र ९क नं. को कसुरमा ऐ. १० नं. बमोजिम १ वर्ष कैद र रू.५०००।- (पाँच हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७२।१०।५ मा पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको नदेखिने।

अत: हदम्याद नघाई दायर भएको अभियोग दाबी खारेज गर्नुपर्नेमा सुरू फैसला केही उल्टी गरी प्रतिवादी रामप्रसाद न्यौपानेलाई मुलुकी ऐन बिहावरीको ९, ९क नं. को कसुरमा ऐ. १० नं. बमोजिम १ वर्ष कैद र रू. ५०००।- (पाँच हजार रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१०।०५ मा भएको फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई हदम्याद नाघी दायर भएको अभियोग दाबी खारेज

भई पुनरावेदक प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः ताराप्रसाद जोशी

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल मङ्सिर २१ गते रोज ३ शुभम्।

## ६०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CI**-०८८५, अंशदर्ता, इनरदेव मण्डलसमेत वि. रामदेव मण्डलसमेत*

वादी प्रतिवादीहरू बुद्धसागर मण्डलका छोराहरू भई एकै अंशियार रहेको तथ्यमा दुवै पक्षको मुख मिलेकै देखिन्छ । हामीले मलेसियामा रोजगारी गरी कमाएको रकमबाट खरिद गरेको जग्गा नितान्त निजी सम्पत्तिलाई बन्डा गर्ने तर हामी वादीहरूले पठाएको रकमले दाजु रामदेव मण्डलले केही जग्गाहरू भाउजूको आमाको नाममा खरिद गरी बकसपत्रमार्फत भाउजूको नाममा ल्याई निजी आर्जनको भन्ने देखाएको भन्ने पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर रहेको छ । पुनरावेदक वादी हरदेव मण्डलले सप्तरी जिल्ला, देउरीभरूवा गा.वि.स., वडा नं. ८ को कि.नं.३२२ को जग्गा र पुनरावेदक इनरदेव मण्डलले ऐ वडा नं. ६ को कि.नं.४७१ को जग्गा मलेसियाबाट रोजगारी गरी कमाएको रकमबाट खरिद गरेको भनी जिकिर लिए पनि उक्त जग्गा खरिद गर्ने पैसा कुन मितिमा कुन माध्यमबाट कसका नाममा पठाएको हो **?** यकिनसाथ खुलाउन सकेको देखिँदैन। सगोलका अंशियारको नाममा रहेको सम्पत्ति निजी आर्जनको हो भनी दाबी गर्दा सो कुरा पुष्टि हुने प्रमाण पेस गर्ने दायित्व यी पुनरावेदकहरूमा रहनेमा त्यस्तो प्रमाण पेस हुन सकेको देखिँदैन । वस्तुनिष्ठ प्रमाणबाट अन्यथा प्रमाणित नभएसम्म सगोलको जोसुकै अंशियारको नाममा भएको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सबै अंशियारको समान अंश हक लाग्ने देखिएकोले सो सम्बन्धमा यी पुनरावेदक वादीहरूको जिकिर मनासिब नदेखिने।

प्रत्यर्थी प्रतिवादी शिवकुमारीका नाममा भएको जग्गाहरू सगोलको सम्पत्ति भएकोमा बन्डा नगरी निजको निजी आर्जनको भनी फैसला गरेको भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा सो जग्गा प्रत्यर्थी शिवकुमारीले अन्य व्यक्तिलाई बिक्री गरेउपर यी पुनरावेदकहरूले मुद्दा दायर गर्दा वादी दाबी नपुग्ने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट समेत फैसला भएको देखिन्छ । पुनरावेदन अदालत राजविराजको फैसलाउपर वादीहरूले यस अदालतमा गरेको (०७३-**CI**-०८८६, ०७३-**CI**-०८८७ र ०७३-**CR**-०७४२) पुनरावेदन विचाराधीन रहेको अवस्थामा यी पुनरावेदकहरूले दाबी प्रमाणित गर्न सक्दैन भनी निवेदन दिई मिति २०७३।११।१८ मा यस अदालतबाट मुद्दा फिर्ता लिने अनुमति प्रदान भइसकेको देखिँदा शिवकुमारीले जग्गा बिक्री गरेको लिखतहरूको अस्तित्व यथावत् कायम रहेको देखिन्छ । यी पुनरावेदकहरूले अंश दाबी गरेको जग्गा बिक्री गरेको लिखत बदर नभई कायम नै रहेको अवस्थामा सो जग्गाबाट पनि अंश पाउँ भन्ने जिकिरकोसमेत औचित्य समाप्त भइसकेको देखिँदा यस अदालतबाट मिति २०७३।८।९ मा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा लिएका आधारहरूतर्फ थप विवेचना गरिरहनु नपर्ने।

तसर्थ, वादी प्रतिवादीहरू सगोलका अंशियार रहेकोले तायदाती फाँटवारीमा उल्लेख भएको इनरदेव मण्डलका नाउँको कि.नं.४७१, हरदेव मण्डलका नाउँको कि.नं.३२२, स्व.कुशमी देवी धनुकाइनको नाउँको कि.नं.२०५ र २७२ को जग्गालाई ४ भाग लगाई सोको २ भाग वादीहरूले बन्डा छुट्टयाइलिन पाउने र ऋणको हकमा साहुको नालिस परेका बखत ठहरेबमोजिम हुने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०७१।११।११ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७२।२।३ को फैसला कानूनसम्मत भई

मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: हेमराज शर्मा
कम्प्युटर: सुप्रभा अर्याल
इति संवत् २०७९ साल असोज ४ गते रोज ३ शुभम्।

६१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७३-**CR**-११३०, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. चण्डेश्वर गैह्रे*

प्रत्यर्थी प्रतिवादी चण्डेश्वर गैह्रेले मुद्दा अनुसन्धानको क्रममा अधिकार प्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा आफूउपर लागेको कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। पुनरावेदक वादी नेपाल सरकारले यी प्रत्यर्थी प्रतिवादी आरोपित कसुरका कसुरदार हुन भन्ने वस्तुनिष्ट प्रमाण पेस गर्नसकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रत्यर्थी प्रतिवादी चण्डेश्वर गैह्रे कसुरदार हुन् भन्ने कुनै वस्तुनिष्ट प्रमाण वादी पक्षबाट पेस गर्न सकेको पाइँदैन। यसै सन्दर्भमा यस अदालतबाट पुनरावेदक वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादी थोमबहादुर तामाङसमेत भएको कर्तव्य ज्यान मुद्दामा "अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलग अलग कुरा हुन्। फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुने। अनुमान तथा अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने " भनी ने.का.प. २०७०, अङ्क १२, नि.नं. ९०९२, पृ.१५१० मा यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रत्यर्थी प्रतिवादी चण्डेश्वर गैह्रेले आफूले पढाउने छात्राहरूलाई करणी गर्ने मनसायले योनि चलाउने, छाती समाउने, गाला टोकी दिने, आफ्नो लिङ्ग समाउन लगाउने जस्ता कार्य गरेको भन्ने जाहेरी दरखास्त र पीडितको मौकाको कागज भए पनि उक्त भनाई अन्य वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन सकेको नपाइने।

यसैगरी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा **Vulva and Perineum Appear Normal. No Swelling Redness Or Tenderness Present** भन्ने उल्लेख भएको देखिन्छ। उक्त स्वास्थ्य परीक्षण प्रतिवेदनबाट वादी दाबी पुष्टि हुनसकेको नदेखिँदा प्रत्यर्थी प्रतिवादी उपरको वादी दाबी खम्बिर हुने आधार देखिँदैन। मौकामा कागज गर्ने पीडित र बुझिएका व्यक्तिहरूले प्रतिवादी आरोपित कसुरका कसुरदार हुन् भनी लेखाएको देखिए पनि निजहरूले प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार उक्त बेहोरालाई अदालतसमक्ष उपस्थित भई बकपत्र गरी पुष्टि गर्न सकेको देखिँदैन। पुनरावेदक वादी नेपाल सरकारले आफ्नो पुनरावेदनमा मौकामा बुझिएका व्यक्तिहरूलाई मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम बुझ्ने आदेश भएको तर उपस्थित नभएको अवस्थामा उक्त नम्बरबमोजिमका अरू प्रक्रिया पूरा नगरी फैसला गरिएको भन्ने जिकिर लिएको देखिन्छ। सो जिकिर सम्बन्धमा हेर्दा वादी पक्षले जाहेरवाला, पीडित र मौकामा बुझिएका व्यक्तिहरूलाई तोकिएको समयमा अदालतमा उपस्थित गराउनुपर्दछ। आफ्ना साक्षी गवाह अदालतले तोकेको समयमा उपस्थित गराई प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरले प्रमाणित गराउनु वादी पक्षको कानूनी दायित्व हुने।

तसर्थ, प्रतिवादी चण्डेश्वर गैह्रेउपरको अभियोग दाबी पुग्न नसक्ने भई आरोपित कसुरबाट सफाइ पाउने भनी सुरू स्याङ्जा जिल्ला अदालतको मिति २०७२।९।२८ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पोखराको मिति २०७३।४।३१ को फैसला कानूनसम्मत मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत (उपसचिव) : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर: सुप्रभा अर्याल
इति संवत् २०७९ साल पौष २९ गते रोज ६ शुभम्।

## ६२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी**, *०७१-**RB**-०१८५, ०७१-**RB**-०२६९, करारको दायित्व पूरा गर्न लगाइपाऊँ, घनश्याम थापा वि. कपिलमणि चौरेल, कपिलमणि चौरेल वि. नेपाल सरकार*

वादीले मिति २०५१।०८।०२ मा रकमको साँवा ब्याज प्रतिवादीलाई बुझाई चुक्ता गरिसकेको भनी फिरादमा उल्लेख गरेकोमा सो जिकिरलाई समर्थन हुने गरी कुनै प्रकारको भरपाई वा बुझेको कागज वादीले फिरादसाथ पेस गर्नसकेकोसमेत देखिएन । तथा वादीले प्रतिवादीको कार्यालयले निजलाई सरूवा गरिदिएको कारण निजले जग्गा फिर्ता नगरिदिएको भनी आफ्नो दाबीमा उल्लेख गरे तापनि कुन मितिमा कति अवधिसम्मको लागि कुन कार्यालयमा प्रतिवादी सरूवा भई गएको हो भनी स्पष्टरूपमा समेत खुलाई लेखाएको नदेखिने।

यसरी आफूखुसी किर्ते मुद्दाको अन्तिम टुंगो लागेपश्चात् मात्र आफ्नो हक उक्त जग्गामा स्थापित भई करारको कार्यान्वयन हुने स्थिति सिर्जना भएको मानी मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको भनी दायर भएको फिराद करार ऐन, २०२३ को दफा १८ को उपदफा (२) को खण्ड (ग) को व्यवस्था विपरीतको देखिन आयो । ऐनले स्पष्ट रूपमा नालिस दिने समय तोकेको अवस्थामा सो म्याद नघाई दायर भएको फिराद हदम्यादभित्र परेको भनी मान्न मिल्ने देखिएन। फिराद दाबी नै हदम्यादभित्र परेको नदेखिँदा मुद्दाको अरू तथ्यभित्र प्रवेश गरी इन्साफतर्फ बोल्न नमिल्ने।

अतः वादीले दायर गरेको फिराद ऐनको हदम्यादभित्र नरहेको हुँदा फिराद दाबीको औचित्यभित्र प्रवेश नगरी फिराद नै खारेज गर्नुपर्नेमा मुद्दाको औचित्यभित्र प्रवेश गरी सुरू जिल्ला अदालतले वादी दाबी अनुसारको जग्गा वादीको नाममा नै फिर्ता दिई प्रतिवादीले करारनामा अनुसारको दायित्वसमेत पूरा गर्नुपर्ने ठहऱ्याई भएको फैसलालाई केही उल्टी गरी करारमा उल्लिखित रकमको साँवा ब्याज प्रतिवादीलाई तिरे बुझाएको नदेखिँदा सो बुझाएको बखत दाबीबमोजिम वादीले प्रतिवादीबाट करारीय दायित्व पूरा गराई कि.नं. २९० को जग्गा फिर्ता गराइलिन पाउने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०३।१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: सुभद्रा जि.सी.

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७९ साल मङ्सिर १८ गते रोज १ शुभम्।

## ६३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल**, *०७८-**WH**-००१८, बन्दीप्रत्यक्षीकरण, चेतना कार्की वि. क्षेत्रीय कारागार कार्यालय झुम्का, सुनसरीसमेत*

निवेदक राजन बस्नेतसमेत उपर आपराधिक उपद्रव (आगो लगाएको) मुद्दामा सर्लाही जिल्ला अदालतसमक्ष अभियोगपत्र दायर भएको देखिन्छ । नियमित न्यायिक प्रक्रियाबाट अभियोगपत्र दायर भएको र थुनछेकका सन्दर्भमा कानूनद्वारा व्यवस्था गरिएको प्रक्रियाबमोजिम निवेदकलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी तहतह अदालतबाट आदेश भएको देखिन्छ । निवेदकउपर सर्लाही जिल्ला अदालतमा चलेको आपराधिक उपद्रव (आगो लगाएको) मुद्दा हालसम्म विचाराधीन अवस्थामा रहिरहेकोसमेत पाइयो। यस अवस्थामा अहिले रिट अधिकारक्षेत्रअन्तर्गत प्रस्तुत निवेदनका सन्दर्भमा मातहत अदालतमा विचाराधीन मुद्दाको अन्तरवस्तुमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी विचाराधीन मुद्दाको निरूपणमा असर पर्ने गरी आदेश जारी गर्नु उचित देखिँदैन । विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्य परीक्षण गर्न अहिले मिल्दैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम परेका निवेदनउपर यदि माथिल्लो अदालतबाट यसरी विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्य परीक्षण गर्न लाग्ने हो भने नियमित अदालतको सुनुवाइ प्रक्रियामा अनुचित

हस्तक्षेप गरेको हुन जान्छ । विचाराधीन मुद्दामा सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार मुद्दाको सुनुवाइ हुँदाको अवस्थामा आरोपित कसुरको सम्बन्धमा प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गर्ने भएकोले कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कुरामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन । प्रस्तुत विवादको सन्दर्भमा निवेदकको थुना गैरकानूनी नदेखिएको र उक्त थुनालाई गम्भीर अन्यायपूर्ण परिणाम पैदा हुने प्रकृतिको कानून प्रतिकूलको थुना मान्न नमिल्ने ।

अतः सक्षम अदालतले न्यायिक प्रक्रियाअनुसार कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राखेको कार्यलाई बन्दीप्रत्यक्षीकरणको रिटबाट हस्तक्षेप गर्न मिल्ने देखिएन । निवेदकलाई तत्काल प्राप्त प्रमाणहरूको आधारमा अदालतबाट कानूनबमोजिम थुनछेकको आदेशबाट थुनामा राखिएको, अदालतले निजको सुनुवाइ गर्दा अपनाउनुपर्ने कानूनी प्रक्रिया अपनाएको र ती दुवै आदेश अधिकारक्षेत्र, कानूनी प्रक्रिया, संवैधानिक तथा कानूनी प्रावधान र न्यायको मान्य सिद्धान्तको कसीमा त्रुटिपूर्ण रहेको नदेखिएको तथा निवेदकको थुना गैरकानूनी, बदनियतपूर्ण र अनधिकृत हो भन्ने पुष्टि नभएको अवस्थामा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत (उपसचिव): यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७८ साल भदौ २८ गते रोज २ शुभम् ।

## ६४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७६-**WO**-०७२९, उत्प्रेषण/परमादेशसमेत, मंगल रोक्का वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंसमेत*

परमादेश भन्नाले सार्वजनिक कर्तव्य वहन गर्नुपर्ने दायित्व तोकिएको कुनै पनि व्यक्ति वा निकायले त्यस्तो दायित्व पूरा नगरेको कारण उनिहरूको नाउँमा कानूनबमोजिम गर्नुपर्ने कर्तव्य पूरा गर्नु भनी माथिल्लो अदालतबाट जारी गरिने आदेश हो । यो रिट जारी गर्न निवेदन मागबमोजिमको माग गर्न पाउने कानूनी अधिकार र जसको नाउँमा रिट जारी हुने हो, यस्तो व्यक्ति वा निकायसँग निवेदकले माग गरेअनुरूपको कार्य गर्नुपर्ने कानूनी दायित्व हुनुपर्दछ । यो उपचारात्मक प्रकृतिको विशेषाधिकार सम्पन्न रिट हो । यो रिट जारी हुन मौलिक हक प्रचलनको लागि, कानूनबमोजिमको कार्यसम्पादन गराउने प्रयोजनका लागि, संविधान वा कानूनद्वारा सुम्पिएका अन्य सार्वजनिक कर्तव्य निर्वाह गराउने प्रयोजनको लागि परमादेशको आदेश जारी हुन सक्दछ । सोअनुसार मिसिल संलग्न तथ्य एवं प्रमाणबाट यी निवेदकलाई असमान व्यवहार भएको भन्ने देखिएको र निजले सामान्यतः आफूले रोजेको कार्यालयमा समायोजन हुन पाउने अवस्था हुँदाहुँदै निजलाई समायोजन फारममा नरोजेको स्थानीय तह आठबिसकोट नगरपालिका रूकुममा समायोजन गरेको देखिनुका साथै उक्त समायोजन संशोधन गरिपाउँ भनी पटक पटक गुनासो निवेदन दिँदा समेत गुनासो सम्बोधन गरेको नदेखिएको यस स्थितिमा निवेदकले समायोजनको फाराममा भरेको प्राथमिकता क्रमअनुसारको कार्यालयसमेतमा समायोजन गर्न मिल्ने नै देखिँदा कानूनबमोजिम समायोजन तथा पदस्थापन गर्न परमादेशको आदेश जारी गर्नुपर्ने देखिनने ।

तसर्थ, निवेदकलाई सम्भव भएसम्म निजले समायोजनको लागि भरेको फाराममा उल्लिखित प्राथमिकता क्रममा रहेका कार्यालयहरूमा कर्मचारी समायोजन ऐन, २०७५ ले निर्धारण गरेको मापदण्डबमोजिम समायोजन गर्नुपर्नेमा सो नगरी आठबिसकोट नगरपालिका, रूकुममा समायोजन गर्ने गरी प्रत्यर्थी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६।३।१ को पत्रानुसार प्रत्यर्थी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।५।१३ को निर्णय र मिति २०७६।५।१५ को पत्रसमेत कार्यान्वयन हुन नसक्ने भई उक्त संवैधानिक तथा कानूनी व्यवस्थाविपरीत रहेको देखिँदा सोसम्बन्धी निर्णय, पत्राचार एवं काम कारबाही यी

निवेदकको हकमा सम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । निवेदकलाई आफूले रोजेको कार्यालयमा समायोजन हुन पाउने अधिकार संविधान र कानूनले प्रत्याभूत गरेको परिप्रेक्ष्यमा कर्मचारी समायोजन, ऐन २०७५ को उद्देश्य पनि दरबन्दी रिक्त भएको स्थानमा वा स्थायी ठेगाना भएको कार्यालयमा समायोजन गरी कर्मचारी व्यवस्थापन गर्ने नै रहेको हुँदा सो अनुसार आवश्यक समन्वय गरी निवेदकलाई ऐ. ऐनको दफा ८(१)(२) बमोजिम समायोजनका आधारहरू विचार गरी निवेदकले भरेको समायोजन फाराममा उल्लिखित प्राथमिकता क्रमअनुसारको कार्यालयमा क्रमशः कानूनबमोजिम समायोजन तथा पदस्थापन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः (उपसचिव) यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम् ।

६५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा**, *०७६-**WO**-०४३६, उत्प्रेषण / परमादेशसमेत, सुरेन्द्रकुमार महतो वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौंसमेत*

निवेदकले रिट निवेदनमा श्रीमान् श्रीमती एउटै सेवामा रहेको र हालसम्म एउटै प्रदेशमा कार्यरत भएकोमा श्रीमतीलाई चक्रघट्टा गाउँपालिका सर्लाहीमा समायोजन गरी आफूलाई प्रदेश नं.३ को मकवानपुर जिल्लाको बागमती गाउँपालिकामा पठाएको कुरा उठाएको पाइन्छ । निवेदकले निवेदनमा उठाएको निजको समायोजन कर्मचारी समायोजन ऐन, २०७५ को दफा ८(३) को प्रावधान विपरीत रहेको भन्ने निवेदन जिकिरका सन्दर्भमा हेर्दा, उक्त ऐनको दफा ८(३) मा "उपदफा (२) बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गरिने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । यसैगरी स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ मा सरूवाको आधारअन्तर्गत देहाय (ख) मा "रिक्त पद मिलेसम्म पति पत्नी दुवै सरकारी सेवामा रहेको एउटै जिल्लामा पठाउने गरी" भन्ने उल्लेख गरिएको देखिन्छ । उक्त नियमावलीको नियम ३१(ग) मा "महिला कर्मचारीको पतिसमेत सरकारी सेवामा रहेको भए सम्भव भएसम्म दम्पतीलाई एकै जिल्लामा पर्ने गरी सरूवा गरिने" भन्ने व्यवस्था गरेको देखियो । यस अवस्थामा पत्नीसमेत सरकारी सेवामा रहेको कारण एकै जिल्लामा पर्ने गरी समायोजन गरिपाउन निवेदकले माग दाबी लिनु स्वाभाविक र कानूनसम्मत नै देखिन आउँछ । निवेदककी श्रीमती पुनमकुमारी महतोलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०४।१६, च.नं.१६/०६/ स्वास्थ्य/ ९७६७(५१४६) को पत्रबाट प्रदेश नं.२ को सर्लाही जिल्ला अन्तर्गत चक्रघट्टा गाउँपालिकामा समायोजन भएको भन्ने पेस भएको निजको समायोजनपत्रबाट देखिन्छ । यसरी एउटै सेवाको एकै समूहमा कार्यरत यी निवेदकका पति पत्नीलाई जिल्ला मात्र नभएर प्रदेश नै फरक पर्ने गरी समायोजन गरेको विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।५।१३ को निर्णय एवं सोही मितिको पत्राचारलगायतका कार्य कानूनसम्मत नदेखिने ।

तसर्थ, निवेदकलाई अन्यायपूर्ण तरिकाले गरिएको समायोजनलाई स्वीकार गर्न सकिने अवस्था रहेन । उक्त समायोजन न्यायोचित नदेखिँदा निवेदक सुरेन्द्रकुमार महतोलाई विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७६।०५।१३ को च.नं.१६/०६/स्वास्थ्य/ २५७५३(२४४५) को पत्रबाट प्रदेश नं.३ अन्तर्गत मकवानपुर जिल्लाको बागमती गाउँपालिकामा गरिएको समायोजन पत्र र सोसँग भए गरेका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, निवेदकको हकमा समायोजनमा यथोचित व्यवस्थापन गर्नुपर्ने दायित्व विपक्षी निकायहरूको रहेको देखिँदा यी निवेदकको मागबमोजिम निजको पत्नी कार्यरत रहेको

जिल्लाअन्तर्गतको निवेदकले माग गरेको क्षेत्रभित्र पायक पर्ने ठाउँमा समायोजन तथा पदस्थापन गर्नेतर्फ आवश्यक व्यवस्था गर्नु भनी विपक्षी सामान्य प्रशासन मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नाममा परमादेश जारी गरिदिने।

इजलास अधिकृतः (उपसचिव) यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७८ साल माघ २ गते रोज १ शुभम्।

**६६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-**CR**-२६८६, कर्तव्य ज्यान, बलराम राना वि. नेपाल सरकार*

घटनास्थलमा टुक्रिएर छरिएको चुराको टुक्राहरू, चप्पल फेला पर्नु र घस्रिएको चिह्न देखिनुले प्रतिवादी र मृतकको बिचमा केही क्षण सङ्घर्ष भएको परिस्थितिलाई दर्शाउँछ । प्रतिवादीको मौका र सुरू अदालतको बयानमा प्रतिवादी र मृतकका बिच रूपैयाँ पैसाको विषयमा विवादको सुरूवात भई मृतकले झापड हानी लडाइ आफ्नो घाँटी दबाउन थालेको र छोड भन्दा नछोडेकोले मृतकले लगाएको चुन्नी(दोपट्टा) समाई ग्राबेलको डेढ/दुई किलोको ढुंगा समाती टाउकोमा ३/४ पटक हिर्काएँ भनी उल्लेख गरेबाट वारदात अप्रत्यासित वा अकस्मात घटेको भन्ने देखिन नआई विवाद र हात हालाहाल देखि ढुंगा हान्नेसम्म सिलसिलेवार रूपमा घटित भएको देखियो। साथै प्रतिवादीले मृतकको शरीरको अन्य भागमा प्रहार नगरी टाउको मात्रलाई लक्षित गरी डेढ/दुई किलोको ढुंगाले टाउकोको कन्चटतर्फको संवेदनशील भागसमेत **(temporal region)** मा पटक पटक प्रहार गर्दा र सलले घाँटी अँठ्याउँदा श्रीमती जिवीकाको मृत्यु हुन सक्छ भनी पूर्वअनुमान गर्ने क्षमता प्रतिवादीजस्तो सामान्य समझ भएको एक वयस्क व्यक्तिमा थिएन होला भनी अनुमान गर्ने कुनै आधारसमेत देखिन आउँदैन। मृतक आफूउपर आइलाग्दा चुन्नीले घाँटी दबाई ढुंगा प्रहार गर्नुअघि आफूले बच्न अन्य कुनै सामान्य प्रयास गरेको भनी प्रतिवादीले खुलाएको देखिएन। आफूलाई बचाउने प्रथम र अन्तिम प्रयास स्वरूप सलले घाँटी अँठ्याई लछार पछार पार्ने र पटक पटक ढुंगा प्रहार गरेबाट प्रतिवादीले होस पुऱ्याउँदा पुऱ्याँउदै सचेत भई कार्य गरेको मान्न नमिली मृतकमा तत्काल सिर्जित परिस्थितिले(आवेश) आपराधिक मनसाय पैदा गराएको देखिन्छ । प्रतिवादीले टाउको जस्तो संवेदनशील अङ्गमा पटक पटक प्रहार गरेको र मृतकको घाँटीमा लम्बाइ ७ इन्च, चौडाइ ११/२ इन्च भएको **U** आकारको कालो डाम देखिएबाट प्रतिवादीले सावधानीपूर्वक वा सचेत भई कार्य गरेको भन्ने परिस्थितिको अन्त्य भएको देखिनुका अतिरिक्त प्रतिवादीमा आपराधिक मनसाय थिएन होला भनी अनुमान गर्नसकिने अवस्थासमेत रहेन । त्यस्तै, घाँटी दबाइएको कारण निस्सासिएर (**Asphyxia due to strangulation)** वा टाउकोमा लागेको चोटको (**blunt trauma on the head)** कारण मृतकको मृत्यु भएको भनी शव परीक्षण प्रतिवेदनमा मृत्यको कारण खुलाइएबाट प्रतिवादीले सल(चुन्नी) ले घाँटी अठ्याई ढुंगा प्रहार गरेको कार्यबाट सिर्जित परिणाम अर्थात् मृतक जिवीकाको मृत्य भएको देखिँदा प्रतिवादीको कार्य र सो कार्यबाट सिर्जित परिणामको बिचमा तादात्म्यता रहेको देखिन आयो । यसरी माथि गरिएको घटना परिस्थितिको विश्लेषणबाट प्रतिवादीको आचरण र मृतक जिवीकाको मृत्युलाई भवितव्यपूर्वकको हत्याको रूपमा परिभाषित गर्ने अवस्था नरहने।

प्रतिवादी बलराम रानाले मौका र अदालतमा बयान गर्दा अप्रत्यासित र अकस्मात वारदात घटेको उल्लेख नगरी आफ्नो ढुंगा प्रहारसमेतको कारण श्रीमती जिवीका घाइते भई मृत्यु भएको हो भनी कसुर स्वीकार गरेको, प्रतिवादीका साक्षीसमेतले वारदात भवितव्यबाट घटित भएको भनी उल्लेख गर्न सकेको नदेखिएको एवम् प्रस्तुत मुद्दाको वारदात, भवितव्यपूर्वकको हत्यामा हुन आवश्यक सर्त र परिस्थिति प्रतिकूल घटित भएको देखिएबाट वारदात भवितव्यबाट घटेकोले भवितव्य कायम हुनुपर्छ भन्ने

पुनरावेदन जिकिर र विद्वान् वरिष्ठ अधिवक्तासमेतले गर्नुभएको बहससँग सहमत हुन नसकिने।

अतः पुनरावेदक प्रतिवादी बलराम रानालाई सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम प्रतिवादी बलराम रानालाई सर्वस्वको सजाय नहुने भएकाले जन्मकैदको सजाय हुने ठहर्छ। वारदात परिस्थिति र प्रतिवादीले न्यायिक प्रक्रियामा पुऱ्याएको सहयोगसमेत विचार गरी ऐनबमोजिमको सजाय न्यायको रोहमा चर्को पर्ने भनी सुरू कञ्चनपुर जिल्ला अदालतले प्रतिवादी बलराम रानालाई १०(दश) वर्ष कैद सजाय हुन व्यक्त गरेको रायसहितको फैसला सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७५।१०।२२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल पौष २५ गते रोज १ शुभम्।

## ६७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री तिलप्रसाद श्रेष्ठ**, *०७०-**CI**-१०५७, निजी गुठी नामसारी हाल साबिक, हिरा डंगोलसमेत वि. श्याम डंगोलसमेत*

भैरवनाथ गुठीका हामी सबै गुठियारको नाममा समेत कायम हुने गरी नामसारी कायम गरिदिनु हुन गुठियारको माइन्युट पेस गरेका छौँ भन्नेसमेत बेहोराको लिखित प्रतिवाद फिराएको पाइन्छ। यसरी प्रस्तुत मुद्दामा वादी प्रतिवादीबिचमा मुख नमिली सबुद प्रमाण बुझी विवादका विषयमा हक सुनिश्चित गर्नुपर्ने देखिन आयो। कुनै पनि मुद्दामा पक्ष विपक्षकाबिच मुख नमिली हक सुनिश्चित गर्नुपर्ने विषयको विद्यमानता रहेमा त्यो मुद्दामा हक बेहकको प्रश्न समावेश भएको मान्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा वादी र प्रतिवादी दुवै पक्षले विवादित जग्गामा आ-आफ्नो हक दाबी लिएको देखिँदा हक बेहकको प्रश्न सन्निहित रहेको पाइयो। मुलुकी देवानी कार्यविधि संहिताको दफा ७ मा "हक बेहकको प्रश्न अदालतबाट मात्र निरूपण हुने" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। उक्त कानूनी प्रावधान अनुसार हक बेहकमा सुनाउनुपर्नेमा नसुनाई वादीको नाममा नामसारी गर्ने गरी मालपोत कार्यालय, चावहिल काठमाडौंबाट भएको निर्णयलाई नै केही उल्टी गरी वादी र प्रतिवादीको नाममा संयुक्त नामसारी हाल साबिक हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनसम्मत रहेको नदेखिने।

तसर्थ, मालपोत कार्यालय चाबहिल, काठमाडौँले विवादित जग्गामा दुवै पक्षले हकदाबी गरेपछि हक बेहकमा जानु भनी ठहर गर्नुपर्नेमा सो नगरी वादीको नाममा एकलौटी नामसारी गर्ने गरी मालपोत कार्यालय, चाबहिल काठमाडौंबाट भएको निर्णयलाई नै केही उल्टी गरी वादी र प्रतिवादीको नाममा संयुक्त नामसारी हाल साबिक हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।०८।१६ मा भएको फैसला त्रुटिपूर्ण हुँदा बदर हुने।

इजलास अधिकृत: गगनदेव महतो

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ १० गते रोज ३ शुभम्।